निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/– Pages-8

वर्ष २०: अङ्क: २८५, वि.सं. २०८३, कार्तिक ८ गते, आइतवार, २५ अक्टोबर, २०२६ POSTAL REGD NO. WB/SKM/119/2024-2026 RNI NO.SIKNEP/2007/21386 25 OCTOBER, 2026, SUNDAY, GANGTOK

केरलका राज्यपालको शपथ ग्रहण समारोहमा मुख्यमन्त्री गोले सहभागी

गान्तोक, २४ अक्टोबर (हि.स.): मुख्यमन्त्री पीएस गोले शुक्रवार केरलको लोकभवनमा आयोजित ओमप्रकाश माथुरको राज्यपालका रूपमा शपथ ग्रहण समारोहमा सहभागी भए।

मुख्यमन्त्री गोलेले सामाजिक सञ्जालमार्फत माथुरलाई सम्मानित संवैधानिक पदको जिम्मेवारी सम्हालेकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गरेका छन्। उनले माथुरको व्यापक अनुभव, विशिष्ट सार्वजनिक सेवा तथा राष्ट्रप्रतिको समर्पणले आफ्नो जिम्मेवारी कुशलता, निष्ठा र इमानदारीका साथ निर्वाह गर्न निरन्तर मार्गदर्शन गर्ने विश्वास व्यक्त गरेका छन्।

मुख्यमन्त्री गोलेले माथुरको कार्यकाल सफल र उपलब्धिमूलक रहोस् भन्ने कामना गर्दै केरलका जनताको प्रगति, समृद्धि तथा कल्याणका लागि उनले अर्थपूर्ण योगदान पुऱ्याउने विश्वास पनि व्यक्त गरेका छन्।

मङ्गन जिल्ला प्रशासनद्वारा लाचेन र लाचुङमा संयुक्त निरीक्षण

मङ्गन, २४ अक्टोबर (आईपीआर): सिक्किम उच्च न्यायालयको निर्देशन अनुसार मङ्गनका जिल्लापाल तथा मेजिस्ट्रेट अनन्त जैनको नेतृत्वमा शनिवार लाचेन र लाचुङमा खोला–नाला (झोड़ा) तथा ढल निकास बिन्दुहरूको संयुक्त निरीक्षण गरियो।

यस निरीक्षण टोलीमा मङ्गनका एडीएम पेमा वाङ्चेन नामकार्पा, चुङथाङका एडीसी हेमसागर काफ्ले, एसडीएम अरुण छेत्री, बीडीओ जोना तार्गेन, आरडीडीका एई जोयल लामा, भूमि राजस्व विभागका आरओ केसाङ रिक्जिङ लेप्चा, लाचेन वन विभागका आरओ तेन्जिङ भोटिया, लाचुङ वन विभागका आरओ तेन्जिङ वाङ्याल लेप्चा, पीएचई विभागका जेई सोनाम जाङ्पो भोटिया, पिपन, लाचेन र लाचुङका एसएचओ तथा सम्बन्धित विभागका अन्य अधिकारी र कर्मचारीहरूको उपस्थिति थियो।

निरीक्षणको क्रममा हाल भइरहेको ढल प्रबन्धन अभ्यासहरूको मूल्याङ्कन गरियो र राज्यभरिका नदी तथा खोला–नालाहरूमा प्रशोधन नगरिएको फोहोर पानी (ढल) बग्न नदिन अपनाउनुपर्ने उपायहरूको पहिचान गरियो। टोलीले लाचेन र लाचुङ दुवै ठाउँमा खोला–नाला र ढल निकास बिन्दुहरूको जाँच गऱ्यो। यस कार्यको मुख्य उद्देश्य हालको ढल प्रबन्धन प्रणालीको अवस्था बुझ्नु र यी दुई क्षेत्रमा फोहोर पानीको प्रभावकारी प्रबन्धनका लागि उपयुक्त उपाय पहिचान गर्नु थियो।

जिल्लापालले पर्याप्त जमिन उपलब्ध भएका होटलहरूमा 'सोक पिट' (जमिनभित्र पानी सोसिने खाड़ल वा इन्फिल्ट्रेशन पिट) निर्माण गर्न सुझाउ दिए। साथै, जमिनको उपलब्धता र सम्बन्धित प्रतिष्ठानहरूको आवश्यकतालाई ध्यानमा राख्दै आवश्यक परेका ठाउँहरूमा सेप्टिक ट्याङ्क निर्माण गर्न पनि उनले सिफारिश गरे।

पिपनहरूले फोहोर पानीको प्रभावकारी प्रबन्धन सुनिश्चित गर्न र ढल निकाससम्बन्धी समस्याहरू समाधान गर्न आ–आफ्नो क्षेत्रमा उपयुक्त ढल प्रबन्धन प्रणाली अपनाउनुपर्ने आवश्यकतामाथि जोड़ दिए। यसका साथै, मङ्गनका जिल्लापालले २१ अक्टोबरमा लाचुङमा भएको घर आगलागीबाट प्रभावित परिवारलाई राहत स्वरूप आर्थिक सहयोग हस्तान्तरण गरे। यो सहयोग जिल्ला प्रशासनद्वारा प्रभावित परिवारलाई तत्काल राहतका रूपमा प्रदान गरिएको हो।

१३औँ वाहिनी आईटीबीपीमा हर्षोल्लासका साथ ६५औँ स्थापना दिवस पालन

गान्तोक, २४ अक्टोबर (हि.स.): भारत–तिब्बत सीमा पुलिस बल (आईटीबीपी)–को ६५औँ स्थापना दिवसका अवसरमा सिक्किमको लिङ्दुमस्थित १३औँ वाहिनीमा उत्साह र गरिमामय वातावरणमा समारोह आयोजन गरियो।

यस अवसरमा १३औँ वाहिनीका द्वितीय कमान तथा कमान अधिकारी राजेन्द्र सिंह राजपूतले परेडको सलामी ग्रहण गर्दै वाहिनीका सम्पूर्ण अधिकारी, हिमवीर तथा उनीहरूका परिवारजनलाई बल स्थापना दिवसको हार्दिक बधाई तथा शुभकामना व्यक्त गरे।

स्थापना दिवसको अवसरमा वाहिनी मुख्यालयसहित सबै अग्रिम चौकीहरूमा सामूहिक भोज आयोजन गरियो। यस कार्यक्रमले हिमवीरहरूबीच आपसी भाइचारा, एकता तथा पारिवारिक सद्भावको भावनालाई थप सुदृढ़ बनाएको प्रेस विज्ञप्तिमा उल्लेख छ।

मुख्यमन्त्री गोले र मनोनीत राज्यपाल माथुरको श्री पद्मनाभस्वामी मन्दिरको दर्शन

गान्तोक, २४ अक्टोबर (हि.स.): मुख्यमन्त्री पीएस गोलेले केरलका लागि मनोनीत राज्यपाल ओमप्रकाश माथुरसँग केरलको तिरुवनन्तपुरमस्थित पवित्र श्री पद्मनाभस्वामी मन्दिरमा दर्शन तथा पूजा–अर्चना गरेका छन्।

मुख्यमन्त्री गोलेले हिजो सामाजिक सञ्जालमार्फत मन्दिरमा दर्शन गर्न पाउनु आफ्नो लागि सम्मानपूर्ण र सौभाग्यपूर्ण अनुभव रहेको बताएका छन्। उनले भगवान् श्री पद्मनाभस्वामीको पूजा गरी दिव्य आशीर्वाद प्राप्त गर्न पाउँदा आफूलाई धन्य महसुस भएको उल्लेख गरेका छन्।

यस पवित्र अवसरमा मुख्यमन्त्रीले सिक्किमका जनताको शान्ति, समृद्धि र कल्याणका साथै राज्यको निरन्तर प्रगति, सुख र सद्भावका लागि प्रार्थना गरेको बताएका छन्। उनले भगवान् श्री पद्मनाभस्वामीको दिव्य कृपाले सिक्किमका जनताको सदैव मार्गदर्शन र रक्षा गरिरहोस् तथा सबैको जीवनमा आशा, शान्ति र समृद्धि छाइरहोस् भन्ने कामनासमेत व्यक्त गरेका छन्।

सोमहाङ लिम्बू स्मृति खुल्ला फुटसल तथा दशहरा कप प्रतियोगिताको फाइनल खेल आज

गेजिङ, २४ अक्टोबर: गेजिङ जिल्लाको याङ्थाङ समष्टिअन्तर्गत लोअर लाङ्गाङमा आयोजित सोमहाङ लिम्बू स्मृति खुल्ला फुटसल तथा दशहरा कप खेल प्रतियोगिताको शनिवार अन्तिम सेमिफाइनल खेल सम्पन्न भएको छ। गत १५ अक्टोबरदेखि शुरु भएको प्रतियोगिताको आज सम्पन्न भएको खेलमा इन्टरनिटी एफसी र रेसाम गाउँ फाइनलमा प्रवेश गरेका छन्। प्रतियोगिताको आजको खेलमा समष्टिस्तरीय एसकेएम पार्टीका अध्यक्ष टाशी वाङ्ग्याल भोटिया मुख्य अतिथिका रूपमा उपस्थित थिए। उनीसँगैं भूतपूर्व शिक्षकगण तथा स्थानीय विभिन्न व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

दशैँको पावन अवसरलाई लक्षित गरी आयोजन गरिएको यस प्रतियोगिताले स्थानीय युवाहरूलाई खेलकुदप्रति आकर्षित गर्नुका साथै उनीहरूमा आपसी सद्भाव, एकता र भाइचाराको भावना विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने आयोजकले बताएको छ। यस्ता खेलकुद कार्यक्रमले स्थानीय स्तरमा लुकेर रहेका प्रतिभाहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै युवाहरूलाई सकारात्मक गतिविधिमा सहभागी हुन प्रेरित गर्ने विश्वास पनि लिइएको छ।

प्रतियोगितामा विभिन्न स्थानका टोलीहरूले सहभागिता जनाएका छन्। कुल २८ वटा टोलीले प्रतिस्पर्धा गरेको यस प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै फाइनल चरणका लागि इन्टरनिटी एफसी र रेसामगाउँ टोली छनोट भएका छन्। यी दुई टोलीबीचको फाइनल भिड़न्त भोलि हुनेछ। ➡रहल पृष्ठ ७ मा

सिक्किमका नवनियुक्त राज्यपाल दुष्यन्त गौतमद्वारा उपराष्ट्रपति सीपी राधाकृष्णनसँग शिष्टाचार भेट

गान्तोक, २४ अक्टोबर (हि.स.): सिक्किमका नवनियुक्त राज्यपाल दुष्यन्त गौतमले शुक्रवार नयाँ दिल्लीमा भारतका उपराष्ट्रपति सीपी राधाकृष्णनसँग शिष्टाचार भेट गरेका छन्। लोक भवनका अनुसार, राज्यपालका रूपमा आफ्नो नयाँ संवैधानिक जिम्मेवारी सम्हालेपछि उपराष्ट्रपतिसँग राज्यपाल गौतमको यो पहिलो औपचारिक भेट हो। भेटको क्रममा राज्यपाल गौतमले सिक्किम राज्यको दिगो विकास तथा जनकल्याणका क्षेत्रमा भइरहेको प्रगतिसँग सम्बन्धित विभिन्न विषयमा उपराष्ट्रपति राधाकृष्णनबाट मार्गदर्शन प्राप्त गरे।

इडेन अस्पतालमा नर्समाथि आक्रमणः विभिन्न सङ्गठनद्वारा विरोध

दार्जीलिङ, २४ अक्टोबर: दार्जीलिङको इडेन अस्पतालको सीसीयूमा गत २१ अक्टोबरको बिहान दुई नर्समाथि भएको प्राणघातक आक्रमणप्रति घूम जोरबङ्ग्लो पिपल्स अर्गनाइजेशनले गम्भीर आपत्ति जनाएको छ। सङ्गठनका अध्यक्ष साङ्गे डुक्पा र महासचिव ढेण्डुप वाङ्दीले पत्रकार सम्मेलनमार्फत घटनालाई गम्भीरतापूर्वक लिँदै यसको निष्पक्ष छानबिन गरी दोषीमाथि कानूनअनुसार कड़ा कारबाही गर्न माग गरेका छन्।

सङ्गठनले ड्युटीमा खटिएका नर्स, चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीमाथि हुने हिंसा कुनै पनि हालतमा स्वीकार्य नहुने बताउँदै अस्पतालका सबै वार्डमा सुरक्षा व्यवस्थालाई मजबुत बनाउन सम्बन्धित निकायसँग आग्रह गरेको छ। स्वास्थ्यकर्मीले निर्भय र सुरक्षित माहोलमा बिरामीको सेवा गर्न पाउनुपर्नेमा पनि सङ्गठनले जोड़ दिएको छ।

यसैगरी नर्सहरूमाथि भएको आक्रमणको इण्डियन गोर्खा जनशक्ति फ्रण्टले घोर निन्दा गरेको छ। सङ्गठनले घटनामा घाइते भई उपचाररत नर्सहरूसँग भेटघाट गर्दै उनीहरूको पक्षमा दृढ़तापूर्वक उभिने र न्यायका लागि आवाज उठाउने प्रतिबद्धता व्यक्त गरेको छ।

उपचाररत नर्सहरूसँगको भेटपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै सङ्गठनका प्रतिनिधिहरूले जस्तोसुकै उक्साहट भए पनि स्वास्थ्यकर्मीमाथि हुने हिंसा कुनै पनि हालतमा स्वीकार्य नहुने बताए। उनीहरूले घटनामा संलग्न दोषीमाथि कानूनअनुसार कड़ा कारबाही गर्नुपर्ने माग गरे।

दार्जीलिङ पहाडमा कुनै पनि प्रकारको गुण्डागर्दी सहन नगरिने स्पष्ट पार्दै सङ्गठनले स्वास्थ्यकर्मीहरूको सुरक्षा सुनिश्चित गर्न तथा पीड़ित नर्सहरूलाई न्याय दिलाउन सम्बन्धित निकायसँग माग गरेको छ।

घटनामा घाइते नर्सहरू प्रभा छेत्री र लक्ष्मी राई हाल अस्पतालमै उपचाररत छन्। अस्पतालमा भर्ना भएका बतासेका २१ वर्षीय साजल राईले सीसीयूभित्र ड्युटीमा खटिएका नर्सहरूमाथि आक्रमण गरेको बताइएको छ।

घटनाबारे जानकारी पाएपछि दार्जीलिङ विधानसभा क्षेत्रका विधायक नोमन राई अस्पताल पुगे। उनले सीसीयूको निरीक्षण गर्दै अस्पतालका कर्मचारीहरूसँग कुराकानी गरे र घाइते नर्सहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिए। साथै, उनले पीड़ित नर्स र उनीहरूका परिवारलाई आवश्यक सहयोग गर्ने

विधायक नोमान राईद्वारा पीड़ितहरूलाई न्याय दिलाउने आश्वासन

दार्जीलिङ, २४ अक्टोबर: दार्जीलिङ जिल्ला अस्पतालको क्रिटिकल केयर युनिट (सीसीयू)–भित्र २१ अक्टोबरको करिब दुई बजी दुईजना नर्समाथि भएको हिंसात्मक आक्रमणपछि स्वास्थ्यकर्मीहरूको सुरक्षालाई लिएर गम्भीर चिन्ता बढ़ेको छ।

अस्पतालको भर्ना अभिलेखअनुसार, बतासेका २१ वर्षीय साजल राई अस्पतालमा भर्ना भएको केही समयपछि सीसीयू वार्डभित्र उग्र बनेका थिए। उनले ड्युटीमा खटिएका नर्सहरूमाथि कथित रूपमा निर्मम आक्रमण गरेका थिए। आक्रमणमा गम्भीर घाइते भएका नर्सहरू प्रभा छेत्री र लक्ष्मी राई हाल अस्पतालको सीसीयूमा उपचाररत छन्।

घटनाको जानकारी प्राप्त हुनासाथ दार्जीलिङ विधानसभा क्षेत्रका विधायक नोमान राई घटनाको अवस्था बुझ्न दार्जीलिङ जिल्ला अस्पताल पुगे। अस्पताल भ्रमणको क्रममा उनले सीसीयू वार्डको निरीक्षण गरे, अस्पतालका कर्मचारीहरूसँग कुराकानी गरे तथा घाइते नर्सहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिए। उनले घाइते नर्स र उनीहरूका परिवारलाई पूर्ण सहयोग गर्ने आश्वासन दिए।

तत्काल पहल गर्दै विधायक राई त्यसपछि ➡रहल पृष्ठ ७ मा

आश्वासन दिए। त्यसपछि विधायक राई दार्जीलिङ सदर थानामा पुगेर अनुसन्धानमा संलग्न पुलिस अधिकारीहरूसँग भेट गरे। उनले घटनाको निष्पक्ष तथा विस्तृत अनुसन्धान गरी दोषीमाथि कड़ा कानुनी कारबाही गर्न माग गरे।

सञ्चारकर्मीसँग कुरा गर्दै विधायक राईले नर्सहरूमाथि भएको आक्रमणको निन्दा गर्दै पीड़ितहरूलाई न्याय दिलाउन आफू प्रतिबद्ध रहेको बताए। उनले सरकारी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूको सुरक्षा र मर्यादा सुनिश्चित गर्नुपर्नेमा जोड़ दिए।

१२औँ अवतारी ग्याल्साब रिम्पोछेको दर्शन गर्न भक्तजनको घुइँचो

गोरुबथान, २४ अक्टोबर: अम्बियोक चियाबारीस्थित बुद्ध प्रतिमा स्थलमा परमपूज्य १२औँ अवतारी ग्याल्साब रिम्पोछेको दर्शन गर्न शनिवार भक्तजनको उपस्थिति रहेको थियो। यस अवसरमा परमपूज्य रिम्पोछेको करकमलबाट अमिताभ बुद्धको प्रतिमामा विधिपूर्वक पूजा अर्चना सम्पन्न गरियो। धार्मिक आस्था र श्रद्धासँग जोड़िएको यस अवसरमा भक्तजनले परमपूज्य रिम्पोर्छेको दर्शन गरी आशीर्वाद ग्रहण गरेका थिए। यसैबीच, आगामी २८ सेप्टेम्बरको दिन लाभास्थित काग्युथेकछेलिङ गुम्बामा परमपूज्य ग्याल्साब रिम्पोछेका बाहुलीबाट छेवाङ (आयु अभिषेक) वितरण गरिने जानकारी गुम्बा व्यवस्थापन पक्षले दिएको छ। उक्त धार्मिक कार्यक्रममा सहभागी भई छेवाङ ग्रहण गर्न गुम्बा व्यवस्थापन पक्षले सम्पूर्ण श्रद्धालु भक्तजनलाई हार्दिक निमन्त्रणा गरेको छ।

राष्ट्रिय राजमार्ग-११० लाई एनएचआईडीसीएलबाट फिर्ता ल्याउन माग, सांसद विष्टलाई ज्ञापन

सोनादा, २४ अक्टोबर (हि.स.): राष्ट्रिय राजमार्ग–११० को शून्यदेखि ७७ किलोमिटरसम्मको ठेकेदार समूहका सदस्यहरूले दार्जीलिङका लोकसभा सांसद राजु विष्टसँग औपचारिक भेटघाट गरेका छन्। भेटघाटको क्रममा संयुक्त कार्य समिति (जोइन्ट एक्शन कमिटी)–का प्रमुख संयोजक शरण देवानले सांसद विष्टसमक्ष मागपत्र बुझाए। राष्ट्रिय राजमार्ग पूर्वाधार विकास निगम लिमिटेड (एनएचआईडीसीएल) अन्तर्गत काम गर्दा स्थानीय ठेकेदारहरूले विभिन्न समस्याको सामना गर्नुपरेको भन्दै राष्ट्रिय राजमार्ग–११० को करिब ७७ किलोमिटर सड़क खण्डलाई एनएचआईडीसीएलबाट हटाएर पुनः राष्ट्रिय राजमार्गअन्तर्गत ल्याउन माग गरिएको छ।

सांसद राजु विष्टले उक्त विषयलाई गम्भीरतापूर्वक लिएको बताइएको छ। उनले सम्बन्धित विभागीय अधिकारीहरूसँग चर्चा गरी उक्त सड़क खण्डलाई चाँड़ै राष्ट्रिय राजमार्गअन्तर्गत हस्तान्तरण गर्ने पहल गर्ने आश्वासन दिएका छन्।

सियाङ जलविद्युत् परियोजनाको विरोधमा हिंसा

पासिघाटको थाना र एनएचपीसी कार्यालयमा आगलागी

पेमा खाण्डुले युवा सङ्गठनहरूलाई वार्ताका लागि बोलाए

पासिघाट, २४ अक्टोबर (हिस): अरुणाचल प्रदेशमा प्रस्तावित सियाङ अप्पर बहुउद्देशीय जलविद्युत परियोजनाको विरोधमा पासिघाटमा हिंसा भड्किएको छ। प्रदर्शनकारीहरूले पुलिस थाना, एनएचपीसी कार्यालय एवं पुलिस तथा सुरक्षा बलहरूका सात वटा वाहनमा आगो लगाइदिए। हिंसा अवधि धेरै जना सुरक्षाकर्मीहरू पनि घाइते भएको बताइएको छ।

उल्लेखनीय छ, यस परियोजनाको विरोधमा धेरै वटा सङ्गठनहरूले शुक्रवार सियाङ, पूर्वी सियाङ र अप्पर सियाङ जिल्लाहरूमा बन्दको आह्वान गरेका थिए। विभिन्न क्षेत्रहरूमा बन्दको व्यापक प्रभाव देखिए पनि शुरुमा पासिघाट यसबाट अप्रभावित रह्यो। तीनै जिल्लाहरूमा बन्दको कार्यक्रम साँझ ५ बजे समाप्त भयो, तर पूर्वी सियाङ जिल्लाको पासिघाटमा भने तनाउ कायम रह्यो।

जानकारी अनुसार राणाघाट तिनियालीमा प्रदर्शनकारीहरूले पुलिस र सुरक्षा बलका धेरैवटा वाहनहरूमा आगो लगाइदिए। सुरक्षाकर्मीहरूले प्रदर्शनकारीहरूलाई रोक्ने प्रयास गर्दा भीड़ले तिनीहरूमा ढुङ्गा हान्यो। उक्त घटनामा धेरै जना सुरक्षाकर्मीहरू गम्भीर घाइते भए। स्थिति बिग्रँदै जाँदा पुलिस र सुरक्षा बलहरूले प्रदर्शनकारीहरूलाई तितर-बितर पार्न अश्रु ग्याँसको गोला दागे। यसबीच प्रदर्शनकारीहरूले पासिघाट पुलिस चौकी र एनएचपीसीको अस्थायी कार्यालयमा पनि आगो लगाइदिए। पुलिसका सात वटा वाहनमा आगो लगाइदियो। पासिघाट जनरल अस्पताल अगाडि पनि स्थिति तनाउपूर्ण रह्यो। घटनापछि प्रशासनले उक्त क्षेत्रमा सुरक्षाको कड़ा व्यवस्था गरेको छ। स्थितिलाई नियन्त्रण गर्न सुरक्षा बलहरूको तैनाथीलाई बढाइएको छ।

पेमा खाण्डुले युवा सङ्गठनहरूलाई वार्ताका लागि बोलाए

अरुणाचल प्रदेशका मुख्यमन्त्री पेमा खाण्डुले प्रस्तावित ११,२०० मेगावाटको सियाङ अप्पर बहुउद्देशीय परियोजनालाई लिएर बढ्दो विरोधको बीचमा आदि बाने केबाङ्ग (एबीके) युवा सङ्घ र युवा सङ्घलाई प्रत्यक्ष वार्ताको लागि आमन्त्रित गरेका छन्। यस परियोजनालाई लिएर उत्पन्न तनाउलाई सम्बोधन गर्ने र स्थानीय समुदायको चिन्ता बुझ्ने सरकारको उद्देश्य रहेको छ। मुख्यमन्त्रीले यो कदम आदि सामुदायका विभिन्न सङ्गठनहरूले आह्वान गरेको १२ घण्टाको बन्दपछि उठाएका छन्। बन्दको कारण पूर्वी सियाङ, सियाङ र माथिल्लो सियाङ जिल्लामा सामान्य जनजीवन प्रभावित भएको छ। यसैबीच दिते-डिमे क्षेत्रमा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच तनाउपूर्ण अवस्था उत्पन्न भएको छ। सुरक्षाकर्मीहरूले ब्यारिकेड तोड्न प्रयास गरिरहेका प्रदर्शनकारीहरूलाई तितर-बितर पार्न अश्रु ग्याँसको गोला दागे।

खाण्डुले परियोजनाको वर्तमान अवस्थाबरे स्पष्ट पार्दै भने, यो केवल पूर्व-व्यवहार्यता रिपोर्ट (पीएफआर) चरणमा छ। उनले बताए, हाल प्राविधिक व्यवहार्यताको मूल्याङ्कन गर्न चट्टानको नमुना सङ्कलन भइरहेको छ। यस स्तरमा बाँध निर्माण वा कृषि भूमि, वनभूमि वा निजी जग्गाको अधिग्रहणवारे कुनै छलफल भएको छैन। मुख्यमन्त्रीले घोषणा गरे, महिनाभरि नै उनले सियाङ क्षेत्रको नियमित भ्रमण गर्नेछन् अनि स्थानीय जनतासँग अन्तरक्रिया गर्नेछन्। भनले भने, यस परियोजनालाई लिएर क्षेत्रका जनतामा गलत सूचना फैलाइरहेको छ। खाण्डुले आश्वासन दिए, यदि परियोजना वास्तविक बाँध निर्माणको चरणमा पुग्यो भने कानुनी र संवैधानिक प्रावधानहरू अनुरूप सार्वजनिक परामर्शको प्रक्रिया पूरा गरिनेछ। तथापि परियोजनाको विरोध गरिरहेका सङ्गठनहरूले आफ्नो धारणालाई कायम राखेका छन्। सियाङ आदिवासी किसान फोरम (एसआईएफएफ) र एबीके यूनाइटेड यूथ विङ्गले सरकारले आश्वासन दिएको भए पनि आन्दोलनलाई जारी राख्ने सङ्केत दिएको छ। राज्य सरकारले अक्टोबर १३- मा एफआईआर फिर्ता लिने, हिरासतमा रहेका युवाहरूलाई रिहा गर्ने तथा सुरक्षा बलको तैनाथीलाई घटाउने आश्वासन दिएको थियो। यसैबीच अरुणाचल प्रदेश कङ्ग्रेस कमिटीले प्रदर्शनकारीहरूलाई समर्थन गर्दै पुलिसको कारबाहीको स्वतन्त्र जाँच गर्ने माग गरेको छ। यस परियोजनासँग सम्बन्धित सर्वेक्षणलाई तत्काल रोक्न पनि पार्टीले माग गरेको छ।

सीटीआईले राहुल गान्धीलाई रामलीला मैदानको ऱ्याली स्थगित गर्न पत्र लेख्यो

नयाँ दिल्ली, २४ अक्टोबर (हिस): व्यापारीहरूको शीर्ष सङ्गठन चेम्बर अफ ट्रेड एन्ड इन्डस्ट्री (सीटीआई) ले कङ्ग्रेस नेता राहुल गान्धीलाई पत्र लेख्दै नोभेम्बर १ मा दिल्लीको रामलीला मैदानमा प्रस्तावित कङ्ग्रेसको ऱ्याली स्थगित गरी नोभेम्बर १० पछि आयोजना गर्न माग गरेको छ। सीटीआईका अध्यक्ष बृजेश गोयलले पत्रमा धनतेरस, दीपावली तथा भैयादूजजस्ता पर्वको मुख्य व्यापारिक समयमा र्यालीका कारण हुने यातायात मार्ग परिवर्तन र पुलिसको अवरोधका कारण दिल्लीको करिब १० हजार करोड़ रुपियाँको व्यापार प्रभावित हुन सक्ने बताएका छन्। दिल्लीका व्यापारीहरू वर्षकै सबैभन्दा व्यस्त व्यापारिक मौसमको तयारीमा जुटेका छन्।

नोभेम्बर ६ मा धनतेरस, नोभेम्बर ८ मा दीपावली र नोभेम्बर १० मा भैयादूज मनाइनेछ। सामान्यतया मानिसहरूले धनतेरसको एक साताअघिदेखि नै किनमेल शुरु गर्छन्। धनतेरसको दिन मात्रै दिल्लीमा सुनचाँदी, विद्युतीय सामग्री, कपड़ा, मोटरगाडी, भाँडाकुँडा, मिठाई तथा उपहारलगायतका क्षेत्रमा करिब २५ हजार करोड़ रुपियाँको कारोवार हुने अनुमान छ। यो दिल्लीको अर्थतन्त्रको प्रमुख आधार हो। सीटीआईको आकलनअनुसार, कनाट प्लेस, इन्डिया गेट तथा मध्य दिल्ली क्षेत्रमा लगातार भइरहेका ऱ्याली, जुलुस र सड़क बन्दका कारण दिल्लीका व्यापारीहरूले यसअघि नै करिब तीन हजार करोड रुपियाँको नोक्सानी बेहोर्नुपरेको छ। थोक बजारमा बाहिरबाट सामान आउन बन्द भएको थियो भने खुद्रा ग्राहकहरू बजारसम्म पुग्न सकेका थिएनन्। रामलीला मैदानको पाँच किलोमिटरको दायराभित्र चाँदनी चोक, सदर बजार, चावडी बजार, भागीरथ प्यालेस, खारी बावली, कश्मीरी गेट, करोल बाग र लाजपत राय मार्केटसहित २० वटा ठूला थोक तथा खुद्रा बजार रहेका छन्। यी बजारबाट देशभर सामान आपूर्ति गरिन्छ। र्यालीका क्रममा यातायात मार्ग परिवर्तन, मेट्रो स्टेसन बन्द र पुलिसको अवरोधका कारण यी बजारको कारोवार पूर्ण रूपमा ठप्प हुन सक्ने सङ्गठनले जनाएको छ। पत्रमा रामलीला मैदाननजिकै पुरानो दिल्ली र नयाँ दिल्ली रेलवे स्टेसन रहेको उल्लेख गर्दै यहाँबाट दैनिक लाखौँ व्यापारी तथा खरिदकर्ता आवतजावत गर्ने बताइएको छ। सड़क बन्द र अत्यधिक भीड़का कारण बाहिरबाट आउने खरिदकर्ताहरू दिल्ली आउनबाट हिचकिचाउने र त्यसले चाड़पर्वको व्यापारमा प्रत्यक्ष असर पार्ने सीटीआईको भनाइ छ। व्यापारी सङ्गठनले सबैको शान्तिपूर्ण विरोध तथा लोकतान्त्रिक अधिकारको पूर्ण सम्मान गर्ने स्पष्ट पार्दै व्यापारी र अर्थतन्त्रको हितलाई ध्यानमा राखेर धनतेरस, दीपावली तथा भैयादूजसम्म मुख्य बजार क्षेत्रमा ठूला ऱ्याली आयोजना नगर्न अपिल गरेको छ। राजनीतिक दलहरूले व्यापारीहरूको समस्यालाई बुझ्ने विश्वास पनि सीटीआईले व्यक्त गरेको छ।

आगामी वर्षदेखि दुर्गा पूजामा लामो विदा दिइने छैन

कोलकाता, २४ अक्टोबर (हिस): पश्चिम बङ्गालका स्वास्थ्य मन्त्री शारद्वत मुखोपाध्यायले एउटा ठूलो र ऐतिहासिक निर्णय लिँदै राज्यका सरकारी अस्पतालहरूमा चल्दै आएको दशकौँ पुरानो छुट्टीको परम्परालाई अन्त्य गर्ने घोषणा गरेका छन्। आगामी वर्षको दुर्गा पूजाबाट सरकारी अस्पतालहरूका कुनै पनि कर्मचारीले षष्ठीदेखि कोजागरी लक्ष्मी पूजा (लगभग १० दिन) सम्म लामो बिदा पाउने छैनन् भनी उनले स्पष्ट पारे। गए शुक्रवार राति स्वास्थ्यमन्त्रीले बल दिँदै भने, स्वास्थ्य विभाग राज्यका अन्य सामान्य सरकारी विभागहरू जस्तो नभई यो अत्यन्त आवश्यक र आपतकालीन सेवा हो जुन जनताको जीवनसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ। सन् १९४७- मा स्वतन्त्रता पाएदेखि नै राज्यमा यो अघोषित परम्परा नै बनिएको थियो कि षष्ठी लाग्नसाथ कार्यालय र अस्पतालहरूमा छुट्टी शुरु हुन्थ्यो जुन सिलसिला लक्ष्मी पूजासम्म यथावत रहन्थ्यो। शारद्वत मुखोपाध्यायले कड़ा शब्दमा भने, ''षष्ठीदेखि लक्ष्मी पूजासम्म बिदा लिने यो पुरानो प्रथालाई अब सदाको लागि बन्द गर्नुपर्छ। यति लामो समयदेखि जुन परम्परा चलिरहेको थियो, त्यो अब चल्नेछैन। अर्को वर्षदेखि सप्तमी, अष्टमी, नवमी र दशमी, चार मुख्य पूजा दिवसको लागि मात्र विशेष ड्युटी रोस्टर तयार गरिने उनले बताए।

यसै वर्ष पनि यसै नयाँ प्रणालीलाई लागू गर्दै मन्त्रीले आदेश दिएका छन्, बिदामा रहेका मानिसहरूको बिदालाई तत्काल प्रभावबाट रद्द गरिएको छ भने उनीहरूलाई काममा फर्किन निर्देशन दिइएको छ। मेडिकल कलेजका शिक्षक, प्रिन्सिपल, एमएसभीपी, गैर-मेडिकल सुप्रिटेन्डेन्टदेखि लिएर सफाई कर्मचारीहरू सबै अन्य सरकारी विभाग जस्तै काममा फर्किएकोमा उनले सन्तुष्टि व्यक्त गरे। यसबाहेक स्वास्थ्यमन्त्रीले सरकारी अस्पतालमा कर्मचारीको उपस्थितिको लागि 'विशेष रोस्टर' प्रणालीको विवरण पनि दिए। यसपलि चार दिनको पूजाको लागि रोस्टर लागु गरिएको उनले बताए। अर्को वर्षदेखि सप्तमी, अष्टमी, नवमी र दशमीमा गैर-चिकित्सा कर्मचारीहरूको सङ्ख्या ५० प्रतिशतमा राखिने छ। तर डाक्टर र नर्सहरूका लागि त्यस्तो कुनै ड्युटी रोस्टर हुने छैन, उनले स्पष्ट पारे। उनीहरूले अस्पतालको आवश्यकता र आपतकालीन अवस्था अनुसार आफ्नो कर्तव्य पालन गर्नुपर्नेछ अनि उनीहरूको बिदा पूर्वनिर्धारित हुने छैन।

डा.सज्जन सिंह यादव जम्मू-कश्मीरका नयाँ मुख्य सचिव नियुक्त

नयाँ दिल्ली, २४ अक्टोबर (हिस): केन्द्र सरकारले भारतीय प्रशासनिक सेवा (आईएएस) का सन् १९९५ ब्याचका अधिकारी डा.सज्जन सिंह यादवलाई जम्मू-कश्मीरको नयाँ मुख्यसचिव नियुक्त गरेको छ। उनले अटल डुल्लूको स्थान लिनेछन्। उनको नियुक्ति नोभेम्बर १ देखि वा उनले कार्यभार सम्हालेको मितिदेखि लागू हुनेछ। केन्द्रिय गृह मन्त्रालयले शुक्रवार जारी गरेको आदेशअनुसार, अरुणाचल प्रदेश-गोवा-मिजोरम तथा केन्द्रशासित प्रदेश (एजीएमयूटी) क्याडरका अधिकारी यादवलाई दिल्लीबाट जम्मू-कश्मीर सरुवा गरिएको हो। यादव हाल दिल्ली जल बोर्डका प्रमुख कार्यकारी अधिकारी (सीईओ) का रूपमा कार्यरत छन्। उनी दिल्ली सरकारमा अतिरिक्त मुख्य सचिवको पदमा पनि छन्। जून २०२६ देखि उनले अतिरिक्त मुख्यसचिव (उद्योग) तथा दिल्ली राज्य औद्योगिक एवं पूर्वाधार विकास निगम (डीएसआईआईडीसी) का अध्यक्षको अतिरिक्त जिम्मेवारीसमेत सम्हाल्दै आएका छन्।

यसअघि यादवलाई केन्द्र सरकारमा सचिव वा समकक्षको पदमा नियुक्तिका लागि सूचीकृत गरिएको थियो। ३१ मार्च, २०२६ मा उनलाई वित्त मन्त्रालयको व्यय विभागमा विशेष सचिवका रूपमा पदोन्नति गरिएको थियो। यद्यपि, ३ जून, २०२६ मा उनलाई उनको मूल क्याडरमा फिर्ता पठाइएको थियो। जम्मू-कश्मीरका वर्तमान मुख्य सचिव अटल डुल्लूको विस्तारित कार्यकाल समाप्त हुन लागेको समयमा यादवको नियुक्ति भएको हो। सन् १९८९ ब्याचका आईएएस अधिकारी डुल्लूको स्थानमा यादवले अब यस केन्द्रशासित प्रदेशको सर्वोच्च प्रशासनिक जिम्मेवारी सम्हाल्नेछन्।

भाजपाका राष्ट्रिय महासचिव विनोद तावड़े अयोध्या पुगे

अयोध्या, २४ अक्टोबर (हिस): भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय महासचिव एवं उत्तर प्रदेश प्रभारी विनोद तावड़े शनिवार अयोध्या पुगेका छन्। महर्षि वाल्मीकि विमानस्थलमा पार्टीका नेता तथा कार्यकर्ताहरूले उनको स्वागत गरे। त्यसपछि उनी श्रीरामललाको दर्शनह्नपूजनका लागि अयोध्या धामतर्फ प्रस्थान गरेका छन्।प्रदेश प्रभारी विनोद तावड़ेले श्रीराम मन्दिरमा दर्शन गरेपछि भाजपाका पदाधिकारीहरूसँग सङ्गठनात्मक बैठक गर्नेछन्। बैठकमा जिल्ला प्रभारी तथा जिल्लाध्यक्षहरूसँग सङ्गठनसँग सम्बन्धित विषयमा छलफल हुनेछ। त्यसपछि अवध क्षेत्रका पदाधिकारीहरूसँग क्षेत्रीय बैठक आयोजना गरिनेछ। क्षेत्रीय बैठकमा कार्यसमितिका सदस्य तथा सबै मोर्चाका अध्यक्षहरू सहभागी हुनेछन्। अवध क्षेत्रमा बसोबास गर्ने प्रदेशस्तरीय पदाधिकारीहरूको पनि बैठकमा सहभागिता रहनेछ।प्रवासका क्रममा विनोद तावड़ेले राष्ट्रिय स्वयंसेवक सङ्घ (आरएसएस) परिवार अर्थात् वैचारिक परिवारका सदस्यहरूसँग संवाद बैठक गर्ने कार्यक्रम समेत प्रस्तावित छ।

CHANGE OF NAME

I, **Sabrina Pradhan Lepcha**, W/o Saurav Tshering Lepcha, resident of P.N.G.S.S. School Road (Lobelia Inn), Gangtok District, Sikkim do hereby declare that I have changed my name from **Sabrina Pradhan Lepcha** to **Sabrina Pradhan** and henceforth I shall be known as **Sabrina Pradhan** in all-purpose, vide affidavit no. A 543010 sworn before the Oath Commissioner at **Gangtok, Sikkim** on **21st day of October 2026**. **Sabrina Pradhan** and **Sabrina Pradhan Lepcha** both are same and one identical person.

CHANGE OF NAME

I, **Pranita Subba**, d/o Deepak Limboo, resident of Yangyang, Namchi District, Sikkim do hereby declare that I have changed my name from **Pranita Subba** to **Pranita Limboo** and henceforth I shall be known as **Pranita Limboo** in all-purpose, vide affidavit no. A 519057 sworn before the Oath Commissioner at **Gangtok, Sikkim** on **19th day of October 2026**. **Pranita Limboo** and **Pranita Subba** both are same and one identical person.

नयाँ टिहरीमा हेलिकप्टर सतर्कतापूर्ण अवतरण

नयाँ टिहरी, २४ अक्टोबर (हिस): उत्तराखण्डको नयाँ टिहरीमा शनिवार बिहान चारधाम यात्रामा सञ्चालित एउटा हेलिकोप्टरलाई सतर्कताका रूपमा बौराडी स्टेडियममा अवतरण गराइएको छ। हेलिकोप्टरमा मुम्बईका छ जना यात्रु सवार थिए र सबै सुरक्षित रहेका छन्। अधिकारीहरूका अनुसार, प्राविधिक समस्याको जाँच गरेपछि हेलिकोप्टरले पुनः गुप्तकाशीका लागि उडान भरेको छ।

यो हेलिकोप्टर ट्रान्स भारत कम्पनीको रहेको र शनिवार बिहान करिब ८ बजी सहस्रधाराबाट गुप्तकाशीतर्फ गइरहेको थियो। सोही क्रममा यसलाई नयाँ टिहरीस्थित बौराडी स्टेडियममा अवतरण गराइएको हो।

पाइलटका अनुसार, यो आपत्कालीन अवतरण नभई सतर्कताका रूपमा गरिएको अवतरण थियो। हेलिकोप्टरको जाँचका क्रममा सम्भावित प्राविधिक त्रुटिवारे अनुसन्धान गरिएको थियो। त्यसपछि हेलिकोप्टरले गुप्तकाशीका लागि पुनः उड़ान भरेको हो।

नाहरकटियामा भयानक आगलागी

गुवाहाटी, २४ अक्टोबर (हिस): असमको नाहरकटिया स्थित जयपुरमा शनिवार भएको भीषण आगलागीमा तिलैजान चिया कारखानाको आवासीय क्षेत्रमा अवस्थित नौ वटा क्वार्टर पूर्ण रूपमा जलेर नष्ट भएको छ। घटनामा लाखौँको सम्पत्ति नष्ट भएको अनुमान गरिएको छ। प्राप्त जानकारी अनुसार द्रुत गतिमा फैलिएको आगोले हेर्दा-हेर्दै आवासीय क्षेत्रका नौ वटा क्वार्टरहरूलाई आफ्नो चपेटमा लियो। यस भयानक आगलागीमा सम्बन्धित घरहरूलाई ठूलो क्षति पुगेको छ भने घरभित्र राखिएका घरायसी सामानहरू पनि नष्ट भएका छन्। घटनाको सूचना पाउनसाथै तुरुन्तै फायर ब्रिगेडको टोली घटनास्थलमा पुग्यो। दमकलकर्मीले स्थानीय मानिसहरूको सहयोगमा आगोलाई नियन्त्रण गरे। लामो सङ्घर्षपछि आगोलाई नियन्त्रणमा लिइयो। आगलागीबाट प्रभावित परिवारलाई ठूलो क्षति बेहोर्नु परेको छ।

आईटीबीपी स्थापना दिवसमा उपराष्ट्रपति, प्रधानमन्त्री र रक्षामन्त्रीद्वारा शुभकामना व्यक्त

नयाँ दिल्ली, २४ अक्टोबर (हिस): उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी र रक्षामन्त्री राजनाथ सिंहले शनिवार भारत-तिब्बत सीमा पुलिस (आईटीबीपी) को स्थापना दिवसका अवसरमा आईटीबीपीका सबै कर्मीहरु तथा उनीहरूका परिवारलाई हार्दिक शुभकामना दिएका छन्। उपराष्ट्रपति राधाकृष्णनले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा लेखेका छन्, हाम्रा बहादुर 'हिमवीर' साहस, अनुशासन र अटुट प्रतिबद्धताका उदाहरण हुन्। उनीहरूले अत्यन्त कठिन भूभाग र चुनौतीपूर्ण मौसममा देशका सीमाहरूको रक्षा गर्छन्। सीमाको सुरक्षा, विपद्का समयमा राहत कार्य तथा मानवीय सहायता पुऱ्याउन उनीहरूले निर्वाह गर्ने महत्त्वपूर्ण भूमिकाले देशप्रतिको उनीहरूको निःस्वार्थ सेवाको प्रमाण दिन्छ। राष्ट्रले उनीहरूको वीरता, समर्पण र बलिदानलाई नमन गर्दछ। प्रधानमन्त्री मोदीले आईटीबीपीका 'हिमवीर'हरूले आफ्नो असाधारण साहसबाट आफूलाई प्रमाणित गरेको बताएका छन्। उनीहरूले सधैँ अद्भुत दृढ़ताका साथ हरेक चुनौतीको सामना गरेका छन्। उनीहरूको निःस्वार्थ सेवा र बलिदान देशका लागि प्रेरणाको ठूलो स्रोत रहेको उनले बताएका छन्।



लोकसभा अध्यक्ष ओम बिरलाले हिमालयका अत्यन्त दुर्गम क्षेत्रहरूमा देशका सीमाको रक्षा गर्नेदेखि हरेक चुनौतीपूर्ण परिस्थितिमा राष्ट्रको सेवा गर्नेसम्म आईटीबीपीका जवानहरूले अदम्य साहस, अटुट सङ्कल्प र कर्तव्यप्रतिको समर्पणको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको बताएका छन्। मातृभूमिको सुरक्षाप्रतिको उनीहरूको समर्पण देशका लागि गर्व र प्रेरणाको स्रोत रहेको उनले उल्लेख गरेका छन्। राष्ट्रसेवामा समर्पित आईटीबीपीका सबै बहादुर जवानहरूको वीरतालाई उनले नमन गरेका छन्। रक्षामन्त्री राजनाथ सिंहले आईटीबीपीका 'हिमवीर'हरूले अत्यन्त कठिन जलवायु परिस्थितिमा भारतका सीमाहरूको सुरक्षामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताएका छन्। उनीहरूले वामपन्थी उग्रवाद विरुद्ध प्रयास लगायत आन्तरिक सुरक्षा अभियानमा पनि महत्त्वपूर्ण योगदान दिएका छन्। उनीहरूको साहस, व्यावसायिक दृष्टिकोण र कर्तव्यप्रतिको अटुट समर्पणले राष्ट्रसेवाका उत्कृष्ट परम्पराहरूलाई प्रतिबिम्बित गर्ने उनले बताएका छन्।

केन्द्रिय गृह मन्त्री तथा सहकारितामन्त्री अमित शाहले उनीहरूको वीरताको गुञ्जन हिउँले ढाकिएका पहाड़हरूमा सुनिने बताएका छन्, जसले देशको सुरक्षाका लागि खड़ा हुने हरेक खतरालाई ध्वस्त पार्छ। सबैभन्दा कठिन मौसममा पनि अडिग रहने उनीहरूको साहस भारतको सुरक्षाप्रतिको दृढ़ सङ्कल्पको प्रतीक रहेको उनले उल्लेख गरेका छन्। देशका लागि आफ्नो सर्वोच्च बलिदान दिने शहीदहरूलाई उनले नमन गरेका छन्। केन्द्रीय सड़क यातायात मन्त्री नितिन गडकरीले देशका सीमाहरूको रक्षा गर्ने क्रममा अत्यन्त कठिन परिस्थितिमा समेत 'हिमवीर'हरूले देखाउने साहस, अनुशासन र अटुट सङ्कल्पले सेवा तथा बलिदानका उत्कृष्ट परम्पराहरूलाई प्रतिबिम्बित गर्ने बताएका छन्। उनीहरूको यो समर्पण प्रत्येक भारतीयका लागि अत्यन्त गर्वको विषय रहेको उनले उल्लेख गरेका छन्।

ट्रेन सञ्चालनको सुरक्षा र विश्वसनीयता बढाउन उत्तर रेलवेले क्षमता अभिवृद्धि कार्यक्रम शुरु गऱ्यो

नयाँ दिल्ली, २४ अक्टोबर (हिस): ट्रेनहरूको सुरक्षित र विश्वसनीय सञ्चालन सुनिश्चित गर्न उत्तर रेलवेअन्तर्गत विद्युत् विभागले कर्षण विद्युत् शक्ति नियन्त्रकहरू (टीपीसी) का लागि क्षमता अभिवृद्धि कार्यक्रम शुरु गरेको छ। यस कार्यक्रमको उद्देश्य कर्मचारीहरूको प्राविधिक सीप, सञ्चालन क्षमता तथा सुरक्षा सम्बन्धी दक्षतालाई सुदृढ़ बनाउनु हो। यसअन्तर्गत पहिलो तीनदिने प्रशिक्षण सत्र १२ देखि १४ अक्टोबरसम्म सञ्चालन गरिएको थियो। नोभेम्बरको अन्त्यसम्म छ चरणमा उत्तर रेलवेका सबै छवटा मण्डलका कर्मचारीहरूलाई प्रशिक्षण दिइनेछ। उत्तर रेलवेका मुख्य जनसम्पर्क अधिकारी हिमांशु शेखर उपाध्यायले पहिलो प्रशिक्षण सत्रमा जम्मू, फिरोजपुर, अम्बाला, दिल्ली, मुरादाबाद र लखनउ मण्डलका १४ जना कर्मचारी सहभागी भएको जानकारी दिए। गाजियाबादस्थित विद्युत् प्रशिक्षण केन्द्रमा आयोजित प्रशिक्षणको पहिलो दिन टीपीसीका जिम्मेवारी, पर्यवेक्षण तथा तथ्याङ्क सङ्कलन प्रणाली (स्काडा), कर्षण उपकेन्द्रको सुरक्षा व्यवस्था तथा क्षेत्रीय कर्मचारी र नियन्त्रण केन्द्रबीच समन्वयसम्बन्धी जानकारी दिइएको थियो। यसका अतिरिक्त, दिल्ली मण्डलका स्काडा तथा आरसीसी केन्द्रहरूका साथै चाणक्यपुरीस्थित २५ केभी कर्षण उपकेन्द्रको स्थलगत भ्रमण गराइएको थियो।

कर्षण विद्युत् शक्ति नियन्त्रकहरूले विद्युतीय रेल सञ्चालन प्रणालीअन्तर्गत २५ केभी विद्युत् आपूर्तिको निगरानी तथा नियन्त्रणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्। उनीहरूले क्षेत्रीय कर्मचारी र सञ्चालन नियन्त्रण केन्द्रबीच समन्वय गर्नुका साथै विद्युत् आपूर्ति अवरुद्ध भएको अवस्थामा उत्पन्न परिस्थितिसमेत व्यवस्थापन गर्छन्। यसलाई ध्यानमा राख्दै प्रशिक्षणमा सैद्धान्तिक कक्षा, अनुकरण प्रणालीमा व्यावहारिक अभ्यास र स्थलगत प्रशिक्षण समावेश गरिएको छ। दोस्रो दिन अनुकरण प्रणालीमार्फत व्यावहारिक अभ्यास गराइएको थियो, जसमा सहभागीहरूले सामान्य सञ्चालन अवस्था तथा आपत्कालीन परिस्थितिको सामना गर्ने अभ्यास गरे। तेस्रो दिन चाणक्यपुरीस्थित कर्षण उपकेन्द्रमा उपकरण सञ्चालन र सुरक्षा व्यवस्थावारे जानकारी दिइयो। कार्यक्रमको समापनमा सहभागीहरूको ज्ञानको मूल्याङ्कन गरिनुका साथै उनीहरूबाट प्रतिक्रिया सङ्कलन गरी प्रमाणपत्र वितरण गरिएको थियो। उपाध्यायका अनुसार, यस पहलले कर्मचारीहरूको प्राविधिक दक्षता र कार्यकुशलता बढाउन, विभिन्न एकाइबीच समन्वय सुधार गर्न तथा विद्युतीय कर्षण प्रणालीबाट सञ्चालित रेलहरूको सुरक्षित र विश्वसनीय सञ्चालन सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ।

ब्रह्मोसले भारतको रक्षा निर्यात अभियानको नेतृत्व गर्नेछः रक्षा मन्त्रालय

नयाँ दिल्ली, २४ अक्टोबरः ब्रह्मोस अब केवल एउटा मिसाइल मात्र होइन; यो एक आत्मविश्वासी र आत्मनिर्भर 'नयाँ भारत' को शक्ति, सटिकता र गौरव हो। 'अपरेसन सिन्दूर का क्रममा, भारतीय सशस्त्र बलले पहिलो पटक यस हतियार प्रणालीलाई प्रत्यक्ष युद्धमा प्रयोग गर्यो। पाकिस्तानका 'नुर खान' जस्ता प्रमुख हवाई अखडाहरू सहितका महत्त्वपूर्ण लक्ष्यहरूमा प्रहार गरेर भारतीय सशस्त्र बलले यस हतियार प्रणालीको शक्ति प्रदर्शन गर्यो। ब्रह्मोस प्रणाली भारतको रक्षा निर्यातको एउटा मुख्य आधार स्तम्भ पनि बनेको छ। भारतको रक्षा निर्यात हाल ३८,४०० करोड रुपैयाँ पुगेको छ, जसमा वार्षिक ६२.७ प्रतिशतको प्रभावशाली वृद्धि देखिएको छ।

ब्रह्मोसको सफलताका सन्दर्भमा बोल्दै, ब्रह्मोस एयरोस्पेसका सिइओ तथा एमडी डा. जयतीर्थ जोशीले भने, निर्यातको क्षेत्रमा ब्रह्मोसको सफलताको कथा सन् २०२५ मा यो हतियार युद्धमा परीक्षण हुनु अघि नै सुरु भइसकेको थियो। सन् २०२२ मा हामीले पहिलो ऐतिहासिक निर्यात अर्डर प्राप्त गर्यौं र त्यो करोडौं डलरको सम्झौताले विश्व मञ्चमा भारतको रक्षा निर्यातसम्बन्धी आकाङ्क्षााहरूलाई अघि बढायो।

आज, ब्रह्मोस भारतको सैन्य निर्यात रणनीतिको अग्रपङ्क्तिमा उभिएको छ। एक प्रमुख उत्पादनको रूपमा, यो सुपरसोनिक क्रुज मिसाइलले आफ्नो निर्यातको दायरा निरन्तर विस्तार गरेको छ। विशेष गरी सन् २०२५ को मे महिनामा 'अपरेसन सिन्दूर' का क्रममा यसले आफ्नो त्रुटिरहित क्षमता प्रमाणित गर्दै 'युद्धमा प्रमाणित' प्रणालीको

पहिचान बनायो। फिलिपिन्ससँगको पहिलो निर्यात सम्झौतापछि यस वर्ष हामीले दक्षिण-पूर्वी एसियाका थप दुई देशहरूसँग सम्झौता गरेका छौँ। तसर्थ, आज हामी अन्तर्राष्ट्रिय बजारमा बलियो स्थितिमा छौँ र आफ्नो निर्यातको पहुँच अझ विस्तार गर्ने दिशामा अघि बढिरहेका छौँ।

डा. जोशीले बताए अनुसार, बढ्दो माग पूरा गर्न र उत्पादन क्षमता बढाउन ब्रह्मोसले आफ्नो आपूर्ति शृङ्खलालाई अझ सुदृढ बनाउने काम गरिरहेको छ। हाम्रा सशस्त्र बलहरूबाट हालसम्म प्राप्त भएका सबै अर्डरहरू पूरा गर्नु नै हाम्रो अल्पकालीन र दीर्घकालीन प्राथमिकता हो। हैदराबाद, नागपुर, पिलानी र सबैभन्दा नयाँ केन्द्र-लखनऊमा रहेका हाम्रा सबै उत्पादन एकाइहरू यस दिशामा पूर्ण क्षमताका साथ काम गरिरहेका छन्। हामी अर्को पुस्ताको 'ब्रह्मोस' को विकास र परीक्षणका लागि आवश्यक विशेष प्रविधिहरूमा केन्द्रित 'टेक-ब्रिक्स' स्थापना गरेर हाम्रो अनुसन्धान तथा विकास कार्यलाई तीव्रता दिन चाहन्छौँ। साथै, बढ्दो माग पूरा गर्न आपूर्ति शृङ्खलालाई सुदृढ पार्ने र कुनै पनि आकस्मिक अवस्था आइपरेमा उत्पादन क्षमता बढाउने हाम्रो योजना छ। पहिले प्रत्येक प्रणाली वा उप-प्रणालीका लागि १-२ वटा मात्र औद्योगिक साझेदारहरू रहेकोमा अब हामी ४-५ वटा स्रोतहरू (साझेदारहरू) विकास गर्न चाहन्छौँ। यसले गुणस्तर र मूल्यका सन्दर्भमा प्रतिस्पर्धा सिर्जना गर्न पनि मद्दत पुर्याउनेछ, उनले भने।

ब्रह्मोस भारतको रक्षा निर्यात अभियानको एक प्रमुख उत्पादन हो। फिलिपिन्स, इन्डोनेसिया र भियतनामबाट प्राप्त अर्डर र त्यहाँ गरिएको आपूर्तिले भारतको रक्षा निर्यातलाई ६० करोड डलरभन्दा माथि पुर्याउने निश्चित भएको छ। विश्वले सधैँ ब्रह्मोसलाई विस्मय र कौतूहलका साथ हेर्दै आएको छ। 'अपरेसन सिन्दूर' पछि, यो अत्यन्त बहु उपयोगी क्षेप्यास्त्रले आफूलाई वास्तवमै एक रहस्यमय र असाधारण प्रणालीका रूपमा प्रमाणित गरेको छ, यो आजको जटिल, बहु-क्षेत्रीय र उच्च तीव्रताको युद्धका लागि विकसित एक शक्तिशाली प्रणाली हो। भारतको अद्वितीय 'फर्स्ट स्ट्राइक' (पहिलो प्रहार गर्ने) हतियारका रूपमा, ब्रह्मोसले आफ्नो श्रेणी र क्षमतामा सबैभन्दा घातक हतियारका रूपमा आफ्नो शक्ति र श्रेष्ठता पुष्टि गरेको छ। यसले शत्रुको लक्ष्यलाई अत्यन्त सटीक रूपमा नष्ट गर्न सक्छ र त्यसो गर्दा यसले आफ्नो गोप्यता, तीव्रता र फुर्तिलोपनलाई पनि कायम राख्छ।

यस क्षेत्रको एक प्रमुख विकास 'ब्रह्मोस-एनजी' हुनेछ। यो भारतको डीआरडीओ र रुसको एनपीओ मशिनोस्ट्रोयेनियेले 'ब्रह्मोस एयरोस्पेस' मार्फत संयुक्त रूपमा विकास गरेको एक सानो, हलुका र अझ बढी गोप्य सुपरसोनिक क्रुज मिसाइल हो। यसले भारतको 'एयर-लन्च्ड स्ट्राइक' (आकाशबाट प्रहार गर्ने) क्षमतालाई विस्तार गर्नेछ। डा. जोशीका अनुसार यसको पहिलो प्रोटोटाइप सन् २०२७-२०२८ सम्ममा तयार हुने बताएका छन्।

हामी सन् २०२७ वा २०२८ सम्ममा पहिलो प्रोटोटाइप विकास गर्ने अपेक्षा राखेका छौँ। यो नयाँ प्रणालीमा स्वदेशी सामग्रीको हिस्सा बढी हुनेछ र यसमा धेरै नयाँ प्रविधिहरू तथा उन्नत सामग्रीहरू समावेश गरिने भएकाले, हामीले व्यापक अनुसन्धान तथा विकास कार्य गर्नुपर्ने हुन्छ। हामीले हाम्रा योजनाहरू तयार पारिसकेका छौँ र यस दिशामा निरन्तर अघि बढिरहेका छौँ। हाल यो विकासको चरणमा छ, उनले भने। ब्रह्मोस एयरोस्पेसको अर्को भावी परियोजना १,५०० किलोमिटर मारक क्षमता भएको संस्करण हो। हामीले चरणबद्ध रूपमा यसको मारक क्षमता विस्तार गर्ने कार्यक्रम अघि बढाएका छौँ। जमिन, समुद्र र आकाशबाट गरिएका परीक्षणहरूमा यस क्षेप्यास्त्रले आफ्नो सुरुवाती २९० किलोमिटरको दायरालाई उछिन्दै लामो दूरीसम्म प्रहार गर्न सक्ने क्षमता प्रमाणित गरिसकेको छ। १,५०० किलोमिटरको मारक क्षमता हाम्रो भावी कार्य योजनाको हिस्सा हो, जुन हाल अवधारणात्मक चरणमा छ। हामी क्षेप्यास्त्र प्रणालीमा थप सुधार ल्याउन हाम्रा संयुक्त उद्यम (जेभी) साझेदारसँग छलफल गरिरहेका छौँ, डा. जोशीले भने।

यसैबीच, ६ अक्टोबर६ मा रक्षा मन्त्रालयले भारतीय नौसेनाका जहाजहरूका लागि 'ब्रह्मोस फायर कन्ट्रोल सिस्टम' र 'लन्चर' खरिद गर्न ब्रह्मोस एयरोस्पेससँग सम्झौता गरेको छ। कम्तीमा ६८ प्रतिशत स्वदेशी सामग्री समावेश रहने यो परियोजनाले साना तथा मझौला उद्यमहरू लगायत विभिन्न भारतीय उद्योगहरूको सक्रिय सहभागितालाई प्रोत्साहन गर्छ।

भारतका 'मोस्ट वान्टेड' ग्याङस्टर हिमांशु भाऊ अमेरिकामा पक्राउ

नयाँ दिल्ली, २४ अक्टोबरः भारतका 'मोस्ट वान्टेड' ग्याङस्टर हिमांशु भाऊलाई अमेरिकामा एफबीआईले पक्राउ गरेको छ। सञ्चारमाध्यमका रिपोर्टहरू अनुसार दिल्ली र हरियाणा लगायतका विभिन्न राज्यहरूमा उनीविरुद्ध हत्या, हत्या प्रयास, असुली र हतियार तस्करी जस्ता ३० भन्दा बढी गम्भीर आपराधिक मुद्दाहरू दर्ता छन्। इन्टरपोलले सन् २०२३ मा उनीविरुद्ध 'रेड कर्नर नोटिस' जारी गरेको थियो। हरियाणा प्रहरीले उनलाई पक्राउ गर्न सहयोग पुर्याउनेलाई २.५ लाख रुपियाँ र दिल्ली पुलिसले १ लाख रुपियाँ पुरस्कार दिने घोषणा गरेका थिए।

हिमांशु भाउ सन् २०२२ मा हरियाणामा २४ घण्टाभित्र भएका तीनवटा हत्याका घटनापछि चर्चामा आएका थिए। युट्युबर एल्भिस यादवको गुरुग्रामस्थित निवास बाहिर भएको गोलीकाण्डको जिम्मेवारी पनि उनकै गिरोहले लिएको थियो। हिमांशुलाई लरेन्स बिश्नोई र गोल्डी ब्रार गिरोहको प्रतिद्वन्द्वी मानिन्छ।

सोही कारबाहीका क्रममा अर्का फरार अभियुक्त नीरज फरिदपुरियालाई पनि पक्राउ गरिएको छ। उनी यस वर्षको सुरुमा धरौटीमा छुटेपछि आफ्नो खुट्टामा लगाइएको 'इलेक्ट्रोनिक मनिटरिङ ट्र्याकर'

हटाएर फरार भएका थिए। हिमांशु भाउका यी चार तस्बिरहरू सार्वजनिक रूपमा उपलब्ध छन्। उनले लस भेगासमा आफ्नो आधार बनाएका थिए। 'द इन्डियन एक्सप्रेस' को रिपोर्ट अनुसार, राष्ट्रिय अनुसन्धान एजेन्सीका एक स्रोतले बताएअनुसार दिल्ली र हरियाणा प्रहरीका विभिन्न टोलीहरू अमेरिकामा ग्याङस्टर हिमांशु भाउको खोजी गरिरहेका थिए।

प्राविधिक निगरानी र सुराकीहरूबाट प्राप्त जानकारीका आधारमा लस भेगासमा उनको लुक्ने ठाउँ पत्ता लागेको थियो। यो जानकारी अमेरिकी कानुन कार्यान्वयन निकायहरूसँग साझा गरियो, जसले बिहीबार साँझ उनलाई पक्राउ गरे। १४ सेप्टेम्बर-मा दिल्लीमा जिम प्रशिक्षक विजय कुमारको गोली हानी हत्या गरिएको घटनाको जिम्मेवारी पनि हिमांशु भाऊ गिरोहले लिएको छ। हरियाणाको रोहतक जिल्लास्थित रिताउली गाउँका २४ वर्षीय हिमांशु भाऊ हुन्। उनले १७ वर्षको उमेरमा रोहतकको तरकारी बजार (सब्जी मन्डी) क्षेत्रमा असुली गरेर आफ्नो आपराधिक जीवन शुरू गरेका थिए। रिताउली गाउँका सनी नामक एक स्थानीय युवकको हत्यापछि, सन् २०२० मा हिमांशु भाऊ हिसारस्थित बाल सुधार गृहबाट अन्य करिब २० जना युवकहरूसँगै फरार भएका थिए। त्यसपछि उनी जेलमा रहेका ग्याङस्टर नीरज बवानाको सम्पर्कमा आए र व्यापारीहरूलाई धम्क्याएर पैसा असुल्न थाले। पछि उनले आफ्नै गिरोह खडा गरे। हरियाणा र दिल्ली-एनसीआर क्षेत्रका धेरै आपराधिक घटनाहरूमा उनको नाम जोडिएको छ। उनीविरुद्ध हत्या र हत्या प्रयासका १६ वटा मुद्दा सहित ३० भन्दा बढी आपराधिक मुद्दाहरू चलिरहेका छन्। सन् २०२२ मा हरियाणामा २४ घण्टाभित्र भएका तीनवटा हत्याका घटनामा नाम जोडिएपछि हिमांशु भाऊ निकै कुख्यात बने। उनीमाथि व्यापारी, मदिरा ठेकेदार र रियल इस्टेट विकासकर्ताहरूबाट पैसा असुलेको तथा उनीहरूलाई तर्साउन गोलीकाण्डहरू गराएको आरोप छ।

नेहा बोराको रिट याचिका खारेज

नयाँ दिल्ली, २४ अक्टोबरः अल इण्डिया स्टुडेन्ट्स एसोसिएसनकी अध्यक्ष नेहा बोराले 'शान्ति कायम राख्न' भन्दै प्रहरीद्वारा जारी गरिएको सूचनाविरुद्ध दायर गरेको रिटलाई दिल्ली उच्च न्यायालयले खारेज गरिदिएको छ। न्यायाधीश सुब्रमण्यम प्रसादको इजलासले तत्कालका लागि उक्त रिट खारेज गर्ने आदेश सुनाएको हो। १६ अक्टोबरमा आयोजित 'लहरा दो तिरंगा' मार्चमा सहभागी भएको भन्दै विशेष कार्यकारी म्याजिस्ट्रेटले उनलाई १० हजार भारुको व्यक्तिगत धरौटी र एक जमानीकर्तासहित उपस्थित हुन अक्टोबर १७ मा सूचना जारी गरेको थियो। भारतीय नागरिक सुरक्षा संहिताको दफा १२६ अन्तर्गत अनुसन्धानका क्रममा शान्ति भङ्ग हुन नदिन भन्दै उक्त सूचना दिइएको थियो। बोरालाई उक्त मार्चमा सहभागी हुन जाँदै गर्दा प्रहरीले नियन्त्रणमा लिएर भोलिपल्ट मात्रै छाडेको थियो। उनीमाथि निषेधाज्ञा तोडेर प्रदर्शन गरेको, नाराबाजी गरेको र मानिसहरूलाई उक्साएको आरोप लगाइएको छ। बोराको तर्फबाट बहस गर्दै वकिलहरूले उक्त सूचना अस्पष्ट र तथ्यहीन रहेको दाबी गरेका थिए।

बिहारमा पटाका बनाउने क्रममा विस्फोट, पति-पत्नी र छोरीसहित सातजनाको मृत्यु

पटना, २४ अक्टोबरः बिहारस्थित सिवान जिल्लामा पटाका बनाउने क्रममा घरमा विस्फोट हुँदा पति-पत्नी र उनीहरूकी छोरीसहित सात जनाको मृत्यु भएको छ। शुक्रबार साँझ सिवान जिल्लाको आलमपुर गाउँमा रहेको घरमा विस्फोट भएको दैनिक भास्करले समाचारमा उल्लेख गरेको छ। विस्फोटबाट घरको ठुलो भाग भत्किएको छ भने भग्नावशेष सडकसम्म पुगेको छ। घटनास्थलमा शवका टुक्रा छरिएका थिए।

रिपोर्टअनुसार विस्फोट भएको घरमा पटाका उत्पादन गर्ने अनुमति प्राप्त कारखाना सञ्चालनमा थियो। प्रारम्भिक अनुसन्धानमा घरभित्र पटाका बनाउने काम भइरहेको खुलेको छ।

पुलिसका अनुसार विस्फोट हुँदा घरमा परिवारका सदस्यसहित धेरै मानिस उपस्थित थिए। पटाका विस्फोट भएपछि त्यहाँ भण्डारण गरिएका अन्य पटाकामा समेत आगो सल्किएको थियो। त्यसपछि लगातार विस्फोट भएका थिए। करिब दुई घण्टासम्म बीचबीचमा विस्फोटको आवाज सुनिएको स्थानीयले बताएका छन्। विस्फोटको तीव्रताका कारण घरको अर्को भागसमेत भत्किएर सडकमा खसेको थियो। घटनास्थलमा सिवानका जिल्ला अधिकारी विजय प्रकाश मीना र पुलिस प्रमुख भरत सोनीसहितको टोली पुगेको थियो।

सनराइजर्स हैदराबादकी सीईओ काव्या मारनले ग्रीसमा बिहे गर्ने

हैदराबाद, २४ अक्टोबरः इण्डियन प्रिमियर लिग (आईपीएल) हेर्ने दर्शकका लागि काव्या मारन नौलो नाम होइन । अझ खासगरी सनराइजर्स हैदराबादको खेलमा उनी कुनै सेलिब्रेटीभन्दा कम देखिन्नन्। काव्या मारन आईपीएल टिम सनराइजर्स हैदराबादको प्रमुख कार्यकारी अधिकृत (सीईओ) र मालिक पनि हुन्। उनी आफ्नो टिमको हौसला बढाउन स्टेडियममै उपस्थित हुने गर्छिन्। आफ्नो टिमका बलरले विकेट लिँदा होस् वा फिल्डरले बाउन्ड्री रोक्दा नै किन नहोस्, आफ्नो टिमका ब्याट्सम्यानले चौका-छक्का हान्दा उनी ताली पिटेर हौसला बढाउँछिन्। म्याच प्रत्यक्ष प्रसारण भइरहँदा बेलाबखत उनीतिर क्यामेरा सोझिने गर्दछ।

यतिबेला आईपीएलका खेल नभए पनि काव्या चर्चामा छिन्। काव्याको चर्चा चुलिनुको कारण हो- उनको विवाहको तयारी। काव्या मारन 'सन ग्रुप'को चेयरम्यान कलानिधि मारनकी छोरी हुन्। उनको कुल सम्पत्तिको मूल्याङ्कन २५ हजार करोड भारतीय रुपियाँ रहेको बताइन्छ।

काव्याले प्रख्यात म्युजिक कम्पोजर अनिरुद्ध रविचन्दरसँग विवाह गर्दैछिन्। काव्या र अनिरुद्धका परिवारजनले विवाहको तयारी थालिसकेका छन् भने अतिथिलाई निमन्त्रणासमेत पठाइरहेका छन्। काव्या र अनिरुद्धको विवाह ग्रीसमा हुने भएको छ। सीमित व्यक्तिलाई विवाहमा आमन्त्रण गरिएको छ। विवाहको रिसेप्सन भने भारतकै चेन्नईमा आयोजना गरिँदैछ। २१ नोभेम्बरमा हुने रिसेप्सनका लागि पनि विशिष्ट व्यक्तिलाई निमन्त्रणा पठाइँदैछ।

भारत-पोल्याण्ड रणनीतिक साझेदारी नयाँ चरणमा

नयाँ दिल्ली, २४ अक्टोबरः विश्व राजनीति अहिले अभूतपूर्व अनिश्चितता, भू-राजनीतिक तनाव, र उथलपुथलको अत्यन्तै संवेदनशील मोडमा उभिएको छ। युरोपदेखि मध्यपूर्वसम्म द्वन्द्वका बाछिटाहरू फैलिइरहेको र विश्वव्यापी आपूर्ति शृङ्खला नराम्ररी प्रभावित भइरहेको यस जटिल परिवेशमा, पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कले भारतलाई सम्पूर्ण विश्वका लागि एक 'आशाको किरण' को रूपमा अभूतपूर्व ढङ्गले चित्रण गरेका छन्। उच्चस्तरीय द्विपक्षीय वार्ता र रणनीतिक साझेदारीलाई थप सुदृढ गर्ने उद्देश्यका साथ भारतको औपचारिक भ्रमणमा रहेका पोलिश प्रधानमन्त्री टस्क र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच बिहीबार नयाँ दिल्लीस्थित ऐतिहासिक हैदरावाद हाउसमा अत्यन्तै फलदायी र दूरगामी महत्वको वार्ता सम्पन्न भएको छ।

यस वार्ताले दुई देशबीचको कूटनीतिक, आर्थिक, प्राविधिक र रक्षा सम्बन्धलाई केवल औपचारिकतामा मात्र सीमित नराखी, एक्काइसौँ शताब्दीको भू-राजनीतिक सन्तुलनलाई नै नयाँ दिशा दिने गरी रणनीतिक उचाइमा पुर्याएको छ। सन् २०२४ को अगस्ट महिनामा प्रधानमन्त्री मोदीले पोल्याण्डको ऐतिहासिक भ्रमण गर्दा दुई देशबीचको सम्बन्धलाई रणनीतिक साझेदारीमा स्तरोन्नति गरिएको थियो। सोही मजबुत जगमा उभिएर अहिले पोल्याण्डका प्रधानमन्त्रीले आफ्नो प्रतिनिधिमण्डलसहित भारत भ्रमण गरेका हुन्। जसमा दुई राष्ट्रबीच आगामी दशकका लागि रक्षा उत्पादन, ऊर्जा सुरक्षा, विश्वव्यापी आपूर्ति शृङ्खला र नवप्रवर्तनका क्षेत्रमा अभूतपूर्व सम्झौता र सहमतिहरू भएका छन्।

अन्तर्राष्ट्रिय मामिलामा प्रधानमन्त्री नरेन्द्र मोदीले निर्वाह गरिरहेको विश्वव्यापी सन्तुलनकारी भूमिकाको मुक्तकण्ठले प्रशंसा गर्दै प्रधानमन्त्री टस्कले संयुक्त पत्रकार सम्मेलनमा आफ्ना भनाइहरू राखेका छन्। उनले भने, हामी विश्वव्यापी परिप्रेक्ष्यमा तपाईँले, अर्थात् प्रधानमन्त्रीले निर्वाह गरिरहनुभएको भूमिकाको उच्च मूल्याङ्कन र कदर

गर्छौं। विश्वव्यापी अस्थिरता, राजनीतिक अनिश्चितता र उथलपुथलको यो कठिन समयमा यो एक आशाको सङ्केत हो। भारतजस्तो शक्तिशाली र विशाल देशको नेतृत्व गरिरहनुभएका तपाईँ, प्रधानमन्त्रीज्यू, हामी सबैका लागि आशाको किरण हुनुहुन्छ। यस भनाइले युरोपेली राष्ट्रहरूले भारतलाई अब केवल एक एसियाली शक्तिका रूपमा मात्र नभई, विश्वशान्ति र स्थायित्व कायम गर्न सक्ने एक भरपर्दो र निर्णायक विश्व शक्तिका रूपमा हेर्न थालेको स्पष्ट पार्छ। उनले दुई देशबीच भौगोलिक दूरी भए तापनि कुनै पनि स्वार्थको द्वन्द्व वा ऐतिहासिक विवाद नरहेको तथ्यलाई उजागर गर्दै, यो सम्बन्ध पूर्ण रूपमा आपसी विश्वास, लोकतान्त्रिक मूल्यमान्यता र अहिंसाजस्ता आदर्शहरूमा आधारित रहेको बताए। मलाई आफूलाई तपाईँको मित्र भन्न पाउँदा साँच्चै नै अत्यन्तै गर्व महसुस भइरहेको छ, भन्दै टस्कले प्रधानमन्त्री मोदीप्रतिको आफ्नो व्यक्तिगत आत्मीयता र कूटनीतिक सम्मान प्रकट गरे।

भू-राजनीतिक नेतृत्व, कूटनीतिक सन्तुलन र युरोपेली सुरक्षामा भारतको उदीयमान प्रभाव

पोल्याण्डका प्रधानमन्त्री टस्कले हालको विश्वव्यापी राजनीतिक अस्थिरताको समयमा भारतलाई जसरी सम्पूर्ण विश्वको लागि 'आशाको किरण' को रूपमा प्रस्तुत गरेका छन्, यसले युरोपेली कूटनीति र विश्वव्यापी मञ्चहरू (जस्तै संयुक्त राष्ट्र सङ्घ, जी-२०) मा भारतको एक उदीयमान महाशक्ति तथा सन्तुलनकारी नेतृत्वको छविलाई थप स्थापित र प्रमाणित गरेको छ। युरोपमा जारी भू-राजनीतिक तनाव, विशेष गरी युक्रेन युद्धका कारण सिर्जना भएको सुरक्षा सङ्कट र ऊर्जा आपूर्तिमा देखिएको गम्भीर अवरोधका बीच, पोल्याण्डजस्तो युरोपेली सङ्घ (ईयू) र नेटोको एक महत्त्वपूर्ण अग्रपङ्क्तिको सदस्य राष्ट्रले भारतसँग यति गहिरो रणनीतिक साझेदारी खोज्नु आफैँमा भारतको बहु आयामिक र सन्तुलित परराष्ट्र नीतिको ऐतिहासिक सफलता हो। एकातिर पोल्याण्ड युरोपेली सुरक्षा संरचनाको एक अभिन्न अङ्ग हो भने अर्कोतिर भारत 'ग्लोबल साउथ' को निर्विवाद नेता र उदीयमान आर्थिक शक्ति हो। यी दुई राष्ट्रबीचको बढ्दो सामीप्यले विश्वव्यापी कूटनीतिमा नयाँ सन्तुलन बिन्दु निर्माण गर्ने अन्तर्राष्ट्रिय मामिलाका विज्ञहरूको बुझाइ छ।

सन् २०१० पछि पहिलो पटक कुनै पोलिश प्रधानमन्त्रीबाट भएको यो उच्चस्तरीय भारत भ्रमणले केवल आर्थिक वा प्राविधिक विषयहरूलाई मात्र समेटेको छैन, यसले विश्वव्यापी शान्ति स्थापनामा भारतको मध्यस्थता क्षमतालाई पनि स्वीकार गरेको छ। दोस्रो विश्वयुद्धको समयमा युरोप त्रासदीपूर्ण अवस्थाबाट गुज्रिरहँदा भारतका जामनगर (तत्कालीन नवानगर) र कोल्हापुरका राजपरिवारहरूले हजारौँ अनाथ पोलिश बालबालिका र शरणार्थी परिवारहरूलाई भारतमा आश्रय दिएर देखाएको मानवीय करुणा र ऐतिहासिक सद्भावलाई प्रधानमन्त्री मोदीले यसै वार्ताका क्रममा स्मरण गराए। कूटनीतिक सम्बन्धहरू केवल स्वार्थमा मात्र नभई मानवीय सहानुभूति र साझा सम्पदामा आधारित हुन्छन् भन्ने कुरा यसले पुष्टि गर्छ। यस ऐतिहासिक जगमा उभिएर अहिले दुवै देशले विश्वव्यापी नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाको रक्षा गर्ने र लोकतान्त्रिक संस्थाहरूलाई बलियो बनाउने सङ्कल्प गरेका छन्। साथै, युक्रेन वा मध्यपूर्व जुनसुकै स्थानमा हुने शान्तिका हरेक सार्थक प्रयासहरूमा भारतले समर्थन जारी राख्ने प्रतिबद्धता मोदीले व्यक्त गरेका छन्। यसले भारतलाई युरोपेली सुरक्षा र कूटनीतिक संवादमा एक भरपर्दो, तटस्थ र शान्तिप्रिय विश्व शक्तिको रूपमा उभ्याउन मद्दत पुर्याउनेछ, जसको प्रत्यक्ष लाभ जी२० जस्ता मञ्चहरूमा भारतको प्रभाव विस्तारमा देखिँदै छ।

गत बुधवार नयाँ दिल्ली आएका पोल्याण्डका प्रधानमन्त्री टस्कले आफ्नो महत्त्वपूर्ण भ्रमणको सुरुवात नै राजघाट पुगेर राष्ट्रपिता महात्मा गान्धीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै गान्धीको स्मारकमा माल्यार्पण गरेर गर्नुभएको थियो। यसले पोल्याण्डले भारतका शान्तिपूर्ण आदर्श र गान्धीवादी दर्शनप्रति राख्ने उच्च सम्मानलाई झल्काउँछ। उनको साथमा रहेका पोल्याण्डका अर्थ तथा अर्थतन्त्र मन्त्री आन्द्रे डोमान्स्कीले भारतीय समकक्षीहरूसँग व्यापार असन्तुलन कम गर्ने र लगानी प्रवर्द्धन गर्ने विषयमा सघन छलफल गरेका छन्। साथै, भारतीय विदेश मन्त्री एस. जयशंकरले पनि बिहीबार प्रधानमन्त्री टस्कसँग शिष्टाचार भेटवार्ता गर्दै साइबर सुरक्षा, अन्तरिक्ष, र विभिन्न रणनीतिक क्षेत्रमा द्विपक्षीय सहयोगलाई कसरी अझ गहिरो बनाउने भन्ने विषयमा विस्तृत छलफल गरेका थिए। विदेश मन्त्री जयशंकरले सामाजिक सञ्जाल एक्समा एक सन्देश पोस्ट गर्दै प्रधानमन्त्री टस्कसँगको भेट अत्यन्तै उपलब्धिमूलक रहेको र विस्तृत क्षेत्रमा सहकार्य बढाउने नव प्रवर्तनात्मक विचारहरू आदानप्रदान भएकोमा खुसी र सन्तुष्टि व्यक्त गरेका छन्। यसले साँच्चै नै पोलिश प्रधानमन्त्रीले भनेजस्तै अन्तर्राष्ट्रिय मञ्चमा शान्ति, प्रगति र विश्वव्यापी समृद्धिको लागि एक अत्यन्तै उज्यालो 'आशाको किरण' प्रज्वलित गरेको छ।

PUBLIC NOTICE

Notice is hereby given under Section 17(2) of the Electricity Act, 2003 that Odisha Generation Phase II Transmission Limited (OGPTL) and Purulia & Kharagpur Transmission Company Limited (PKTCL) both being inter-state transmission licensees, propose to file a petition before the Central Electricity Regulatory Commission (CERC) seeking approval under Section 17(1)(b) of the Electricity Act, 2003 for the merger of the utility of [Odisha Generation Phase II Transmission Limited (OGPTL) and Purulia & Kharagpur Transmission Company Limited (PKTCL).

Any licensee transmitting or distributing electricity in the concerned area and having any objection or representation in relation to the proposed merger may submit the same in writing within 30 days from the date of publication of this notice to Mr. Urmil Shah, Company Secretary and Compliance Officer, IndiGrid Infrastructure Trust, at **Unit No. 101, First Floor, Windsor, Village KoleKalyan, off CST Road, Vidyanagari Marg, Kalina, Santacruz (East), Mumbai – 400 098 or by email at compliancеofficer@indigrid.com**

OGPTL: U40300MH2015GOI357936 | **PKTCL:** U40105MH2012GOI357937

Website: www.ayush.gov.in

सत्यमेव जयते

आयुष मन्त्रालय

''आयुष भवन''

''बी'' ब्लक, जी.पी.ओ. कम्प्लेक्स
आई.एन.ए., नयाँ दिल्ली-110023

अधिसूचना

भारतीय चिकित्सा पद्धति राष्ट्रीय आयोग (एनसीआईएसएम) मा सचिवको ०१ पद तथा एनसीआईएसएम अन्तर्गत आयुर्वेद बोर्डको सदस्यको 01 पद हेतु आवेदन आमन्त्रित गरिन्छ।

1. आवेदन प्राप्त गर्ने अन्तिम तिथिसम्म आवेदकहरूको आयु 65 वर्षभन्दा कम हुनुपर्छ।
2. आवेदन प्राप्त गर्ने अन्तिम तिथि रोजगार समाचार पत्रमा विज्ञापनको प्रकाशनको तिथिदेखि 30 दिन हुनेछ। यदि ३०औँ दिन दिल्लीमा केन्द्र सरकारद्वारा घोषित कुनै अवकाशको दिन पर्दछ भने आवेदन प्राप्त गर्ने अन्तिम तिथि अघिल्लो कार्य दिवसलाई मानिलिइनेछ।
3. विस्तृत विज्ञापन तथा आवेदनको प्रारूप आयुष मन्त्रालयको वेबसाइट www.ayush.gov.in मा उपलब्ध हुनेछ तथा यसलाई डाउनलोड गर्न सकिनेछ।
4. एकभन्दा अधिक पदहरूको लागि आवेदन गर्ने उम्मेदवारले प्रत्येक पदको लागि अलग-अलग प्रोफार्मा भर्नुपर्नेछ।
5. निर्धारित प्रारूपमा विधिवत भरिएको आवेदन पत्र, सबै सम्बन्धित प्रमाण पत्रहरूको सत्यापित स्व-सत्यापित प्रतिहरू सहित, निम्नलिखित ठेगानामा पठाउनुपर्नेछः सचिव, आयुष मन्त्रालय, आयुष भवन, बी-ब्लक, जीपीओ कम्प्लेक्स, आईएनए, नई दिल्ली, 110023, लिफाफामा भारतीय चिकित्सा पद्धति राष्ट्रीय आयोगमा....... (सम्बन्धित पद) को पदको लागि आवेदन अंकित हुनुपर्छ।

CBC 17201/11/0013/2627

वर्ष-२०; अङ्क-२८५; वि.सं. २०८३, कात्तिक ८ गते; गान्तोक, आइतवार, २५ अक्टोबर, २०२६

(कथा)

छानामा सल्केको राजनीति



धन 'नीरव' प्रधान
तुरुक, नाम्ची, सिक्किम

विश्वका प्रत्येक मान्छेलाई राजनीतिले प्रत्यक्ष अथवा परोक्ष रूपमा प्रभाव पारेकै हुन्छ। चाहे मान्छे सक्रिय रूपमा राजनीतिमा लागेको होस् अथवा निष्क्रिय रूपमा बसेको होस्, राजनीतिबाट अलग भएर बस्न सक्दैन। यस्तै, एक समयमा राजनीतिले एकजना गरीब परिवारलाई पारेको प्रभावको सत्य घटनामा आधारित काल्पनिक पात्रहरूको कथा हो यो।

विकास बालक हुँदाको कथा हो। एकदिन ती सुखिलो हुन आँटेका, भनौँ, मानवदेखि महामानव बन्न आँटेका मान्छेहरू आएको देखेको थियो उसले, उसकै घरमा, उसकै आँगनमा।

त्यो दिन घरमा निकै नै गाउँलेहरूको चहलपहल थियो। यी सबै निहालिरहेका विकासले पनि आफ्ना साथीहरूसँग बालमस्तिष्कले भन्न लगाएका 'जिन्दावाद... जिन्दावाद...', 'आयो है... आयो है...' भन्दै कुदिरहेको थियो। राजनीतिको प्रभावबाट कोही पनि अक्षुण्ण नरहने सङ्केत यस्ता बालमनोविज्ञानबाट पनि बुझिँदो रहेछ।

त्यो चहलपहलबीच कोही 'सर आइपुग्न आँट्नुभयो, खदा-माला रेडी गर' भन्दैछ। कोही गरीबको नेताबारे कुरा गर्दैछ। दुईचारजना अल्लारेहरू चाहिँ 'बूढो आज चाहिँ पक्कै आउने भयो' भन्दै अलिक बेसी एक्टिभ भएको पनि देखिन्छन्। तर विकासको बालबुद्धिले खुट्याउन सकेनन्, खुट्याउन पनि चाहेनन् कि को हो–

'सर...'

'को हो?'

'गरीबको नेता।'

'अनि को हो?'

'बूढो...'

केही क्षणपछि उँभोतिरबाट पाँच-सातवटा गाड़ी लस्करै आएर विकासको घरैमाथि रोकिए। गाड़ीमा आउनेहरू पनि–

'गरीबको नेता आयो है...।'

'गरीबको नेतालाई भोट देऊ...।''

'टिस्टा रङ्गीत सुक्दैन...।'

'गरीबको नेता झुक्दैन...।'

भन्दै आएका गाड़ीबाट प्रमुख नेतासँगसँगै उसका भारदार र भाटहरू उत्रिएर विकासको बाऊ रहरमान प्रधानले दुःख गरी खड़ा गरेको घरमा पसे र अघिनै कार्यकर्ताहरूले मिलाएका नरम कुर्सीमा विराजमान भए।

त्यसपछि खदा-माला र स्वागत सम्बोधन भयो।

प्रमुख नेताकै पाइला यस गाउँमा परेकाले गाउँले जनतामा खुसी र आनन्दको अनुभूति भइरहेको थियो भने विकासको बाऊको भुइँमा खुट्टा थिएन।

बाठ्ठै, टाट्टै, एक्टिभ मेम्बरहरू तँछाड़मछाड़ गर्दै स्वागत जनाए। अरू लाटा-सोझाहरू टुलुटुलु हेरिबसे...!

सबै आफ्नो-आफ्नो स्तरअनुरूप बस्नुपर्ने कुर्सीमा बसिसकेपछि र वातावरण साइलेन्ट मोड़मा पुगेपछि मात्र एकजना पार्टीका दरिलो खाँबो भनौँ, जुन खाँबोले पार्टी सत्तामा आएपछि बजारमा साइड मागेर गतिलो सिमेन्टको खाँबो गाड्ने सपनाले मनमा अनेकौँ लड्डु फुटाइरहेको पनि हुन सक्छ, उसैले पार्टीको सिद्धान्त, प्रतिबद्धता, नीतिनिर्धारण र भावी कार्यदिशाहरूको विवरण दियो।

सुनेर ताली बजाउनेहरूका दुई हत्केला एकआपसमा मेल हुँदाको गड़गड़ाहटले त्यो झोपड़ी नै उचालिएको झैँ भयो। कसैले बुझेर ताली बजाए त कतिले ताली बजाउनुपर्ने रहेछ भनेर मात्र पनि बजाए... तर सबैले ताली बजाए।

उसको सम्बोधनको अन्त्य भएपछि प्रमुख नेताको वक्तव्य दिने पालो आयो। उनले आफ्नो सम्बोधनको शुरुमै, 'यो घरको घरधनी को हो?' भनी सोधे।

विकासको बाऊले 'म हुँ, हजुर!' भन्दै जुरुक्क उठे।

'तपाईँको नाम...?'

'हजुर, म रहरमान प्रधान।' नामसँगै उसले एउटा आशावादी वाक्यसमेत भन्यो, 'हजुर, म जस्तो गरीबको यस झोपड़ीमा पवित्र पाइला परेर ठूलो आशीर्वाद र सौभाग्य प्राप्त गरेझैँ भइरहेको छ।'

प्रमुख नेता: 'प्रधान दाजु, हामी तपाईँहरूजस्ता निर्धन र भुक्तभोगीहरूकै भाग्य निर्माण गर्न राजनीतिमा आएका हौँ। धनाढ्य वर्गको चपेटामा परेर ठगिएका हतभागीहरूको हितको निम्ति हामी राजनीति गर्दैछौँ। आमा-बाबु हो, अब गरीब र खालीखुट्टेको सुनौलो दिन फर्किनेछ। यसैले हाम्रो पार्टीलाई बहुमतले विजयी गराउनुहोस् र एकजना सम्पन्न नागरिकको जीवन जिउनुहोस्। म आज तपाईँहरूलाई यति नै भन्न आएको हुँ। यो कुरालाई मनमा गुनेर आगामी चुनावमा हामीलाई सत्तामा पुऱ्याउने प्रतिबद्धता गर्नुहोस्।'

यति भन्दै ''जय जनता, जय पार्टी'' भनी उनले आफ्नो वक्तव्य समाप्त गरे।

सुनेर सबैले ताली ठोके, जोड़जोड़ले ताली ठोके।

प्रमुख नेताले पुनः रहरमानलाई आफ्नो छेवैमा बोलाएर गोजीबाट पैसा निकालेर दिँदै भने, ''प्रधान दाजु! लु, यो तीन सय रुपियाँ तपाईँलाई यो कोठाको भाड़ा दिँदैछु। अहिले यति राख्नुहोस्। पछि हामी बहुमतले सरकारमा आएपछि यस झोपड़ीलाई उँभो हेर्दा पनि टोपी झर्ने अग्लो बिल्डिङ बनाइदिने वचन दिन्छौँ, ठीक छ?''

तीन सय रुपियाँ त्यस्तो महान् मान्छेको हातबाट ग्रहण गर्दा रहरमानलाई गजक्क पर्ने आनन्द लागेर आयो। ती नोटहरू कतै नखर्ची राखिराखूँ जस्तो लाग्यो।

एकक्षणपछि सबैसँग बिदा लिएर ती पाँच-सातवटा गाड़ी त्यहाँबाट राजधानीतर्फ लागे। तर रहरमानले भने त्यो पैसा आफूसँग आधा घण्टा पनि राख्न पाएनन्। तलतिर शंखधर बूढ़ा बिमारले सिकिस्त छन् भनेर गाउँलेहरूले त्यो पैसा उनको परिवारलाई दिने अनुरोध गरे। रहरमानले पनि मानवताको हितको निम्ति त्यो पैसा उनको उपचारको निम्ति दिइपठाए। तर त्यो पैसा बिरामीको घरमा पुगेन भन्थे। खै, के हो, दैव जानून्।

नेता, गाउँले र पैसा सबै गइसकेपछि घरमाथि खेल्दै गरेको विकास बाउको छेउमा आयो र केही जिज्ञासु भावले बाऊलाई सोध्यो– ''बाऊ, अघि दामी-दामी गाड़ीमा चढ़ेर आउने मान्छेहरू को हुन्? उनीहरू किन हाम्रो घरमा आएका?''

''उनीहरू सबै गरीब, दुःखी र खालीखुट्टेको भलो चिताउने र हाम्रो गाउँठाउँमा थुप्रै विकास ल्याएर हामीलाई धनी बनाउने नेताहरू हुन्, छोरा।''

''म जस्तै विकास?''

''होइन हौ नानी, अर्कै खालको विकास।''

विकासले के बुझ्यो कुन्नि, टाउको कन्याउँदै खेल्नतिर कुदे।

रहरमान भने पार्टी अफिसमा अघि फिँजाएका कुर्सीहरू बटुलेर एक ठाउँमा जम्मा पार्न थाले।

...

समय शिखरतिर चुलिँदै गयो। शनैः शनैः चुनाव नजिकिँदै छ। चुनाव एउटा युद्धभन्दा कम नहुँदो रहेछ। आफ्नो पक्षको जितको निम्ति नङ र मासुजस्तो भएर बसेका आफन्तहरू कट्टर दुश्मन बन्दछन्। दाजु र भाइमा झगड़ा हुन्छ। यी सबैलाई पार तारेर आखिर प्रजातान्त्रिक देशको सबैभन्दा ठूलो अधिकारका रूपमा जनताले आफ्नो मतको उपयोग गर्न पाउने र सही नेता छान्ने परम्पराअनुसार चुनाव सम्पन्न भयो।

चुनाव सकिएको केही दिनपश्चात् मतगणना भयो। परीक्षाफलले गाउँमा रहरमानलगायत सबै गाउँलेमा हर्षोल्लास छायो। खसी, कुखुरा, सुँगुर, भैँसी, मटर-पनिर, रम-रक्सीले धुमधामसँग विजय उत्सव मनाए।

विकासको बाऊले ''अब त मेरो यो झोपड़ीको कायापलट हुने भयो। प्रमुख नेताले वचन दिनुभएको छ। फेरि उहाँको वचन 'ताम्रपत्रमा जतनले कुँदेका शब्दहरू'जस्ता हुन् भनेर उहाँ आफैँले धेरै ठाउँमा भाषण पनि गर्नुभएको छ'' भनी सोचेर रहरमान उज्यालो-उज्यालो हुँदै गए।

...

उज्यालो यतिसम्म कि एकक्षण गाउँ नै देखियो। त्यो उज्यालो खुसी, आनन्द र आशाको थिएन। त्यो निराश र हतासको उज्यालोमा एक रात रहरमान दाजुको घर सल्किरहेको थियो। हार्नेहरूको आवेग र काँतरपनको त्यो आपराधिक काम थियो होला सायद।

आगो हुर्केपछि निभाउन मुश्किल पर्दोरहेछ। आगो सिर्जना हो, आगो संहार हो। निभाइसक्दा अवशेषमा रहरमान दाजुको घर घर नभएर अभर भएर लड़िरहेथ्यो।

यसरी सल्कियो राजनीति रहरमानको छानामा। तर ठूला-ठूला खाँबो गाड्न र आफ्नो भविष्य सुधार्न संसाधनहरू बाँड़चुँड गर्न थालिसकेका नेताको आँखाले रहरमानका आशावादी इच्छा र रहरको हत्या गऱ्यो। सरकार फेरि आयो, सरकार फेरि पनि आयो, सरकार पुनः आयो। क्रमशः त्यही सरकार आयो, तर रहरमानको आशामा आगो नै सल्काइरह्यो।

...

समयले निकै गतिलो फड्को हान्यो। विकासलाई त्यो समय मताधिकारको परिभाषा थाहा थिएन। तर विकासले अहिले भोट, नेता र सत्ताको परिभाषा स्पष्ट जान्दछ। त्यो बेलाको बालक विकास अहिले भोट लगाउने भइसकेको छ।

एकदिन विकासले पहिलादेखि नै सोध्दै आएको प्रश्न पुनः दोहोऱ्यायो– ''बाऊ, खोइ त ती नेताहरू यहाँ कहिल्यै आएनन् त? त्यतिबेला उहाँहरूको प्यारो प्रधान दाजु तपाईँलाई भेट्न आयो र! बेला-बेला यही बाटो भएर कुद्ने ठुटे नेताहरूले समेत एकैदिन गाड़ी रोकेर हजुरको हालखबर सोधेनन्। बस्तीदेखि बजारसम्मका संसाधनहरूको भाग लगाउँदै आफ्नो अस्तित्व धरापमा पारिसकेका झोलेहरूका झोलाबाट हजुरको अर्जीपत्र अब बाहिर ननिस्कने रहेछ।''

विकासका एक-एक कुरामा एकोहोरी रहेका रहरमानको मुखबाट एउटा वाक्य उनको उराठिलो निःश्वाससँगै निस्कियो– ''अब हुन्छ होला परिवर्तन।'' ❐

के तस्बिर बोल्छ?

शाविन लिम्बू
तिङ्मो, राभाङ्ला

मेरो कोठाभित्र
एउटा अजनबी तस्बिर टाँसिएको छ।
म कोठाभित्रै प्रायः पल्टिरहन्छु,
बैरागीको पाङ्ग्रे सुँगुरजस्तो
म यसरी पल्टिरहेको हुँदा त्यो तस्बिर
शून्य र विषाद देख्छु
यात्रीहीन बिनाको खाली कमाण्डर जस्तो।

त्यो तस्बिर जसरी हेऱ्यो उस्तै देखिन्छ,
लियोनार्दोको रहस्यमय
कलाकृति मोनालिसा जस्तो
त्यो तस्बिर र कालरात्री दुरुस्तै देख्छु म त,
कालरात्री दुःखीको छानो बनिदिन्छन्
उस्तै त्यो तस्बिर मेरो सहारा बनिदिएको छ
म हर्ष, विस्माद र चिन्तनको भुमरीमा हुँदा पनि
मेरा आँखाहरू अनायससै त्यहीँ ठोक्किन पुग्छन्।

त्यो स्तब्ध क्यानभासमा आखिर लुकेको के छ?
मातेको मान्छेको भाषण जस्ता सङ्केत पनि देख्दछु
जुनसुकै कोणबाट हेरे पनि, त्यही केवल
ती तृषित र लोभी आँखा देखिन्छन्।
लोभी आँखा
हो लोभी आँखा,
यतिविघ्न आशक्ति र अनुराग
आखिर केका लागि होला?
त्यो तस्बिरको पनि
आफ्नो एउटा मौन भाषा पक्कै हुनुपर्छ
नत्र एउटा चित्र यसरी किन बोल्छ?
❐

शमसेर अलीको कथासङ्ग्रह 'अबुई' पढ़ेपछि

भाष्कर मैनाली शर्मा
दार्जीलिङ

शमसेर अलीद्वारा लिखित कथासङ्ग्रह 'अबुई' अप्रेल २०२४ मा पहिलोपटक प्रकाशित भएको हो। यस पुस्तकका प्रकाशक चरित्र प्रकाशन, कालेबुङ रहेका छन्। जम्मा ९५ पृष्ठ र १५ वटा कथा समेटिएको यस कथासङ्ग्रहको आकार मझौला छ भने बोक्नसमेत हल्का र सहज रहेको छ। धेरै मानिसहरू भूत-प्रेत र आत्मामाथि विश्वास गर्ने गर्छन्। कतिपयले त आफूले भूत-प्रेत वा अदृश्य शक्तिसँग जम्काभेट गरेका प्रसङ्गसमेत सुनाउने गर्छन् भने कतिपय मानिस यस्ता कुराप्रति विश्वास गर्दैनन्। आजको आधुनिक तथा कृत्रिम बौद्धिकताको युगमा यस्ता विषयप्रतिको मानिसहरूको विश्वास पहिलेको तुलनामा घट्दै गएको देखिए पनि भूत-प्रेत तथा आत्मासम्बन्धी रहस्यप्रति मानिसहरूको चासो भने पूर्ण रूपमा समाप्त भएको छैन।

वास्तवमा भूत-प्रेत वा आत्मा अस्तित्वमा छन् कि छैनन् भन्ने कुरा वैज्ञानिक रूपमा प्रमाणित भएको विषय होइन। तर यस्ता रहस्यमय प्रसङ्गहरू विश्वभरि विभिन्न समाज, संस्कृति र लोकविश्वासमा लामो समयदेखि प्रचलित रहँदै आएका छन्। भूत-प्रेतलाई आधार बनाएर विश्वभरि थुप्रै चलचित्र, गीत तथा साहित्यिक कृतिहरू निर्माण र सिर्जना भएका छन्। पश्चिमी साहित्यमा ब्राम स्टोकरद्वारा लिखित 'ड्र्याकुला' यस विषयसँग सम्बन्धित विश्वप्रसिद्ध कृति हो। नेपाली साहित्यमा पनि भूत-प्रेत तथा रहस्यलाई आधार बनाएर केही साहित्यिक रचनाहरू सिर्जना भएका छन्। भारतेली नेपाली साहित्यमा सुखनमले पनि यस विषयमा कलम चलाएका छन् र उनको 'सन्तोष बाबुको डायरीमाथि' नामक कथा यस सन्दर्भमा उल्लेखनीय मानिन्छ।

यही परम्परालाई आफ्नो ढङ्गले अगाड़ि बढ़ाउँदै शमसेर अलिद्वारा लिखित 'अबुई' पनि भूत-प्रेत, आत्मा र रहस्यका प्रसङ्गलाई केन्द्रमा राखेर लेखिएको कथासङ्ग्रह हो। यस सङ्ग्रहमा भड्किएका र तड्पिएका आत्मा, भूत-प्रेत तथा अदृश्य शक्तिसँग सम्बन्धित विभिन्न रहस्यमय घटनाहरू प्रशस्त मात्रामा भेटिन्छन्। त्यसैले समग्र रूपमा हेर्दा 'अबुई'लाई भूत-प्रेत तथा आत्मासम्बन्धी रहस्यमय कथाहरूको सङ्ग्रहका रूपमा लिन सकिन्छ।

'अबुई' कथासङ्ग्रहमा रहेका अधिकांश कथाहरू कालेबुङलाई पृष्ठभूमि बनाएर लेखिएका छन्। विशेषगरी कालेबुङको प्रसिद्ध ब्रिटिसकालीन मोर्बिन हाउसका प्रसङ्गहरू यस सङ्ग्रहका धेरै कथाहरूमा भेटिन्छन्। तर कथासङ्ग्रह केवल भूत-प्रेतका घटनाहरूमा मात्र सीमित छैन। कालेबुङ र यससँग जोड़िएका ऐतिहासिक तथा सामाजिक विषयवस्तु, लेखकले जीवनमा देखेका र भोगेका अनुभव, लेखकका परिवार तथा पुर्खासँग सम्बन्धित प्रसङ्गहरू पनि कथाहरूमा समेटिएका छन्।

सङ्ग्रहमा विभिन्न प्रसिद्ध गीतहरूको प्रसङ्गसमेत प्रयोग गरिएको पाइन्छ। उदाहरणका रूपमा प्रसिद्ध गायक सुगम पोखरेलको 'फेरि त्यो दिन सम्झन चाहन्नँ' तथा नारायण गोपालको 'आजभोलि हरेक साँझ मातिन थालेछ' जस्ता गीतहरूको उल्लेख कथाहरूमा गरिएको छ। यस्ता गीतको प्रयोगले कथामा तत्कालीन समय, वातावरण र पात्रहरूको भावनात्मक अवस्थालाई थप जीवन्त बनाउने काम गरेको देखिन्छ।

कथासङ्ग्रहमा समेटिएका धेरैजसो भूत-प्रेतसम्बन्धी घटनाहरू लेखक स्वयंले प्रत्यक्ष रूपमा भोगेका घटनाभन्दा पनि अरूबाट सुनेका प्रसङ्गहरूमा आधारित देखिन्छन्। लेखकले यस्ता सुनेका घटनाहरूलाई कथात्मक शैलीमा प्रस्तुत गर्दै पाठकलाई रहस्य, कौतुहल र जिज्ञासाको संसारमा प्रवेश गराएका छन्।

कालेबुङको मोर्बिन हाउस यस कथासङ्ग्रहमा विशेष महत्त्वका साथ उपस्थित हुन्छ। मोर्बिन हाउसमा बङ्गाली तथा हिन्दी चलचित्र जगत्का विभिन्न कलाकारहरू आएको प्रसङ्गदेखि ब्रिटिसकालीन समयका घटनासम्मका कुराहरू कथाहरूमा उल्लेख भएका छन्। यसका साथै लेप्चा राजा गेबु आचेकसँग सम्बन्धित प्रसङ्गसमेत सङ्ग्रहमा भेटिन्छ। यसले कथासङ्ग्रहलाई केवल रहस्य र भूत-प्रेतको संसारमा सीमित नराखी कालेबुङको इतिहास, लोकविश्वास र सामाजिक स्मृतिसँग समेत जोड़ेको छ। यस सङ्ग्रहका रहस्यमय प्रसङ्गहरू विविध प्रकारका छन्। कतै मृत्यु भइसकेका मानिसहरू बोल्न आएको भनिएका घटनाहरू छन्, कतै आफैँ ऐना फुटेको प्रसङ्ग छ भने कतै सुतिरहेको समयमा अदृश्य शक्तिले सिरक तानेको घटना प्रस्तुत गरिएको छ। कतिपय कथामा मृत भइसकेका मानिससँग भेटघाट वा कुराकानी भएको र पछि मात्र उनीहरूको मृत्यु भइसकेको थाहा भएको प्रसङ्ग आउँछ। कतिपय अवस्थामा डाक्टरबाट उपचार सम्भव नभएपछि धामी-झाँक्रीद्वारा झारफुक गरेर निको भएको भनिएका घटनाहरू पनि कथामा समेटिएका छन्। यसका साथै केही पात्रहरूको अचानक तथा रहस्यमय मृत्युका प्रसङ्गले कथाहरूमा थप कौतुहल र रहस्य सिर्जना गरेका छन्।

यद्यपि, कथासङ्ग्रहको प्रमुख केन्द्र कालेबुङ हो, कथाहरूको भौगोलिक दायरा त्यतिमै सीमित छैन। कालेबुङसँगै दार्जीलिङ, गेल, सिक्किम, कोलकाता, सिलगढ़ी लगायतका स्थानहरू तथा केही विदेशी ठाउँहरूको समेत प्रसङ्ग कथाहरूमा पाइन्छ। यसले कथाहरूको परिवेशलाई केही फराकिलो बनाएको छ।

निष्कर्ष

समग्रमा हेर्दा 'अबुई' शमसेर अलिको रहस्य, लोकविश्वास, भूत-प्रेत र आत्मासम्बन्धी विषयलाई कथात्मक रूपमा प्रस्तुत गरिएको कथासङ्ग्रह हो। यसका कथाहरूले पाठकलाई केवल डर र रहस्यको अनुभूति मात्र गराउँदैनन्, बरु कालेबुङको परिवेश, ☛ रहल पृष्ठ ७-मा

कवि भानु अधिकारीकृत 'अतीतदेखि वर्तमानसम्म' : गोर्खाको ऐतिहासिक दस्तावेज

अर्जुन शर्मा निरौला
गीतखोला-कालेबुङ



भानु अधिकारीकृत झ्याउरे छन्दमा लेखिएको इतिहासपरक काव्य 'अतीतदेखि वर्तमानसम्म' (भारतमा गोर्खाको व्यथा र कथा) ईस्वी सन् १७०४ देखि वर्तमानसम्मको गोर्खा समाजको इतिहास, सङ्घर्ष, कथा र व्यथालाई समेटिएको एउटा महत्त्वपूर्ण ऐतिहासिक दस्तावेज हो। यस कृतिको स्वरूप र महत्त्वबारे कृतिभित्र आफ्ना विचार राख्नुहुने विज्ञजनले विभिन्न कोणबाट प्रकाश पार्नुभएको छ। छविलाल उपाध्याय यसो भन्नुहुन्छ– भारतमा गोर्खाजातिको कथा र व्यथालाई उजागर गर्दै सुदूर अतीत ईस्वी सन् १७०४ देखि आजपर्यन्तका सङ्घर्षका कथाहरूलाई यहाँ संक्षिप्त रूपमा जातीय लोकलय (झ्याउरे छन्द) को प्रयोग गरी काव्यात्मक प्रस्तुति दिइएको छ। पाँचौँ, दशौँ र सोह्रौँ अक्षरमा विश्राम हुने झ्याउरे छन्दमा ऐतिहासिक घटनाक्रमलाई आफ्नै आँखाले देखेको जस्तै यहाँ यथावत् वर्णन गरेको पाइन्छ। त्यसैले यस काव्यलाई ऐतिहासिक गीतिकाव्य भन्दा अनौठो नहोला।

डा. योगेस खाती आफ्नो मन्तव्यमा लेख्नुहुन्छ– ''उनको यस नयाँ कृति 'अतीतदेखि वर्तमानसम्म' (सन् २०२४) भारतीय नेपाली भाषी समुदायको एउटा लामो यात्रालाई छन्द कवितामार्फत अटाएर एउटा विशेष अध्ययनका रूपमा प्रस्तुत गरिएको कृति हो। ३९ वटा अध्यायभित्र ११०० भन्दा बेसी श्लोक रहेका यस काव्यपुस्तक पूर्ण झ्याउरे छन्दमा रचिएको छ।''

आजको साहित्य अध्ययन अन्तरविषयक अध्ययन हुँदै गइरहेको छ। साहित्यका कुराभित्र काल्पनिक कुरा मात्र नभएर समाजसँग जोड़िएका मुद्दा अनि सरोकारहरू पनि मुख्य रूपमा सामुन्ने आइरहेका छन्। यस कृतिको विषयगत संरचना अनि अभिव्यक्तिलाई अध्ययन गर्दा इतिहासपरक चेतना बोकेको एउटा गहन कृतिको रूपमा यसलाई पाइन्छ।

कृष्णशरण उपाध्याय पौड्याल यस कृतिबारे आफ्नो धारणा यसरी व्यक्त गर्नुहुन्छ– यो सिर्जना भारतमा गोर्खाली समुदायको केवल राजनैतिक मागको अभिव्यक्ति मात्र होइन, यो उनीहरूको सांस्कृतिक र भावनात्मक अस्तित्वको खोज हो। काव्यमा कविले गोर्खाली पहिचानको विगत, वर्तमान र भविष्यलाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन्। यसले पाठकलाई गोर्खाली आन्दोलनको वास्तविकता, अन्याय र शोषणको गहिराइ महसुस गराएको छ। यस काव्यले हामीलाई केवल भावुक बनाउँदैन तर गोर्खा अस्मिताको औचित्यबारे सोच्न पनि बाध्य बनाउँछ। यसले गोर्खाली समाजको सांस्कृतिक धरोहर र सामूहिक पहिचानलाई प्रस्टसित चित्रण गरेको छ। यहाँ पहिचानको सङ्कटलाई मात्र होइन, यसको संरक्षणका लागि गरिएका बलिदान र सङ्घर्षलाई पनि बलियो रूपमा प्रस्तुत गरिएको छ। यो काव्य भारतमा गोर्खाली समुदायको आत्मसम्मान, अधिकार र अस्तित्वको सङ्घर्षलाई साहित्यिक उँचाइमा पुऱ्याउन सफल छ। यसको महत्त्व केवल कविताको रूपमा सीमित छैन, यो एउटा ऐतिहासिक अभिलेख हो, जसले भविष्यका पुस्तालाई प्रेरणा दिनेछ।

कृतिका प्रकाशक डम्बर दाहाल आफ्नो प्रकाशकीय कलममा लेख्नुहुन्छ– ''आदरणीय भानु अधिकारीद्वारा लेखिएको इतिहासपरक काव्य 'अतीतदेखि वर्तमानसम्म' भारतवर्षमा हाम्रो जातिले पूर्वदेखि आजसम्म भोगिरहेको व्यथा र कथालाई यहाँ जुन प्रकारले कवितात्मक प्रस्तुति दिइएको छ, त्यसले काव्यलाई गरिमामय बनाएको मैले अनुभव गरेको छु।'' कृतिभित्र समेटिएका विषयवस्तु र यसको महत्त्वबारे माथिका मन्तव्यहरूले पर्याप्त प्रकाश पारेका छन्। त्यसैले यहाँ ती विषयलाई पुनः दोहोऱ्याइरहनु आवश्यक ठानिनँ। अब कृतिभित्रका विषयवस्तु, त्यसको प्रस्तुति र काव्यिक प्रभावलाई पढ़ेर, बुझेर र मनन गरेर मूल्याङ्कन गर्ने पालो पाठक स्वयमको हो।

'अतीतदेखि वर्तमानसम्म' कविताकृतिका केही कवितांश यस्ता छन्–

१/
पश्चिमेमध्ये ब्रिटिस थिए चलाख चतुर
व्यापार आफ्ना दोगुणा पार्न बनेथे आतुर।
(१२)
पृष्ठ सङ्ख्या-०२

२/
सिक्किम थियो यो भूमिभित्र मध्यमा विशाल
पूर्वमा सानो भुटान राज्य पश्चिम नेपाल।
(१४)
पृष्ठ सङ्ख्या-०४

३/
छिनियो सबै डुवर्सको माटो सिक्किमे गर्भको
मालिक बन्यो भुटान अब टिस्टाको पूर्वको।
(१५)
पृष्ठ सङ्ख्या-०७

४/
चिनियाँसँग व्यापार थियो, गर्दथे आयात
मुनाफा लिन्थे, थुपार्थे धन, चुस्दथे भारत।
(४)
पृष्ठ सङ्ख्या-१८

५/
कालेबुङ पसी औषधी खेती बिस्तारै फैलियो
पछिल्ला दिन रोङ्गोमा पनि सिन्कोना मौलियो।
(३४)
पृष्ठ सङ्ख्या-५५ ☛ रहल पृष्ठ ७-मा

हिमाली बेला

गान्तोक, आइतवार, २५ अक्टोबर, २०२६



मङ्गल ग्रहमा घर बनाउन नयाँ प्रविधि

हङकङ साइन्स एन्ड टेक्नोलजी युनिभर्सिटीका प्राध्यापक किउ जिसिन र हङकङ पोलिटेक्निक युनिभर्सिटीका वैज्ञानिकहरूको टोलीले यसको विकास गरेको हो। टोलीले मङ्गल ग्रहको वास्तविक वातावरण (माइनस ३० डिग्री सेल्सियस तापक्रम र ०.०१ एटमोस्फियर वायुमण्डलीय चाप) सिर्जना गरिएको विशेष च्याम्बरमा ४५ एमएम अग्लो र ३० एमएम व्यास भएको सानो स्तम्भ सफलतापूर्वक ३डी प्रिन्ट गरेको छ।

मङ्गल ग्रहमा मानव बस्ती बसाल्ने योजनामा सबैभन्दा ठूलो चुनौती निर्माण सामग्रीको व्यवस्थापन हो। पृथ्वीबाट निर्माण सामग्री लैजान लाग्ने अत्यधिक खर्च र मङ्गल ग्रहको माटो पगालेर ईट्टा बनाउन आवश्यक पर्ने उच्च ऊर्जाको समस्यालाई समाधान गर्न वैज्ञानिकहरूले एक नवीन विकल्प प्रस्तुत गरेका छन्।

हङकङका वैज्ञानिकहरूले वंशाणुगत रूपमा परिवर्तन (जेनेटिकली इञ्जिनियर) गरिएको 'इस्ट', जिलाटिन र बालुवाको मिश्रणबाट मङ्गल ग्रहका लागि उपयोगी थ्रिडी प्रिन्टिङ जैविक निर्माण सामग्री विकास गरेका छन्। अन्तरराष्ट्रिय जर्नल सेल प्रेस को 'केम सर्कुलारिटी' मा प्रकाशित अध्ययन अनुसार यो जैविक सामाग्रीले बालुवाका कणहरूलाई मजबुतसँग जोड्ने काम गर्छ।

प्रविधिको मुख्य विशेषता र क्षमता:

उच्च मजबुती: यो सामग्रीको कम्प्रेसिभ स्ट्रेन्थ (दबाउ सहन सक्ने क्षमता) करिब १२ मेगापास्कल मापन गरिएको छ। यो सामान्य नियन्त्रित सामाग्रीको तुलनामा १७० प्रतिशतले बढ़ी हो र परम्परागत निर्माण सामग्रीको दायरामै पर्छ।

कम ऊर्जा खपतः मङ्गल ग्रहमा परम्परागत प्रविधिबाट १,००० डिग्री सेल्सियसभन्दा बढ़ी तापक्रममा माटो पगाल्न कैयौँ दिन लाग्छ। तर, एक क्युबिक मिटर जैविक सामग्री उत्पादन गर्न सौर्य प्यानलबाट १ घण्टाभन्दा कम समयको ऊर्जा मात्र खर्च हुन्छ।

पुनः प्रयोग गर्न सकिने : यस सामग्रीलाई धुलो पारेर, पुनः पानी मिसाई हल्का तताएर चौथो पुस्तासम्म प्रयोग गर्दा पनि यसले ११.८ मेगा पास्कलको मजबुती कायम राख्छ।

मङ्गल ग्रहको वातावरणमा सफल परीक्षणः

हङकङ साइन्स एन्ड टेक्नोलजी युनिभर्सिटीका प्राध्यापक किउ जिसिन र हङकङ पोलिटेक्निक युनिभर्सिटीका वैज्ञानिकहरूको टोलीले यसको विकास गरेको हो। टोलीले मङ्गल ग्रहको वास्तविक वातावरण (माइनस ३० डिग्री सेल्सियस तापक्रम र ०.०१ एटमोस्फियर वायुमण्डलीय चाप) सिर्जना गरिएको विशेष च्याम्बरमा ४५ एमएम अग्लो र ३० एमएम व्यास भएको सानो स्तम्भ सफलतापूर्वक ३डी प्रिन्ट गरेको छ।

मङ्गल ग्रहको कम चाप र चिसो हावापानीमा मिश्रणमा भएको पानी सुक्खा (फ्रिज - ड्राइङ) भई सामग्री कड़ा बन्दछ। यसमा प्रयोग गरिएको इस्टले सीप (मसेल फूट) जस्ता जीवहरूको टाँसिने प्रोटिन उत्पादन गर्छ, जसले संरचनालाई अझ बलियो बनाउँछ।

पृथ्वीबाट सामाग्री ढुवानी र सम्भावनाः

यद्यपि, यो प्रविधि अझै पूर्ण रूपमा आत्मनिर्भर छैन। १ क्युबिक मिटर सामाग्री बनाउन पृथ्वीबाट दश किलो कच्चा पदार्थ (मुख्यतः जिलाटिन र इस्टका लागि पोषक तत्त्व) लैजानुपर्ने हुन्छ। यदि भविष्यमा मङ्गल ग्रहमा उपलब्ध मिथेन, कार्बन डाइअक्साइड र हिउँलाई जिलाटिन वा पोषक तत्त्वमा बदल्न सकिएमा पृथ्वीबाट सामाग्री ओसार्नुपर्ने बाध्यता शून्यमा झर्ने वैज्ञानिकहरूको अनुमान छ।

यस सामग्रीलाई मङ्गल ग्रहबाहेक पृथ्वीका दुर्गम क्षेत्रहरू, जस्तै अन्टार्कटिकाका अनुसन्धान केन्द्रहरू निर्माण गर्न समेत प्रयोग गर्न सकिने सम्भावना देखिएको छ।

टेस्लाको उड्ने कार के हो? के छन् विशेषता?

अमेरिकी विद्युतीय कार उत्पादक कम्पनी टेस्लाले टेक्ससमा आयोजित एक विशेष कार्यक्रमकाबीच आफ्नो बहुप्रतीक्षित इलेक्ट्रिक स्पोर्ट्स कार 'रोडस्टर'-को नयाँ संस्करण सार्वजनिक गरेको छ।

यसलाई कम्पनीले 'रियल लाइफ फ्लाइङ कार' (वास्तविक जीवनको उड्ने कार)-को रूपमा प्रस्तुत गरेको छ, जसमा रकेटमा प्रयोग हुने थ्रस्टरहरूको सहायताले जमिनबाट हावामा उड्न र हावामै मोडिन सक्ने क्षमता रहेको छ।

स्पेसएक्सको परिसरमा आयोजित डेमो कार्यक्रममा टेस्लाका मुख्य कार्यकारी अधिकृत इलन मस्कले दर्शकहरूलाई सम्बोधन गर्दै भने, ''आज राति तपाईँहरूले केही यस्ता अचम्मका कुराहरू देख्दै हुनुहुन्छ, जुन कसैले कल्पना पनि गरेका थिएनन्।'' मस्कले यो भिडियो एआई जेनेरेटेड नभई वास्तविक भएको प्रमाणित गर्नकै लागि लाइभ डेमो प्रदर्शन गरिएको बताए।

कसरी उड्छ नयाँ रोडस्टर?

डेमोका क्रममा सेकेन्ड जेनेरेसनको यो रोडस्टर कार एक ठूलो च्याम्पमा तीव्र गतिमा उक्लिन्छ र त्यहाँबाट हावामा उफ्रिन्छ। त्यसपछि कारले हावामै फ्लिप देखाउँछ र एयर जेटको सहायताले जमिनमा सुरक्षित रूपमा ल्याण्ड गर्छ।

सफल ल्यान्डिङपछि मस्कले खुशी व्यक्त गर्दै भनेका थिए, ''यसले त साँच्चै काम गऱ्यो!''

इलन मस्कका अनुसार यो कारले मात्र ०.८१ सेकेन्डमा ९७ किलोमिटर प्रतिघण्टाको गति समात्न सक्छ।

यो कारलाई विकास गर्न टेस्ला र स्पेसएक्सका अभियन्ताहरूले संयुक्त रूपमा सहकार्य गरेका छन्। दुईजना बस्न मिल्ने यो कारमा अन्तरिक्षमा रकेट र उपग्रहहरूको दिशा परिवर्तन गर्न प्रयोग गरिने 'कोल्ड-ग्यास थ्रस्टर' प्रविधि जड़ान गरिएको छ। यसले कम्प्रेस्ड हावा वा ग्यासलाई उच्च दबाउका साथ बाहिर फ्याकेर गाड़ीलाई अतिरिक्त बल प्रदान गर्छ। कारमा हावामै नियन्त्रण गर्नका लागि 'एल्टिट्यूड थ्रस्टर्स' र पछाड़िको भागमा 'मेन थ्रस्टर्स' राखिएका छन्। यसले कारलाई रकेटझैँ उड्न मद्दत गर्छ।

पृथ्वीभित्र हुने सूक्ष्म हलचलले बदलिन्छ दिनको लम्बाइ

हामी धेरैजसो दिन २४ घण्टाको हुन्छ भन्ने सोच्छौँ। तर, वास्तवमा पृथ्वीको घुम्ने गति सधैँ एउटै हुँदैन। यो फरक धेरै सानो हुन्छ। भौतिकशास्त्रीहरूले यसलाई मापन गर्न सक्छन्। पृथ्वीको भित्री भागमा हुने सूक्ष्म परिवर्तनका कारण केही दिन अलि छोटा वा लामा हुन्छन्।

वैज्ञानिकहरूले करिब तीन दशकदेखि पृथ्वीको तरल कोर एउटै गतिमा नघुम्ने कुरा थाहा पाएका छन्। चुम्बकीय क्षेत्रमा हुने परिवर्तनले तरल कोर केही दशकमा तीव्र र त्यसपछिका दशकमा सुस्त हुने देखाएको छ। पृथ्वीको म्यान्टलले यसको विपरीत प्रतिक्रिया दिन्छ। कोरको गति बढ्दा म्यान्टल सुस्त हुन्छ र कोर सुस्त हुँदा म्यान्टलको गति बढ्छ।

यो आदान-प्रदान पृथ्वीको कुल एङ्गुलर मोमेन्टम स्थिर रहने भएकाले हुन्छ। म्यान्टलको घुम्ने गतिमा हुने साना परिवर्तनले पनि दिनको लम्बाइमा केही मिलिसेकेन्डको फरक पार्छन्।

वैज्ञानिकहरूले कोर र म्यान्टलले यो मोमेन्टम कसरी साटासाट गर्छन् भनेर लामो समयदेखि अध्ययन गरिरहेका थिए। २३ सेप्टेम्बरमा नेचर पत्रिकामा प्रकाशित अध्ययनमा अल्बर्टा युनिभर्सिटीका विद्यावारिधि विद्यार्थी हुइफेङ झाङ र प्रोफेसर म्याथ्यु डम्बरीले यसको समाधान प्रस्तुत गरेका छन्।

उनीहरूका अनुसार पृथ्वीको भित्री कोरको घुम्ने गतिमा हुने परिवर्तनले ग्याभिटेशनल टर्क सिर्जना गर्छ। भित्री कोर पूर्ण रूपमा गोलो नभएकाले यसको गतिले म्यान्टलको

वैज्ञानिकहरूले करिब तीन दशकदेखि पृथ्वीको तरल कोर एउटै गतिमा नघुम्ने कुरा थाहा पाएका छन्। चुम्बकीय क्षेत्रमा हुने परिवर्तनले तरल कोर केही दशकमा तीव्र र त्यसपछिका दशकमा सुस्त हुने देखाएको छ। पृथ्वीको म्यान्टलले यसको विपरीत प्रतिक्रिया दिन्छ। कोरको गति बढ्दा म्यान्टल सुस्त हुन्छ र कोर सुस्त हुँदा म्यान्टलको गति बढ्छ।

माससँग गुरुत्वाकर्षण अन्तरक्रिया गर्छ। यसले म्यान्टलको घुम्ने गतिमा थोरै परिवर्तन ल्याउँछ। यसैका कारण दिनको लम्बाइमा साना परिवर्तनहरू आउँछन्।

कोर र म्यान्टलको सिमानामा अर्को बलले पनि काम गर्छ। यसलाई कोर म्यान्टल बाउन्ड्री टर्क भनिन्छ। यसले घर्षण र इलेक्ट्रोम्याग्नेटिक ड्र्याग सिर्जना गर्छ। यसले गुरुत्वाकर्षण खिचावको विरोध गर्छ। यो प्रतिरोधले दिनको लम्बाइ कति परिवर्तन हुन सक्छ भन्ने सीमा तय गर्छ। अनुसन्धानकर्ताहरूका अनुसार यी दुई टर्कबीचको सन्तुलनमा आउने फेरबदलले दिनको लम्बाइमा भिन्नता ल्याउँछ।

यो खोजले पृथ्वीको गहिरो भागमा के भइरहेको छ भन्नेबारे नयाँ जानकारी दिएको छ। झाङ र डम्बरीका अनुसार भित्री कोर करिब १० वर्षको समयसीमामा भिस्कस्ली डिफर्म हुन्छ। यसले पृथ्वीको सबैभन्दा भित्री भाग हामीले सोचेभन्दा धेरै गतिशील रूपमा परिवर्तन हुन सक्ने देखाउँछ।

१४औँ प्रयासमा पृथ्वीको कक्षमा पुग्न सफल भयो स्पेसएक्सको स्टारशिप

इलोन मस्कको कम्पनी स्पेसएक्सले निर्माण गरेको शक्तिशाली रकेट 'स्टारशिप' पहिलोपटक पृथ्वीको कक्ष (अर्बिट)-मा पुगेको छ। २८ सेप्टेम्बरमा गरिएको स्टारशिपको १४औँ परीक्षण उड़ानका क्रममा २६ वटा नयाँ प्रविधिका स्टारलिङ्क स्याटेलाइटसमेत अन्तरिक्षमा पठाइएको छ।

SpaceX Video Screenshot

इलोन मस्कको कम्पनी स्पेसएक्सले निर्माण गरेको शक्तिशाली रकेट 'स्टारशिप' पहिलोपटक पृथ्वीको कक्ष (अर्बिट)-मा पुगेको छ।

२८ सेप्टेम्बरमा गरिएको स्टारशिपको १४औँ परीक्षण उड़ानका क्रममा २६ वटा नयाँ प्रविधिका स्टारलिङ्क स्याटेलाइटसमेत अन्तरिक्षमा पठाइएको छ।

भारतीय समयअनुसार साँझ ६:१५ बजी टेक्सासस्थित स्टारबेसबाट स्टारशिप प्रक्षेपण गरिएको थियो। यसअघि स्टारशिपका सबै परीक्षण उड़ानलाई सब-अर्बिटल ट्राजेक्टोरीमा सीमित गरिएको थियो। यसको उद्देश्य सुरक्षा कायम राख्दै रकेटको प्रदर्शनसम्बन्धी बढ़ीभन्दा बढ़ी तथ्याङ्क सङ्कलन गर्नु थियो। यसपटक भने स्टारशिप पहिलोपटक पृथ्वीको कक्षमा प्रवेश गरेको हो।

योजना गरिएको समयभन्दा अघि नै मिसन समाप्त

शुरुआती योजनाअनुसार स्टारशिपलाई करिब १० घण्टासम्म पृथ्वीको कक्षमा घुमाउने तयारी थियो। तर, मिसनका क्रममा गरिएको समीक्षा (रिभ्यु) पछि कन्ट्रोलरहरूले उड़ान छोट्याउने निर्णय गरेका थिए।

उड़ान शुरु भएको करिब २ घण्टा १२ मिनटपछि स्टारशिपको डी-अर्बिट बर्न पूरा गरिएको थियो। त्यसपछि उड़ान शुरु भएको करिब तेस्रो घण्टामा स्टारशिपलाई प्रशान्त महासागरमा सफल अवतरण गराइएको थियो।

स्टारशिप स्पेसक्राफ्ट र सुपर हेभी बुस्टर गरी दुई मुख्य भाग मिलेर बनेको प्रणालीलाई सामूहिक रूपमा 'स्टारशिप' भनिन्छ। यसको उँचाइ लगभग ४०३ फिट अर्थात् १२३ मिटर छ।

यसरी २०२३ मा पहिलो परीक्षण उड़ानबाट शुरु भएको स्टारशिपको परीक्षण यात्रा १४औँ उड़ानसम्म आइपुग्दा पहिलोपटक पृथ्वीको कक्षमा पुग्ने चरणमा पुगेको छ। स्पेसएक्सले स्टारशिपलाई भविष्यमा मानिस र ठूलो परिमाणमा सामग्री अन्तरिक्षमा लैजान तथा पुनः प्रयोग गर्न सकिने रकेटका रूपमा विकास गरिरहेको जनाएको छ।

पहिलोपटक स्टारलिङ्कको नयाँ पुस्ताका २६ स्याटेलाइट

यो मिशनमा पहिलोपटक नयाँ प्रविधिमा आधारित २६ वटा 'स्टारलिङ्क भी ३' स्याटेलाइट अन्तरिक्षमा पठाइएको छ।

यी स्याटेलाइटले विश्वव्यापी स्टारलिङ्क इन्टरनेट नेटवर्कको क्षमता बढ़ाउने अपेक्षा गरिएको छ। एउटा स्याटेलाइटले लगभग १ टेराबिट प्रतिसेकेन्ड (टीबीपीएस) डेटा क्षमता थप्ने दाबी गरिएको छ।

यस हिसाबले यसपटक प्रक्षेपण गरिएका २६ स्याटेलाइटले कुल करिब २६ टीबीपीएस डेटा क्षमता थप्न सक्ने बताइएको छ। यो स्पेसएक्सको फाल्कन-९ रकेटबाट पठाइने अघिल्लो पुस्ताका साना स्याटेलाइटको तुलनामा उल्लेख्य रूपमा बढ़ी क्षमता हो।

१३औँ परीक्षणमा पहिलोपटक पानीमा सुरक्षित अवतरण

स्टारशिपको १३औँ परीक्षण उड़ान २५ जुलाई, २०२६ मा भएको थियो। उक्त परीक्षणमा माथिल्लो भाग (अपर स्टेज) हिन्द महासागरमा र बुस्टर मेक्सिकोको खाडीमा अवतरण गरिएको थियो। यो स्टारशिपलाई सुरक्षित रूपमा पानीमा अवतरण गराइएको पहिलो अवसर थियो। अवतरणका क्रममा स्टारशिप 'बेली-फ्लप' अवस्थाबाट सीधा हुँदै पानीमा ठाडो रूपमा अवतरण गरेको थियो। त्यसपछि विस्तारै एकातर्फ ढल्किएर समुद्रमा तैरिएको थियो।

१२औँ परीक्षणमा इञ्जिनमा समस्या

स्टारशिपको १२औँ परीक्षणमा पहिलोपटक यसको नयाँ र ठूलो भी-३ संस्करण प्रयोग गरिएको थियो। टेक्सासको दक्षिणी क्षेत्रमा रहेको स्टारबेसबाट उडान भरेपछि इञ्जिनमा समस्या आएको थियो। रकेट असफल हुने जोखिम देखिए पनि करिब एक घण्टापछि स्टारशिप स्पेसक्राफ्ट हिन्द महासागरमा सुरक्षित अवतरण गर्न सफल भएको थियो।

११औँ परीक्षणमा डमी स्याटेलाइट प्रक्षेपण

१४ अक्टोबर, २०२५ मा भएको ११औँ परीक्षणमा सुपर हेभी बुस्टरलाई अमेरिकाको खाडीमा र स्टारशिपलाई हिन्द महासागरमा पानीमा अवतरण गराइएको थियो। यस परीक्षणको उद्देश्य भविष्यमा बुस्टर र स्टारशिपलाई प्रक्षेपणस्थलमै फर्काएर पुनः प्रयोग गर्ने प्रविधिसम्बन्धी परीक्षण गर्नु थियो।

१०औँ परीक्षणमा स्टारलिङ्क सिमुलेटर अन्तरिक्षमा

२७ अगस्त, २०२५ मा भएको १०औँ परीक्षणमा स्टारलिङ्कका सिमुलेटर स्याटेलाइट अन्तरिक्षमा पठाइएको थियो। यी वास्तविक स्टारलिङ्क स्याटेलाइट नभई तिनकै नमुना (डमी) हुन्। तिनको प्रयोग स्टारशिपको स्याटेलाइट प्रक्षेपण क्षमता परीक्षण गर्न गरिएको थियो।

९औँ परीक्षणमा नियन्त्रण गुम्यो

२८ मई, २०२५ मा भएको नवौँ परीक्षणमा प्रक्षेपणको करिब ३० मिनटपछि स्टारशिपले नियन्त्रण गुमाएको थियो। त्यसपछि वायुमण्डलमा पुनः प्रवेश गर्ने क्रममा यो नष्ट भएको थियो। यद्यपि सुपर हेभी बुस्टरले भने मेक्सिकोको खाडीमा अवतरण गरेको थियो।

आठौँ परीक्षणमा बुस्टर फर्कियो, स्टारशिप नष्ट

७ मार्च, २०२५ मा भएको आठौँ परीक्षणमा प्रक्षेपणको करिब सात मिनटपछि सुपर हेभी बुस्टर अलग भएर फर्किएको थियो। तर, त्यसको करिब आठ मिनटपछि स्टारशिपको माथिल्लो भागका ६ मध्ये चार इञ्जिनले काम गर्न छाड़ेपछि यसले नियन्त्रण गुमाएको थियो। त्यसपछि स्वचालित अबोर्ट प्रणालीमार्फत स्टारशिपलाई नष्ट गरिएको थियो। स्टारशिपको भग्नावशेष खसेपछि मियामी, ओर्लान्डो, पाम बिच र फोर्ट लडरडेल क्षेत्रका विमानस्थलको उडान सेवासमेत प्रभावित भएको थियो।

सातौँ परीक्षणमा बुस्टर फर्कियो, स्पेसक्राफ्ट विस्फोट

१७ जनवरी, २०२५ मा भएको सातौँ परीक्षणमा पनि बुस्टर सफलतापूर्वक अलग भएर फर्किएको थियो। तर, माथिल्लो भागमा अक्सिजन चुहावट भएपछि स्टारशिप आकाशमै विस्फोट भएको थियो। छैटौँ परीक्षणमा ट्रम्प पनि स्टारबेस पुगेका थिए। २० नोभेम्बर, २०२४ मा भएको छैटौँ परीक्षण हेर्न तत्कालीन अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्प पनि स्टारबेस पुगेका थिए। यस परीक्षणमा सुपर हेभी बुस्टरलाई प्रक्षेपणस्थलमै फर्काएर 'क्याच' गर्ने योजना थियो। तर, आवश्यक सबै मापदण्ड अनुकूल नभएपछि बुस्टरलाई पानीमा अवतरण गराइएको थियो। यसै परीक्षणमा स्टारशिपको इञ्जिन अन्तरिक्षमै पुनः सञ्चालन गरिएको थियो। त्यसपछि स्पेसक्राफ्ट हिन्द महासागरमा अवतरण गरिएको थियो।

पाँचौँ परीक्षणमा पहिलोपटक बुस्टरलाई 'क्याच' गरियो

१३ अक्टोबर, २०२४ मा भएको पाँचौँ परीक्षण स्टारशिपको विकासक्रममा महत्त्वपूर्ण मानिएको थियो। यस परीक्षणमा सुपर हेभी बुस्टरलाई करिब ९६ किलोमिटर उँचाइबाट प्रक्षेपणस्थलमा फर्काएर 'मेकाजिला' नाम दिइएको संरचनाले समातेको थियो। मेकाजिला दुईवटा ठूला धातुका हातजस्ता संरचना हुन्, जसले बुस्टरलाई 'चपस्टिक' जस्तै समात्ने गर्छन्। त्यसैगरी स्टारशिपलाई पृथ्वीको वायुमण्डलमा पुनः प्रवेश गराएर हिन्द महासागरमा नियन्त्रित अवतरण गराइएको थियो। पुनः प्रवेशका क्रममा यसको गति करिब २६ हजार किलोमिटर प्रतिघण्टा र तापक्रम करिब १४३० डिग्री सेल्सियससम्म पुगेको थियो।

चौथो परीक्षणमा अन्तरिक्ष पुगेर पानीमा अवतरण

६ जून, २०२४ मा भएको चौथो परीक्षणमा स्टारशिप अन्तरिक्षसम्म पुगेपछि पृथ्वीमा फर्किएर पानीमा अवतरण गर्न सफल भएको थियो। करिब एक घण्टा पाँच मिनटको उक्त मिसनको मुख्य उद्देश्य पृथ्वीको वायुमण्डलमा पुनः प्रवेश गर्दा स्टारशिपले उच्च ताप र दबाउ सहन सक्छ कि सक्दैन भन्ने परीक्षण गर्नु थियो। स्पेसएक्सका प्रमुख इलन मस्कले त्यसपछि केही टाइलमा क्षति र एउटा फ्ल्यापमा समस्या आए पनि स्टारशिपले समुद्रमा सफ्ट ल्यान्डिङ गरेको बताएका थिए।

तेस्रो परीक्षणमा पुनः प्रवेशका क्रममा सम्पर्क विच्छेद

१४ मार्च, २०२४ मा भएको तेस्रो परीक्षणमा स्टारशिपले कक्षमा पुगेर पेलोड डोर खोल्ने र बन्द गर्ने तथा रकेटभित्र तरल अक्सिजन स्थानान्तरण गर्नेजस्ता परीक्षण सफलतापूर्वक गरेको थियो। तर, पृथ्वीको वायुमण्डलमा पुनः प्रवेश गर्ने क्रममा स्टारशिपसँग सम्पर्क विच्छेद भएको थियो। स्पेसएक्सले यसलाई पूर्ण रूपमा सफल नभए पनि महत्त्वपूर्ण तथ्याङ्क प्राप्त भएको परीक्षणका रूपमा व्याख्या गरेको थियो।

दोस्रो परीक्षणमा स्टेज सेपरेसनपछि समस्या

१८ नोभेम्बर, २०२३ मा भएको दोस्रो परीक्षणमा प्रक्षेपणको करिब २.४ मिनटपछि सुपर हेभी बुस्टर र स्टारशिप अलग भएका थिए। बुस्टर पृथ्वीमा फर्किनुपर्ने भए पनि करिब ९० किलोमिटर उँचाइमा विस्फोट भएको थियो। स्टारशिप भने केही समय आफ्नो मार्गमा अघि बढ़ेको थियो। करिब आठ मिनटपछि १४८ किलोमिटर उँचाइमा पुगेपछि यसमा पनि समस्या देखिएपछि फ्लाइट टर्मिनेसन सिस्टममार्फत नष्ट गरिएको थियो। यस परीक्षणमा पहिलोपटक 'हट स्टेजिङ' प्रविधिबाट बुस्टर र स्टारशिपलाई अलग गरिएको थियो। प्रक्षेपणदेखि स्टेज सेपरेसनसम्म स्टारशिपका ३३ वटै र्‍याप्टर इञ्जिनले काम गरेका थिए।

पहिलो परीक्षणमै चार मिनटपछि विस्फोट

२० अप्रेल, २०२३ मा स्टारशिपको पहिलो परीक्षण उड़ान भएको थियो। बुस्टर-७ र शिप-२४ प्रयोग गरिएको उक्त परीक्षणमा प्रक्षेपणको करिब चार मिनटपछि करिब ३० किलोमिटर उँचाइमा स्टारशिप विस्फोट भएको थियो। तर प्रक्षेपणस्थलबाट स्टारशिप उड्नु नै स्पेसएक्सका लागि महत्त्वपूर्ण उपलब्धि मानिएको थियो। त्यतिबेला स्पेसएक्सले परीक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा आगामी उडानमा स्टारशिपको विश्वसनीयता सुधार गर्ने जनाएको थियो।

फ्रान्समा प्रदर्शन नियन्त्रण गर्न ७० हजार सुरक्षाकर्मी परिचालन गरिने

पेरिस, २४ अक्टोबर: गत साता भएका प्रदर्शनका क्रममा वर्षौंयताकै गम्भीर शहरी हिंसा भड्किएपछि फ्रान्सले यस सप्ताहान्तमा हुन सक्ने प्रदर्शन र झड्प नियन्त्रण गर्न देशभर करिब ७० हजार सुरक्षाकर्मी परिचालन गर्ने भएको छ। विद्यालयको वातावरण र शैक्षिक अवस्थाप्रति असन्तुष्टि जनाउँदै माध्यमिक तहका विद्यार्थीहरूले शुरु गरेको प्रदर्शन देशव्यापी बनेको थियो। आन्दोलनमा बढ्दो महँगी र जीवनयापनको लागतप्रति सर्वसाधारणको असन्तुष्टिसमेत जोड़िएपछि परिस्थिति थप तनावपूर्ण बनेको हो। पेरिसमा आयोजित पत्रकार सम्मेलनमा गृहमन्त्री लरेन्ट नुनेजले शनिवार करिब ७० हजार सुरक्षाकर्मी परिचालन गरिने जानकारी दिए। उनले सामाजिक सञ्जालमार्फत हिंसा र लुटपाट गर्न उक्साउने सन्देशहरू फैलिरहेको भन्दै सम्भावित अशान्तिप्रति सचेत रहन आग्रह गरे।

राष्ट्रपति इमानुएल म्याक्रोनको कार्यकाल अन्त्यतिर पुगिरहेका बेला र नयाँ निर्वाचन हुन छ महिना मात्र बाँकी रहेको अवस्थामा प्रदर्शन चर्किएको हो। हालैको एक सर्वेक्षणले अतिदक्षिणपन्थी नेतृ मरिनले पेनलाई राष्ट्रपतीय प्रतिस्पर्धामा अग्रस्थानमा देखाएको छ। पछिल्ला घटनाक्रमले उहाँको राजनीतिक अवस्था थप बलियो बनाएको आकलन गरिएको छ। यसैबिच, ले पेन नेतृत्वको नेसनल र्‍याली (आरएन) पार्टीले यस सप्ताहान्तमा ओर्लियन्स शहरमा महाधिवेशन आयोजना गर्दैछ। कार्यक्रममा हजारौँ समर्थक सहभागी हुने अपेक्षा गरिएको छ। सोही शहरमा पार्टीविरुद्ध प्रदर्शन गर्ने समूहहरू पनि जुट्ने तयारीमा रहेकाले सम्भावित झड़पलाई लिएर स्थानीय प्रशासन चिन्तित छ। शुक्रवार राष्ट्रपति म्याक्रोनले माध्यमिक विद्यालयका विद्यार्थी प्रतिनिधिहरूसँग छलफल गर्नुभयो। तर, भेटपछि विद्यार्थी

प्रतिनिधिहरूले सरकारले माग सम्बोधन गर्ने ठोस प्रस्ताव नल्याएसम्म आन्दोलन जारी राख्न आफ्ना सहपाठीहरूलाई आह्वान गरेका छन्।

दोषीलाई जेल सजाय

म्याक्रोन सरकारले प्रदर्शनकारीका जायज माग र गत शनिवार भएका लुटपाट, आगजनी तथा तोड़फोड़का घटनालाई अलग–अलग रूपमा हेर्नुपर्ने बताए। न्यायमन्त्री जेराल्ड डार्मानिनका अनुसार, गत शनिवारको हिंसासँग सम्बन्धित मुद्दामा अदालतले २१७ जनालाई जेल पठाएको छ। उनीहरूमध्ये करिब आधा पहिलोपटक अपराधमा सङ्लग्न भएका व्यक्ति हुन्। बिहीवार राष्ट्रपति म्याक्रोनले आपराधिक गतिविधिविरुद्ध कड़ा कारबाही गर्न आह्वान गरेका थिए। उनले अतिवामपन्थी समूहहरूले गत सप्ताहन्तमा गणतन्त्रलाई नै ढाल्ने प्रयास गरेको आरोपसमेत लगाए। फ्रान्सको पश्चिमी क्षेत्रमा सक्रिय एक अतिवामपन्थी समूहले आफ्नो वेबसाइटमार्फत समर्थकहरूलाई पुलिसको घेराबन्दीबाट जोगिन र अप्रत्याशित व्यवहार गर्न आह्वान गरेको थियो।

प्रदर्शनमाथि प्रतिबन्ध, सुरक्षा व्यवस्था कड़ा

सम्भावित हिंसा नियन्त्रण गर्न अधिकारीहरूले सुरक्षा व्यवस्था कड़ा बनाउनुका साथै विभिन्न शहरमा प्रदर्शनमाथि प्रतिबन्ध लगाएका छन्। ओर्लियन्समा नेसनल र्‍याली पार्टीविरुद्ध २० हजारदेखि ३० हजारसम्म मानिस सडकमा उत्रिने अपेक्षा गरिएको छ। तर, स्थानीय प्रशासनले प्रदर्शनकारीलाई शहरको केन्द्रमा भेला हुन नदिने जनाएको छ। दक्षिणपूर्वी शहर लियोनमा पनि यस सप्ताहान्तमा प्रदर्शनकारीलाई मुख्य शहरी क्षेत्रमा प्रवेश गर्न निषेध गरिने भएको छ।

पेरिसमा पुलिसले श्रमिक सङ्गठनहरूको नेतृत्वमा हुने प्रदर्शनका लागि यसअघि स्वीकृति दिएको बास्टिल र नेसन चोकबीचको मार्गको अनुमति खारेज गरेको छ। पुलिसले यसको सट्टा शहरको दक्षिणपूर्वी किनार हुँदै दिउँसो जुलुस निकाल्न सकिने जनाएको छ। तर, वैकल्पिक मार्गमा सुरक्षासम्बन्धी जोखिम रहेको भन्दै श्रमिक सङ्ठनहरूले स्वीकृति खारेज गरिएको मार्गबाटै अघि बढ्ने अडान लिएका छन्। दक्षिणी शहर मार्सेमा पनि प्रदर्शनमाथि प्रतिबन्ध लगाइएको थियो। तर, शुक्रवार अधिकारीहरूले विशेष परिस्थितिका आधारमा श्रमिक सङ्गठनद्वारा आयोजित एउटा प्रदर्शनलाई अनुमति दिने निर्णय गरे। दक्षिणी बुश–दु–रोन विभागमा स्वीकृति पाएको यो एकमात्र प्रदर्शन हो। सुरक्षा व्यवस्थालाई ध्यानमा राख्दै पेरिसस्थित लुभ्रलगायत प्रमुख सङ्ग्रहालय शनिवार बन्द रहनेछन्। आर्ट बासेल कला मेलाको अवधि पनि छोट्याइएको छ।

प्रदर्शनमाथिको नियन्त्रणको आलोचना

विभिन्न शहरमा प्रदर्शनमाथि पूर्ण प्रतिबन्ध लगाउनेलगायतका सरकारी कदमको मानवअधिकारवादी संस्थाहरूले आलोचना गरेका छन्। एम्नेस्टी इन्टरनेसनलले यी कदमलाई तानाशाही अभ्यासतर्फको झुकाव भन्दै निन्दा गरेको छ। संस्थाका अनुसार, यस्ता प्रतिबन्धले शान्तिपूर्ण रूपमा प्रदर्शन गर्न पाउने नागरिकको अधिकार जोखिममा पार्न सक्छन्। गत साताको हिंसापछि पुलिसको तयारी, गुप्तचर सूचना सङ्कलन र भीड़ नियन्त्रण गर्ने क्षमतामाथि पनि प्रश्न उठेका छन्। ह्युमन राइट्स वाचकी वरिष्ठ युरोप अनुसन्धानकर्ता इभा कोसेले शान्तिपूर्ण प्रदर्शनको वातावरण सुनिश्चित गर्नु र हिंसात्मक घटनाबाट सर्वसाधारणलाई जोगाउनु पुलिसको जिम्मेवारी भएको बताइन्। उनले पछिल्ला प्रदर्शनमा भीड़ नियन्त्रणका क्रममा प्रयोग गरिएका हतियारका कारण बालबालिका गम्भीर घाइते भएको खबरप्रति पनि चिन्ता व्यक्त गरिन्।

निर्वाचनमा ले पेनको सम्भावना बलियो

प्रदर्शनका क्रममा भएको हिंसाले फ्रान्सको अन्तरराष्ट्रिय छविमा समेत असर पारेको छ। आगामी निर्वाचनलाई देशको आधुनिक इतिहासको निर्णायक मोडका रूपमा हेरिएको छ। यससँगै सरकारको बढ्दो ऋणभारले लगानीकर्ताहरूको चिन्ता पनि बढ़ाएको छ। हिंसापछि ह्यारिस इन्टरएक्टिभले एम६ह्वआरटीएलका लागि गरेको सर्वेक्षणअनुसार, राष्ट्रपतीय निर्वाचनको पहिलो चरणमा मरिन ले पेनले ३३ देखि ३५ प्रतिशत मत प्राप्त गर्ने अनुमान गरिएको छ। सर्वेक्षणले अतिवामपन्थी नेता जाँ–लुक मेलन्शों दोस्रो चरणको प्रतिस्पर्धामा ले पेनका प्रतिद्वन्द्वी बन्न सक्ने देखाएको छ। त्यस्तो अवस्थामा ले पेनले करिब ७० प्रतिशत मतसहित सहज जित हासिल गर्न सक्ने सर्वेक्षणको अनुमान छ। देशव्यापी प्रदर्शन, सुरक्षा व्यवस्थामाथिको बहस र राजनीतिक ध्रुवीकरणबीच फ्रान्सको आगामी निर्वाचनले देशको राजनीतिक दिशामा महत्वपूर्ण प्रभाव पार्ने अपेक्षा गरिएको छ।

सर्बियामा विद्यार्थी आन्दोलनले राष्ट्रपति भुसिचलाई कड़ा चुनौती, चुनावी प्रतिस्पर्धा रोचक बन्दै

बेलग्रेड, २४ अक्टोबर: सर्बियामा भ्रष्टाचारविरोधी विद्यार्थी आन्दोलनले संसदीय निर्वाचनमा लामो समयदेखि शक्तिमा रहेका अलेक्जान्डर भुसिचलाई कड़ा चुनौती दिएको छ। आइतवार हुने निर्वाचनमा भुसिचको सर्बियन प्रोग्रेसिभ पार्टी (एसएनएस) र विद्यार्थी आन्दोलनबाट उदाएको विपक्षी 'स्टुडेन्ट लिस्ट' बीच कड़ा प्रतिस्पर्धा हुने अनुमान गरिएको छ। बिबिसिका अनुसार सन् २०१२ देखि सर्बियाको सत्ता राजनीतिमा प्रभावशाली भूमिका खेल्दै आएका भुसिचका लागि विद्यार्थी आन्दोलन अहिलेसम्मकै गम्भीर चुनौती बनेको छ। उपप्रधानमन्त्री, प्रधानमन्त्री र राष्ट्रपतिसम्मको जिम्मेवारी सम्हालिसकेका भुसिचले गत महिना आकस्मिक निर्वाचन घोषणा गर्दै प्रधानमन्त्री पदमा फर्कने उद्देश्यले राष्ट्रपतिबाट राजीनामा दिएका थिए।

'स्टुडेन्ट लिस्ट' झण्डै दुई वर्षदेखि जारी भ्रष्टाचारविरोधी आन्दोलनबाट जन्मिएको हो। सन् २०२४ मा सर्बियाको दोस्रो ठुलो शहर नोभी सादस्थित रेलवे स्टेसनको छाना खस्दा १६ जनाको मृत्यु भएपछि युवाहरूले सरकारविरुद्ध आन्दोलन चर्काएका थिए। उक्त स्टेसनको पुनर्निर्माण भुसिचको प्रमुख पूर्वाधार परियोजनाअन्तर्गत गरिएको थियो। त्यसैले दुर्घटनाको जिम्मेवारीबाट पन्छिन उनलाई कठिन भएको विश्लेषकहरूको भनाइ छ। विद्यार्थीहरूले निर्वाचनमा आफैँ उम्मेदवार बन्नुको सट्टा देशका विश्वविद्यालयका विभिन्न संकायमा भएका सभामार्फत २५० जना उम्मेदवार छनोट गरेका छन्। नोभी साद विश्वविद्यालयका प्राध्यापक तथा हृदयरोग विशेषज्ञ इलिया सर्दानोभिच उक्त सूचीको पहिलो उम्मेदवार छन्। तर उनी आन्दोलनका औपचारिक नेता होइनन्। विद्यार्थी आन्दोलनले कुनै एक व्यक्तिलाई नेतृत्व नदिई सामूहिक निर्णय र नेतृत्वको अवधारणा अघि सारेको छ।

'आफ्ना विद्यार्थीहरूको न्यायपूर्ण सङ्घर्षमा साथ दिनु बिल्कुल स्वाभाविक हो,' सर्दानोभिच भन्छन्। विद्यार्थीहरूले प्राध्यापक, खेलाड़ी, अर्थशास्त्री, इञ्जीनियरलगायत विभिन्न क्षेत्रका व्यक्तिलाई उम्मेदवार बनाएका छन्। उनीहरूमध्ये कसैको पनि स्थापित राजनीतिक पृष्ठभूमि छैन। आन्दोलनमा सहभागी विद्यार्थीहरूले यसलाई कमजोरी नभई सबल पक्षका रूपमा प्रस्तुत गरेका छन्। नोभी साद विश्वविद्यालयकी एक विद्यार्थी अलेक्जान्ड्राका अनुसार उनीहरूले आ–आफ्नो क्षेत्रमा दक्ष व्यक्तिहरूलाई छनोट गरेका छन्। अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित हुने र नागरिकले असुरक्षित महसुस नगरी जीवन बिताउन पाउने देश निर्माण गर्नु आन्दोलनको साझा लक्ष्य रहेको उनले बताइन्।

विद्यार्थी आन्दोलन र यसका समर्थकहरूले भुसिचको पार्टीले राज्यका संस्थाहरू तथा सञ्चारमाध्यममा अत्यधिक प्रभाव जमाएको आरोप लगाएका छन्। सन् २०२३ को संसदीय निर्वाचनबारे अन्तरराष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसनले पनि सञ्चारमाध्यमको पक्षपात र सरकारी पद तथा स्रोतसाधनको दुरुपयोगका कारण सत्तारूढ़ दललाई ठुलो लाभ पुगेको उल्लेख गरेको थियो। भुसिच भने विद्यार्थी आन्दोलन विदेशी शक्तिबाट सञ्चालित भएको र यसले राज्यलाई कमजोर बनाउन खोजेको आरोप लगाउँछन्। अन्तिम चुनावी सभामा उनले समर्थकहरूलाई देशको रक्षा गर्न आह्वान गरेका थिए। भुसिचको समर्थनमा पनि उल्लेख्य जनमत छ। उनका समर्थकहरूले उनलाई देशको हितमा अड़ान लिने बलियो नेताका रूपमा हेर्छन्। पछिल्लो दशकमा भएको आर्थिक वृद्धि र पूर्वाधार विकासलाई पनि उनले आफ्नो उपलब्धिका रूपमा प्रस्तुत गर्दै आएका छन्।

तर रेलवे स्टेसन दुर्घटनापछि शुरु भएको आन्दोलनले सरकारमाथि दबाब बढ़ाएको छ। आन्दोलनकारीहरूले भ्रष्टाचार र सरकारी लापरबाहीका कारण मानिसहरूको ज्यान गएको आरोप लगाउँदै आएका छन्। पूर्वी युरोप मामिलाका विश्लेषक मग्दा अनास्तासियेभिचका अनुसार विगतमा भुसिचले समस्याको जिम्मेवारी अरूमाथि थोपरेर राजनीतिक सङ्कट पार गर्दै आएका थिए। तर नोभी सादको दुर्घटनामा त्यसो गर्न उनलाई कठिन भएको छ। यसैबिच, सर्बियाको विदेश नीतिसमेत निर्वाचनको महत्त्वपूर्ण मुद्दा बनेको छ। सर्बिया युरोपेली सङ्घ (ईयू) को सदस्यताका लागि वार्ता गरिरहेको छ। तर उसले रुस र चीनसँग पनि निकट सम्बन्ध कायम राखेको छ। दुवै देशले सर्बियाबाट अलग भएको कोसोभोको स्वतन्त्रतालाई मान्यता दिएका छैनन्।

दशकौँसम्म ब्राजिलको वामपन्थी राजनीति हाँकेका लुलाको आन्दोलन

ब्रासीलिया, २४ अक्टोबर: नोभेम्बर ८, २०१९ मा जब लुइज इनासियो लुला डा. सिल्भा ब्राजिलको क्युरिटिवास्थित सङ्घीय पुलिस मुख्यालयबाट बाहिर निस्किए, हजारौँ समर्थकहरू उनको पर्खाइमा थिए। भ्रष्टाचारको आरोपमा ५८० दिन जेल बिताएर रिहा भएका लुलाले आफ्नो राजनीतिक जीवनको सर्वोत्कृष्ट शैलीमा समर्थकहरूलाई सम्बोधन गर्दै भनेका थिए, ''उनीहरूले एउटा मानिसलाई थुनेका होइनन्, एउटा विचारलाई मार्ने प्रयास गरेका हुन्। तर विचारलाई कसैले मार्न सक्दैन।'' त्यसको सात वर्षपछि, करिब ८१ वर्ष पुग्न लागेका लुला पुनः ब्राजिलको राष्ट्रपतिका रूपमा मुलुकको गहिरो राजनीतिक ध्रुवीकरण, नयाँ भ्रष्टाचार अनुसन्धान, अमेरिकासँगको कूटनीतिक तनाव र ल्याटिन अमेरिकामा दक्षिणपन्थी लहरको सामना गरिरहेका छन्। उनी आफ्नो जीवनको सम्भवतः अन्तिम राष्ट्रपति निर्वाचनको प्रतिस्पर्धामा छन्। उनको सामना पूर्वराष्ट्रपति जायर बोलसोनारोका जेठा छोरा तथा दक्षिणपन्थी सिनेटर फ्ल्याभियो बोलसोनारोसँग हुँदैछ। अक्टोबरको पहिलो चरणको मतदानमा फ्ल्याभियोले ४७.०३ प्रतिशत मत ल्याउँदा लुला ४५.१६ प्रतिशतमा समेटिएका थिए। आगामी आइतवार हुने दोस्रो चरणको मतदानमा दुवै नेताहरूबिच निकै प्रतिस्पर्धात्मक भिड़न्त हुने जनमत सर्वेक्षणहरूले देखाएका छन्।

मजदुर नेतादेखि देशको सर्वोच्च पदसम्म

सन् १९४५ मा एक गरीब परिवारमा जन्मेका लुलाले जुत्ता पालिस गर्ने कामदेखि कारखानामा मजदुरीसम्म गरे। सन् १९६४ मा कारखानामा काम गर्दा दुर्घटनामा परेर उनले बायाँ हातको कान्छी औँला गुमाएका थिए, जूनपछि उनको मजदुर पहिचानको प्रतीक बन्यो। सन् १९७० को दशकमा उनी एक प्रखर ट्रेड युनियन नेताका रूपमा उदाए। शुरुमा राजनीतिमा आउन अनिच्छुक लुलाले सन् १९८० मा वर्कर पार्टी (पीटी) को स्थापना गरे। सन् १९८९, १९९४ र १९९८ का राष्ट्रपति निर्वाचनमा पराजित भएपछि उनले आफ्नो कठोर वामपन्थी विचारधारालाई केही लचिलो बनाए र व्यापारिक क्षेत्रसँग सम्बन्ध विस्तार गरे। अन्ततः सन् २००२ मा उनी पहिलो पटक राष्ट्रपति चुनिए।

सामाजिक क्रान्ति र भ्रष्टाचारको छाया

सन् २००२ देखि २०१० सम्मको उनको कार्यकालमा ब्राजिलले ठुलो सामाजिक परिवर्तन देख्यो। उनीद्वारा ल्याइएका सामाजिक कल्याणकारी कार्यक्रमहरूका कारण लाखौँ नागरिकहरू गरिबीको रेखाबाट माथि उठे। शिक्षा र रोजगारीमा न्यून आय भएका नागरिकहरूको पहुँच वृद्धि भयो। ब्राजिललाई संयुक्त राष्ट्रसङ्घको भोकमरीको सूचीबाट हटाइयो। उनले ब्रिक्सको स्थापनामा पनि महत्त्वपूर्ण भूमिका खेले। सन् २००९ मा तत्कालीन अमेरिकी राष्ट्रपति बराक ओबामाले लुलालाई 'पृथ्वीकै सबैभन्दा लोकप्रिय राजनीतिज्ञ' भनेका थिए। तर, उनको सरकार भ्रष्टाचारको आरोपबाट भने अछुतो रहन सकेन। मेन्सालाओ काण्डः सन् २००५ मा सांसद्हरूलाई घुस खुवाएर मत किनेको काण्डले पार्टीको छविमा ठुलो धक्का पुऱ्यायो।

लाभा जाटोः राज्य नियन्त्रित इन्धन कम्पनी पेट्रोब्रासमा भएको विशाल भ्रष्टाचार काण्डका कारण उनकी उत्तराधिकारी दिल्मा रुसेफले महाभियोग सामना गर्नुपर्‍यो। सन् २०१७ मा लुला स्वयंलाई भ्रष्टाचारको अभियोगमा जेल सजाय सुनाइयो, जसका कारण उनी सन् २०१८ को चुनाव लड्न अयोग्य भए। तर सन् २०२१ मा सर्वोच्च अदालतले सो फैसला रद्द गर्दै उनका राजनीतिक अधिकारहरू पुनःबहालीसँगै उनलाई चुनावी मैदानमा फर्किने बाटो खोलिदियो। सन् २०२२ को चुनावमा उनले जायर बोलसोनारोलाई निकै साँघुरो मतान्तरले पराजित गरे।

एक अपूरणीय नेता र वामपन्थी आन्दोलनको भविष्य

लुलाको जित वा हार जे भए पनि, ब्राजिलको वामपन्थी राजनीतिसामु एउटा मुख्य प्रश्न उब्जिएको छः लुलापछिको उत्तराधिकारी को? दशकौँदेखि ब्राजिलको राजनीतिमा लुलाको प्रभाव यति धेरै छ कि उनी बिनाको वामपन्थी आन्दोलनको कल्पना गर्न गाह्रो छ। उनका पूर्व प्रेस सचिव र पुराना साथी रिकार्डो कोत्वो भन्छन्, 'लुला जस्तो नेता बनाउन सकिँदैन, उनी अद्वितीय छन्। यस्ता मानिसहरू सय वर्षमा एक पटक मात्र आउँछन्।' के लुलाको राजनीतिक विरासत, ब्राजिलमा पुनः जागृत भएको बोलसोनारो समर्थक लहर, बैंकिङ काण्ड र प्रतिकूल आर्थिक परिस्थितिका बिच आफ्नो आन्दोलनलाई जोगाउन सफल होला? यसको उत्तर आगामी आइतवार हुने दोस्रो चरणको निर्वाचनले दिनेछ।

जोर्डनको चर्चमा अन्त्येष्टिका बेला गोली प्रहार

काराक, २४ अक्टोबर: जोर्डनको काराक शहरस्थित एक चर्चमा अन्त्येष्टि चलिरहेका बेला बन्दुकधारीहरूले गोली प्रहार गर्दा सात जनाको मृत्यु भएको छ भने ४० जना घाइते भएका छन्। अधिकारीहरूका अनुसार शुक्रवार भएको घटनामा घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर छ। राजधानी अम्मानबाट करिब १८० किलोमिटर दक्षिणमा रहेको ग्रिक अर्थोडक्स चर्चमा घटना भएको हो। सरकारी टेलिभिजनमा प्रसारित दृश्यमा पिस्तोल बोकेका जस्ता देखिने दुई जना बन्दुकधारी चर्चतर्फ अघि बढ़ेर गोली चलाएको देखिन्छ। त्यसपछि अर्धस्वचालित राइफल बोकेको जस्तो देखिने अर्को व्यक्ति पनि त्यहाँ पुगेर गोली चलाएको दृश्यमा देखिएको छ। प्रत्यक्षदर्शीले खिचेको भिडियोमा चर्चको भुइँमा फुटेका सिसाका टुक्रा र रगत देखिन्छन्। अन्त्येष्टिमा सहभागी डोरघम हलासाका अनुसार कार्यक्रम शुरु भएको करिब १५ मिनेटपछि गोलीबारी भएको थियो। उनले घटनालाई भयावह भन्दै गोली चल्न थालेपछि मानिसहरू ज्यान जोगाउन यताउता भागेको बताए।

सरकारी विज्ञप्तिमा आक्रमण अज्ञात व्यक्तिहरूले गरेको उल्लेख छ। यद्यपि, आक्रमणकारीको सङ्ख्या, उनीहरूको अवस्था वा पक्राउबारे अधिकारीहरूले विस्तृत जानकारी दिएका छैनन्। घटनाको अनुसन्धान तीव्र पारिएको जनाइएको छ। जोर्डनको पेट्रा समाचार एजेन्सीका अनुसार सरकारले घटनापछि तीनदिने राष्ट्रिय शोक घोषणा गरेको छ। काराकमा अल्पसङ्ख्यक इसाई समुदायको बसोबास छ। जोर्डनका राजा अब्दुल्लाह द्वितीयले घटनाको निन्दा गर्दै दोषीलाई कड़ा सजाय दिइने बताए। प्रधानमन्त्री जाफर हसनले पनि आक्रमणलाई आतङ्कवादी विचारधारा र अतिवादको परिणाम भन्दै दोषीमाथि कानुनी कारबाही गर्ने प्रतिबद्धता जनाए।

यस घटनाको लेबनान, सिरिया, इजिप्ट र ओमानलगायत देशले निन्दा गरेका छन्। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले आक्रमणलाई जघन्य घटना भन्दै जिम्मेवार व्यक्तिहरूको पहिचान गरी जवाफदेही बनाउन आह्वान गरे। यसअघि सन् २०१६ मा पनि काराकमा बन्दुकधारीहरूले पुलिस र पर्यटकलाई लक्षित गरी आक्रमण गरेका थिए। उक्त घटनामा सात पुलिससहित १० जनाको मृत्यु भएको थियो भने दर्जनौं घाइते भएका थिए।

युरोप न्यून ग्यास भण्डारसहित जाड़ोमा प्रवेश गर्दै, अभाव चर्किन सक्ने चेताउनी

बर्लिन, २४ अक्टोबर: अन्तरराष्ट्रिय ऊर्जा एजेन्सी (आईईए) का प्रमुख फातिह बिरोलले युरोप ऐतिहासिक रूपमा न्यून प्राकृतिक ग्यास भण्डारसहित जाड़ोयाममा प्रवेश गरिरहेको भन्दै थप आपूर्ति अवरोध थेग्न कठिन हुने चेतावनी दिएका छन्। अमेरिका–इजरायल र इरानबीचको युद्धले विश्वव्यापी ऊर्जा आपूर्ति शृङ्खला प्रभावित भइरहेका बेला उनले यस्तो चेतावनी दिएका हुन्। जर्मनीको बर्लिनमा आयोजित एक अन्तरराष्ट्रिय सम्मेलनका क्रममा बिरोलले स्ट्रेट अफ होर्मुजमा अवरोधका कारण विश्वका सबै क्षेत्र प्रभावित भइरहेको बताएका हुन्।

उनका अनुसार, युरोप विशेष जोखिममा रहेको छ अनि खाड़ी क्षेत्रमा तत्काल युद्धविराम भए पनि आगामी महिनाहरूमा तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) को मूल्य बढ्न सक्ने छ। बिरोलका अनुसार युरोपेली देशहरूले सामान्यतया जाड़ो शुरु हुनुअघि पर्याप्त ग्यास भण्डारण गर्छन्। तर यस वर्ष जाड़ो शुरु हुँदा युरोपको ग्यास भण्डार ऐतिहासिक औसतभन्दा निकै कम छ। युरोपले ग्यासका लागि एसियाली देशहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था पनि छ। एसियाली देशहरू मध्यपूर्वबाट आउने ऊर्जामा अझ बढ़ी निर्भर छन्। 'यदि यस वर्ष जाड़ो अत्यधिक कठ्याङ्ग्रिने खालको भयो भने युरोपमा प्राकृतिक ग्यासको मूल्य अझ बढ्न सक्छ,' उनी भन्छन्। ऊर्जा क्षेत्र बढ्दो रूपमा राजनीतिक स्वार्थसँग जोड़िँदै गएकाले अनिश्चितता बढ़ेकोले 'यस वर्ष र अर्को वर्ष पनि युरोपका लागि जीवन सहज नहुने' चेतावनी बिरोलले दिएका छन्।

आवश्यकताभन्दा कम ग्यास भण्डार

युरोपेली सङ्घ (ईयू)को प्राकृतिक ग्यास भण्डारण क्षमता हाल करिब ७२ प्रतिशत मात्र भरिएको छ। सामान्य अवस्थामा जाड़ो शुरु हुँदा भण्डार करिब ९० प्रतिशत भरिएको हुने गरेको छ। विश्लेषकहरूका अनुसार अहिलेको कमीबाट हुने ऊर्जा अभावले १ करोड़देखि १ करोड २० लाख घरललाई आवश्यक परिमाण बराबरको असर पार्न सक्छ। ग्यासको आपूर्ति घट्दै गएपछि ईयूका ऊर्जा मन्त्रीहरूले घरपरिवार र व्यवसायलाई ग्यास तथा ऊर्जा खपत सीमित गर्न आग्रह गर्ने कि नगर्ने भन्ने विषयमा छलफल गरिरहेको समाचारमा उल्लेख छ।

युरोपेली देशहरूले लामो समयदेखि उद्योग सञ्चालन, विद्युत् उत्पादन र जाडोमा घर तताउन आयातित ग्यासमा निर्भर हुँदै आएका छन्। युद्ध शुरु हुनुअघि युरोपमा आयात हुने एलएनजीको झण्डै १० प्रतिशत हिस्सा स्ट्रेट अफ होर्मुज हुँदै आउने गरेको थियो। तर इरानले जहाजहरूलाई लक्षित गरी आक्रमण गरेपछि उक्त मार्गबाट हुने आयात घटेको छ। बिरोलले आफूले लामो समयदेखि होर्मुज जलमार्ग बन्द हुन सक्ने जोखिमबारे चेतावनी दिँदै आएको बताए। आईईएमा नयाँ कर्मचारी भर्ना गर्दा पनि उनले प्रायः 'आजै यो जलमार्ग बन्द भयो भने के गर्नुहुन्छ?' भन्ने प्रश्न सोध्ने गरेको उल्लेख गरे। उनका अनुसार मध्यपूर्वका देशहरूले अहिले होर्मुज जलमार्गलाई छल्न नयाँ पाइपलाइन निर्माण गर्ने र पुराना पाइपलाइनको क्षमता बढ़ाउने काम गरिरहेका छन्। तर यस्तो तयारी धेरै पहिले नै गर्नुपर्ने थियो। 'सरकारहरूले आवश्यक कदम नचालेकोमा म वास्तवमै निराश छु। अहिले सबैजना हतारमा उपाय खोजिरहेका छन्,' उनले भने। बाब अल–मन्देब जलमार्ग आसपास बढ़ेको तनावले पनि ऊर्जा आपूर्तिको समस्या थप जटिल बनाएको उनको भनाइ छ।

डिजेल अभावको जोखिम पनि बढ्दै

युरोपले प्राकृतिक ग्याससँगै डिजेलजस्ता प्रशोधित इन्धनको अभाव पनि सामना गर्नुपर्ने जोखिम छ। पुराना प्रशोधन केन्द्रबाट हुने उत्पादन घट्दै गएको र आयात प्रभावित भएको अवस्थामा डिजेल आपूर्ति चुनौतीपूर्ण बन्न सक्छ। युक्रेनले रूसी तेल प्रशोधन केन्द्रहरूमा गरेको आक्रमणले पनि डिजेलको सम्भावित अभावमा योगदान पुऱ्याएको बिरोलको भनाइ छ। उनका अनुसार रुसबाट युरोप तथा विश्व बजारमा आउने डिजेल आपूर्तिको करिब एकतिहाइ हिस्सा रोकिएको छ। सन् २०२२ मा रूसले युक्रेनमाथि आक्रमण गरेपछि मस्कोले युरोपतर्फको ग्यास आपूर्ति घटाएको थियो। त्यसपछि आईईएले युरोपको रुसी ऊर्जामाथिको निर्भरता घटाउनुपर्ने चेतावनी दिँदै आएको थियो। ईयूले रूसी ग्यासको प्रयोग पूर्ण रूपमा अन्त्य गर्ने योजना बनाएको छ। तर खाड़ी क्षेत्रमा जारी सङ्कटका कारण फ्रान्सजस्ता केही सदस्य राष्ट्रले फेरि ग्यास आयात बढ़ाएका छन्। बिरोलका अनुसार युरोपले आणविक ऊर्जाबाट उत्पादन हुने विद्युत्मा पनि पहिले नै बढ़ी निर्भरता कायम राख्नुपर्ने थियो। घरेलु आणविक ऊर्जा उत्पादनले बाह्य आपूर्तिमा हुने अवरोधबाट जोगिन सहयोग गर्न सक्ने उनको तर्क छ।

ठूलो परिमाणमा ब्राउन शुगरसहित दुईजना पक्राउ

सिलगढ़ी, २४ अक्टोबर (हि.स.): लागुऔषध तस्करी गर्ने प्रयासलाई बिहीवार राति बागडोगरा थाना पुलिसले विफल पारेको छ। मालदाको कालियाचकबाट सिलगढ़ीमा ब्राउन शुगर आपूर्ति गर्ने प्रयासका क्रममा पुलिसले दुई युवकलाई पक्राउ गरेको छ। पक्रा पर्नेहरूमा इजराइल हक र वासी अहमद रहेका छन्। दुवै मालदा जिल्लाको कालियाचकका बासिन्दा हुन्। उनीहरूबाट २७७ ग्राम ब्राउन शुगर जफत गरिएको छ।

पुलिस सूत्रअनुसार, बागडोगरा थाना पुलिसले कोलकाता-सिलगढ़ी राष्ट्रिय राजमार्गमा मुनी चिया बगान नजिकै बिहीवार राति दुईजना शङ्कास्पद युवकको तलासी लिएको थियो। यस क्रममा उनीहरूबाट २७७ ग्राम ब्राउन शुगर जफत भएको थियो। पुलिसले घटनास्थलबाटै दुवैलाई पक्राउ गरेको हो।

प्रारम्भिक जानकारी अनुसार, आरोपीहरू कालियाचकबाट ब्राउन शुगर लिएर सिलगढ़ी आएका थिए र यहाँ यसको आपूर्ति गर्ने योजना बनाएका थिए। पुलिसले उनीहरूविरुद्ध एनडीपीएस एक्ट अन्तर्गत मुद्दा दर्ता गरेको छ। दुवैलाई शुक्रवार सिलगढ़ी अदालतमा पेश गरियो।

उज्जैनः रजत मुकुट, त्रिपुण्ड र रुद्राक्षको मालाले सजाइयो बाबा महाकाललाई महानिर्वणी अखाड़ाले अर्पित गऱ्यो भस्म



उज्जैन, २४ अक्टोबर (हिस): मध्य प्रदेशको उज्जैनस्थित विश्वप्रसिद्ध श्री महाकालेश्वर मन्दिरमा शनिवार बिहान ४ बजे भस्म आरतीका लागि भगवान महाकालको ढोका खोलियो। मन्दिरको परम्परा अनुसार सबैभन्दा पहिला गर्भगृहमा स्थापित देवताहरूको पूजन गरियो। त्यसपछि दुध, दही, घिउ, चिनी र फलको रसबाट बनेको पञ्चामृतमा भगवान महाकाललाई जलाभिषेक गराइयो। पहिलो घण्टी बजिसकेपछि हरिओमको जल भगवानलाई चढ़ाइयो। पूजनपछि भगवान महाकालीको आकर्षक श्रृङ्गार गरियो। बाबालाई चाँदीको ओम, बिल्वपात्र, चाँदीको मुकुट र रुद्राक्षको माला चढाइयो। भगवानको मस्तकमा त्रिपुण्ड र त्रिशूल सजाइयो। यसोको साथै बाबालाई डमरु, शेषनागको रूपमा चाँदीको मुकुट, चाँदीको हेडगियर र सुगन्धित फुलको माला लगाइयो। भक्तहरूले चाँदीको गहना र रुद्राक्ष मालाबाट सजाइएको भगवान महाकालको दिव्य रूपलाई नमन गरे।

महानिर्वाणी अखाडाद्वारा अर्पण गरियो भस्म-

भस्म आरतीअघि भगवान गणेश, माता पार्वती र भगवान कार्तिकेयको पूजन गरियो। त्यसपछि भगवान महाकाललाई फलफुल अनि मिठाई चढ़ाइयो। कपुर आरतीपछि, नैवेद्य अर्पण गरियो भने महानिर्वणी अखाड़ाको तर्फबाट भगवान महाकाललाई भस्म चढ़ायो। आरतीको परम्परा भस्म चढाएर निर्वाह गरियो।

जयकारहरूले गुञ्जियो मन्दिर परिसर-

धार्मिक मान्यता अनुसार भस्म चढ़ाएपछि भगवान महाकालको दिव्य रूपको दर्शनको विशेष महत्त्व छ। भस्म आरतीमा सहभागी भक्तहरूले बाबा महाकालको दर्शन गरेर आशीर्वाद लिए। यस समय मन्दिर परिसरमा श्रद्धा र भक्तिको वातावरण सृजना भएको थियो। मन्दिर परिसर बाबा महाकालका जय-जयकारले प्रतिध्वनित भयो।

एएफसी च्यालेन्ज लिगबाट बाहिरियो एफसी गोवा कुवेतको कादसिया एससीसँग १-२ गोलले पराजित

हवाली (कुवेत), २४ अक्टोबर (हिस): भारतीय फुटबल क्लब एफसी गोवाको एएफसी च्यालेन्ज लिग २०२६-२७ मा यात्रा समाप्त भएको छ। शुक्रवार खेलिएको समूह 'सी' को आफ्नो तेस्रो तथा अन्तिम प्रतिस्पर्धामा एफसी गोवा आयोजक कुवेतको कादसिया एससीसँग १-२ गोलले पराजित भयो। यस हारसँगै भारतीय सुपर लिगको टोली समूहमा तेस्रो स्थानमा रहँदै प्रतियोगिताबाट बाहिरिएको छ।

मोहम्मद अल हमद रङ्गशालामा खेलिएको प्रतिस्पर्धामा कादसियाले १०औँ मिनेटमा हमजा खब्बाको गोलबाट अग्रता लिएको थियो। राशेद अल दोसारीको क्रसमा खब्बाले डाइभ गर्दै हेडरमार्फत बललाई गोलपोस्टको तल्लो बायाँ कुनामा पुर्याएका थिए।

एफसी गोवाले बराबरीका लागि प्रयास गरे पनि मालसावमसाङ्गाको प्रहार क्रसवारमाथिबाट बाहिरियो। १६औँ मिनेटमा खब्बासँग कादसियाको अग्रता दोब्बर बनाउने अवसर थियो, तर उनको हेडर गोलपोस्टमाथिबाट बाहिरियो।

गोवाले २१औँ मिनेटमा बराबरी गर्यो। कर्नरबाट एलेक्स जालायाको हेडरपछि प्राप्त बललाई चिक्कीले नजिकबाट हेडर गर्दै गोलमा परिणत गरे। बराबरीपछि दुवै टोलीले अग्रता लिने प्रयास गरे। कादसियाका बदर अल मुतावाको प्रहार गोवाका खेलाड़ीले रोके भने गोवाका कप्तान सन्देश झिङ्गनको हेडर लक्ष्यभन्दा बाहिर गयो।

दोस्रो हाफमा कादसियाले आक्रामक खेल प्रदर्शन गर्दै ४९औँ मिनेटमा पुनः अग्रता लियो। अल मुतावा र खब्बाबीचको पास आदानप्रदानपछि खब्बाले उत्कृष्ट प्रहार गर्दै बललाई गोलपोस्टको माथिल्लो बायाँ कुनामा पुऱ्याए। ६५औँ मिनेटमा अयुब लखदरले कादसियाको अग्रता बढ़ाउने अवसर गुमाए। उनको प्रहार गोलकिपर लारा शर्मा र क्रसवारमाथिबाट बाहिरियो। ८०औँ मिनेटमा लखदरको अर्को प्रहार दायाँ गोलपोस्टमा लागेर फर्कियो।

एफसी गोवाले प्रतियोगितामा एक जितबाट तीन अङ्क जोड़ेको थियो। पहिलो खेलमा ताजिकिस्तानको एफसी रेगर-ताडएजसँग पराजित भएको गोवाले दोस्रो खेलमा बङ्गलादेशको फोर्टिस एफसीलाई हराएको थियो। अर्कोतर्फ, कादसियाले समूहका तीनवटै खेल जित्दै शीर्ष स्थान हासिल गर्यो। यससँगै ऊ समूह 'सी' बाट क्वार्टरफाइनलमा प्रवेश गर्ने एकमात्र टोली बन्यो।

लिकटेंस्टीनका युवराज एलोइस २५ अक्टोबरदेखि भारतको चारदिने राजकीय भ्रमणमा आउन

नयाँ दिल्ली, २४ अक्टोबर (हिस): भारत र लिकटेंस्टीनबीच व्यापार, लगानी, विज्ञान, प्रविधि तथा नवाचारका क्षेत्रमा सहयोग बढ़ाउने उद्देश्यले लिकटेंस्टीनका युवराज एलोइस आइतवारदेखि भारतको चारदिने राजकीय भ्रमणमा आउने भएका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा हुन लागेको यस भ्रमणका क्रममा दुवै देशबीच द्विपक्षीय सम्बन्धलाई थप सुदृढ़ बनाउने विषयमा छलफल हुनेछ।

विदेश मन्त्रालयले शनिवार जारी गरेको विज्ञप्ति अनुसार, लिकटेंस्टीन रियासतका कार्यवाहक राष्ट्राध्यक्ष युवराज एलोइस २५ देखि २८ अक्टोबरसम्म भारतमा रहनेछन्। उनीसँगै उनकी पत्नी सोफी, वरिष्ठ अधिकारीहरू तथा प्रमुख उद्योगपतिहरू सम्मिलित व्यावसायिक प्रतिनिधिमण्डल पनि भारत आउनेछ।

साल २०२६ मा युवराज एलोइसको यो दोस्रो भारत भ्रमण हुनेछ। यसअघि उनी फेरवरीमा नयाँ दिल्लीमा आयोजित एआई इम्प्याक्ट शिखर सम्मेलनमा सहभागी हुन भारत आएका थिए। यसअघि उनले साल २०१० र २०१८ मा पनि भारतको भ्रमण गरिसकेका छन्।

भ्रमणका क्रममा प्रधानमन्त्री मोदी र युवराज एलोइसबीच द्विपक्षीय बैठक हुनेछ। बैठकमा व्यापार तथा लगानी, विज्ञान, प्रविधि, नवाचार र दुवै देशका जनताबीच सम्पर्क विस्तार लगायत विभिन्न क्षेत्रमा सहयोगका विषयमा छलफल हुनेछ। दुवै नेताले क्षेत्रीय तथा विश्वव्यापी घटनाक्रमबारे पनि विचार आदान-प्रदान गर्नेछन्।

युवराज एलोइसले राष्ट्रपति द्रौपदी मुर्मुसँग पनि भेट गर्नेछन्। राष्ट्रपति मुर्मुले उनको सम्मानमा औपचारिक रात्रिभोजको आयोजना गर्नेछिन्। विदेशमन्त्री एस. जयशङ्करले पनि युवराज एलोइससँग भेट गर्ने कार्यक्रम रहेको छ।

विदेश मन्त्रालय अनुसार, साल २०२५ मा भारत-युरोपेली स्वतन्त्र व्यापार सङ्घ (ईएफटीए) व्यापार तथा आर्थिक साझेदारी सम्झौता कार्यान्वयनमा आएपछि भारत र लिकटेंस्टीनबीचको द्विपक्षीय सम्बन्धले गति लिएको छ। युवराज एलोइसको भ्रमणले दुवै देशबीच बढ्दो सहयोगलाई थप प्रोत्साहन दिने अपेक्षा गरिएको छ।यस भ्रमणको उद्देश्य भारत र लिकटेंस्टीनबीचको मैत्रीपूर्ण सम्बन्धलाई अझ् प्रगाढ़ बनाउनुका साथै आपसी हितका नयाँ क्षेत्रमा साझेदारीका अवसरहरू खोज्नु पनि रहेको छ।

बङ्गालको खाड़ीमा चक्रवातको खतरा

दक्षिण बङ्गालमा भारी वर्षाको सम्भावना

कोलकाता, २४ अक्टोबर (हिस): बङ्गालको खाड़ीमा चक्रवातको खतरा बढ्न थालेको छ। समुद्रमा न्यून चापीय क्षेत्र बनिसकेको छ। अलीपुर मौसम विभाग अनुसार, सोमवार बिहानसम्म बङ्गालको खाड़ीमा चक्रवात विकसित हुने सम्भावना छ। त्यसपछि यो बिस्तारै तटतर्फ अघि बढ्नेछ। यसको प्रभावले दक्षिण बङ्गालका ठूला भूभागमा भारी वर्षा र तीव्र आँधी आउने सम्भावना छ। मौसम विभागले यस सम्बन्धमा सतर्कता जारी गरेको छ। मौसम विभाग अनुसार, शुक्रवार बङ्गालको खाड़ीको पूर्वमध्य भाग र त्यससँग जोड़िएको दक्षिणपूर्वी क्षेत्रमा न्यून चापीय क्षेत्र बनेको छ। यसको वरपर समुद्री सतहदेखि ५.८ किलोमिटरको उचाइमा चक्रवाती परिसञ्चरण सक्रिय छ। यसको प्रभावले शनिवारसम्म न्यून चापीय क्षेत्र थप बलियो हुने सम्भावना छ। त्यसपछि पश्चिमह्रउत्तरपश्चिम दिशातर्फ अघि बढ्दै आइतवारसम्म यो गहिरो न्यून चापीय क्षेत्रमा परिणत हुनसक्ने अनुमान गरिएको छ। मौसम विभागको अनुमान अनुसार, सोमवार बिहानसम्म समुद्रमा रहेको गहिरो न्यून चापीय क्षेत्र चक्रवातमा परिणत हुनसक्छ। त्यसपछि आगामी दुई दिनमा यसको शक्ति अझ् बढ्ने र उत्तर आन्ध्र प्रदेश तथा दक्षिण ओडिशाको तटतर्फ अघि बढ्ने सम्भावना छ। यसको प्रभावले बुधवारदेखि दक्षिण बङ्गालका विभिन्न क्षेत्रमा आँधी र वर्षा हुन सक्नेछ।

महिला पुलिस कन्स्टेबलबाट २४ लाख रुपियाँ ठगी, आरोपी युवक पक्राउ

नयाँ दिल्ली, २४ अक्टोबर (हि.स.): लगानीमा ठूलो नाफा दिलाउने प्रलोभन देखाएर दिल्ली पुलिसकी एक महिला कन्स्टेबलबाट करिब २४ लाख रुपियाँ ठगी गरेको आरोपमा पुलिसले एक युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्ने आरोपी उत्तर प्रदेशको बागपत निवासी २६ वर्षीय विक्रान्त कुमार उर्फ विक्की तोमर रहेको पुलिसले जनाएको छ। घटनाबारे पुलिसले जाँच गरिरहेको छ।

पुलिसका अनुसार, महिला पुलिस शिवानीको उजुरीका आधारमा गत ८ सेप्टेम्बरमा मध्य जिल्लास्थित साइबर पुलिस थानामा भारतीय न्याय संहिताका विभिन्न धाराअन्तर्गत प्राथमिकी दर्ता गरिएको थियो। उजुरीअनुसार, आरोपीले शुरुमा इन्स्टाग्राममार्फत महिलासँग सम्पर्क गरेका थिए। उनले दिल्ली पुलिसमा खेलकुद कोटाबाट भर्ती हुन मार्गदर्शन लिने कुरा गरेका थिए। त्यसपछि दुवैबीच ह्वाट्सएपमा कुराकानी हुन थालेको थियो। आरोपअनुसार, विक्रान्तले आफूलाई क्रिकेट जगतको ठूलो व्यक्तित्वका रूपमा प्रस्तुत गरेर महिलाको विश्वास जितेका थिए। त्यसपछि लगानीको नाममा अधिक नाफा हुने प्रलोभन देखाएर उनीबाट रकम असुलेका थिए। आरोपीको प्रलोभनमा परेर महिलाले आफ्नो एक्सिस ब्याङ्क खातामा जम्मा गरेको बचत रकम उनलाई हस्तान्तरण गरिन्। यसका अतिरिक्त उनले १२ लाख रुपियाँ व्यक्तिगत ऋण लिइन् र परिचितहरूसँग पनि रकम सापटी लिएर आरोपीलाई दिइन्। यसरी ठगीको कुल रकम करिब २४ लाख रुपियाँ पुगेको थियो।

पुलिसका अनुसार, ठगी गरिएको रकममध्ये करिब आठ लाख रुपियाँ आरोपीको निर्देशनमा सट्टेबाजीसम्बन्धी मञ्चसँग जोडिएका ब्याङ्क खाताहरूमा हस्तान्तरण गरिएको थियो। घटनाको जाँचका क्रममा मध्य जिल्लाको साइबर पुलिसले आरोपीलाई पक्राउ गरेको हो।

पुलिसले दिएको जानकारीअनुसार, उजुरीमा आरोपीमाथि महिलासँग प्रत्यक्ष भेटको क्रममा अनुचित तरिकाले छोएको आरोप पनि लगाइएको छ। महिलाको गरिमा भङ्ग गर्ने उद्देश्यले त्यस्तो कार्य गरेको आरोप छ। पुलिसले यस पक्षमा समेत अनुसन्धान गरिरहेको छ। आरोपीले लगानीका नाममा अन्य व्यक्तिहरूलाई पनि ठगी गरेको थियो वा थिएन भन्नेबारे पुलिसले अनुसन्धान गरिरहेको छ। घटनाको थप अनुसन्धान जारी छ।

सिलिकन भ्याली ओपनः अनाहत सिंह सेमिफाइनलमा पराजित

सिलिकन भ्याली, २४ अक्टोबर (हिस): भारतकी युवा स्क्वास खेलाड़ी अनाहत सिंहको सिलिकन भ्याली ओपनमा यात्रा सेमिफाइनलमै समाप्त भएको छ। शुक्रवार खेलिएको प्रतिस्पर्धामा उनी मलेसियाकी तेस्रो वरीयताप्राप्त सिवासंगरी सुब्रमण्यमसँग १-३ ले पराजित भइन्। विश्व वरीयतामा चौथो स्थानमा रहेकी सिवासंगरीविरुद्ध अनाहतले उत्कृष्ट शुरुआत गर्दै पहिलो खेल ११-५ ले जितेकी थिइन्। तर त्यसपछि मलेसियाली खेलाड़ीले पुनरागमन गर्दै लगातार तीन खेल ११-६, ११-४ र ११-७ ले जितेर प्रतिस्पर्धा आफ्नो पक्षमा पारिन्। ३७ मिनेटसम्म चलेको यस खेलमा अनाहतले हार बेहोर्नुपऱ्यो।

सिवासंगरीविरुद्ध व्यावसायिक स्क्वास सङ्घ (पीएसए) भ्रमणमा अनाहतको यो तेस्रो हार हो। दुवै खेलाड़ीबीच अहिलेसम्म भएका प्रतिस्पर्धामा भने यो उनको चौथो हार हो। हालै सम्पन्न सन् २०२६ को एसियाली खेलकुदको महिला एकल फाइनलमा पनि अनाहत सिवासंगरीसँग पराजित भएकी थिइन्। त्यसपछि उनले रजत पदकमै चित्त बुझाउनुपरेको थियो।

यसअघि विश्व वरीयतामा १५औँ स्थानमा रहेकी अनाहतले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेकी थिइन्। उनले आठ पटककी विश्व च्याम्पियन तथा शीर्ष वरीयताप्राप्त इजिप्टकी नूर अल शेरबिनीलाई सोझो खेलमा पराजित गर्दै क्वार्टरफाइनलमा स्थान बनाएकी थिइन्। त्यसपछि उनले छैटौँ वरीयताप्राप्त इजिप्टकी सलमा हानीलाई पाँच खेलसम्म चलेको रोमाञ्चक प्रतिस्पर्धामा हराउँदै पहिलो पटक पीएसएको स्वर्णस्तरीय प्रतियोगिताको सेमिफाइनलमा पुग्ने उपलब्धि हासिल गरेकी थिइन्।

नेपाल-भारत पर्यटन साझेदारीलाई बढावा दिन 'क्रस बोर्डर टुरिजम कनेक्ट २०२६'

काठमाडौँ, २४ अक्टोबर (हिस): नेपाल र भारतबीच पर्यटन साझेदारीलाई सुदृढ़ बनाउने उद्देश्यले आगामी अक्टोबर २६ देखि २८ सम्म 'नेपाल-भारत सीमापार पर्यटन सम्पर्क २०२६' कार्यक्रम आयोजना गरिने भएको छ। गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को अन्तरराष्ट्रिय समन्वय परिषद् (आईसीसी) र समृद्ध चितवन अभियानको संयुक्त आयोजनामा उक्त कार्यक्रम हुन लागेको हो। कार्यक्रमका संयोजक तथा एनआरएनए आईसीसीका प्रवक्ता सोमनाथ सापकोटाका अनुसार नेपाल-भारत पर्यटन साझेदारी विस्तार गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गर्न लागिएको हो। कार्यक्रमको नारा 'सीमाहरू जोड्दै, मित्रता बढाउँदै पर्यटन प्रवर्द्धन गरौँ' रहेको छ। सापकोटाले भारतीय पर्यटन बजारमा नेपालको प्रभावकारी प्रचारप्रसार गर्नु, नेपाली तथा भारतीय पर्यटन व्यवसायीबीच प्रत्यक्ष व्यावसायिक सम्बन्ध स्थापित गर्नु र नेपालका पर्यटन गन्तव्यलाई अन्तर्राष्ट्रिय पर्यटन सञ्जालसँग जोड्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको बताए। उनका अनुसार, भारतीय पर्यटकलाई नेपालका धार्मिक, आध्यात्मिक, सांस्कृतिक, प्राकृतिक, वन्यजन्तु तथा साहसिक पर्यटन गन्तव्यसँग जोड़ेर देशको पर्यटन क्षेत्रमा ठूलो सम्भावना सिर्जना गर्न सकिन्छ। नेपालमा पर्यटन प्रवर्द्धन गर्न प्रचार सामग्री वितरण गर्नु मात्रै पर्याप्त नहुने बताउँदै उनले भारतीय पर्यटन व्यवसायीलाई नेपालका पर्यटन गन्तव्यको प्रत्यक्ष भ्रमण गराउने, होटल तथा रिसोर्ट सञ्चालकसँग भेटघाट गराउने, उपलब्ध सेवा तथा सुविधावारे जानकारी दिने र व्यावसायिक साझेदारीका लागि आधार तयार गर्नु आवश्यक रहेको बताए। कार्यक्रममा भारतका विभिन्न सहरबाट २१ जना पर्यटन व्यवसायी तथा प्रतिनिधिले सहभागिता जनाउनेछन्। उनीहरूले नेपाली पर्यटन व्यवसायी, होटल तथा रिसोर्ट सञ्चालक र स्थानीय पर्यटन क्षेत्रका सरोकारवालासँग प्रत्यक्ष भेटघाट तथा व्यावसायिक छलफल गर्नेछन्।

सोमहाङ लिम्बू स्मृति खुल्ला फुटसल...

आयोजक समितिका अनुसार प्रतियोगिताका विजेता टोलीलाई नगद ५० हजार रुपियाँसहित आकर्षक ट्रफी प्रदान गरिनेछ भने उपविजेता टोलीले नगद ३० हजार रुपियाँसहित ट्रफी प्राप्त गर्नेछ। प्रतियोगितामा सहभागी खेलाड़ीहरूको मनोबल बढ़ाउन तथा खेलकुदप्रति युवाहरूको रुचि अभिवृद्धि गर्न पुरस्कारको व्यवस्था गरिएको हो। खेलकुद प्रतियोगिता मनोरञ्जनको माध्यम मात्र नभई समाजमा अनुशासन, सहकार्य र स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्ने महत्त्वपूर्ण आधार पनि हो भनी यसरी चाड़पर्वको अवसरमा खेल खेलाइएको बताइएको छ।

विशेष गरी फुटसलजस्ता खेलले युवाहरूलाई शारीरिक रूपमा सक्रिय राख्नुका साथै सामूहिक रूपमा लक्ष्य हासिल गर्न सिकाउने भएकोले १० दिने लामो यसै खेल प्रतियोगिता आयोजन गरी स्थानीय युवालाई अवसर प्रदान गरेको फुटसल आयोजक समितिले बताइएको छ।

विधायक नोमान राईद्वारा पीड़ितहरूलाई ...

दार्जीलिङ सदर थाना पुगेर अनुसन्धानमा संलग्न पुलिस अधिकारीहरूसँग भेट गरे। उनले मुद्दाको अनुसन्धानको प्रगतिबारे जानकारी लिए, घटनाको निष्पक्ष तथा विस्तृत अनुसन्धान गर्न पुलिसलाई निर्देशन दिनुका साथै दोषीमाथि कड़ा कानुनी कारबाही गर्न माग गरे। अस्पताल र पुलिस थानाको भ्रमणपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै विधायक नोमान राईले नर्सहरूमाथि भएको आक्रमणको कड़ा निन्दा गरे। उनले पीड़ित नर्सहरूलाई न्याय दिलाउन आफू प्रतिबद्ध रहेको बताए। सरकारी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूको सुरक्षा र मर्यादाको कुनै पनि हालतमा रक्षा गरिनुपर्नेमा उनले जोड़ दिए।

अस्पतालको सुरक्षा व्यवस्थामा भएको सम्भावित कमजोरीबारे प्रश्न उठिरहेको बेला स्थानीय प्रशासन र पुलिस अधिकारीहरूले यस्ता घटना दोहोरिन नदिन तत्काल सुरक्षा उपाय अपनाइने आश्वासन दिएका छन्। घटनाको अनुसन्धान जारी रहेको छ।

शमसेर अलिको कथासङ्ग्रह 'अबुई'...

स्थानीय जनविश्वास, इतिहास, सामाजिक स्मृति, पारिवारिक प्रसङ्ग तथा लेखकले सुनेका र भोगेका जीवनका विविध अनुभवसँग पनि परिचित गराउँछन्। विशेषगरी मोर्भिन हाउसलाई केन्द्र बनाएर प्रस्तुत गरिएका रहस्यमय प्रसङ्गहरूले कालेबुङको एउटा छुट्टै वातावरण र कथात्मक संसार निर्माण गरेका छन्।

भूत-प्रेत र आत्मासम्बन्धी घटनाहरूलाई पाठकले आस्था, लोकविश्वास वा केवल कल्पनाका रूपमा कसरी लिन्छ भन्ने कुरा व्यक्तिगत दृष्टिकोणमा निर्भर रहन्छ। तर साहित्यको दृष्टिले हेर्दा यस्ता रहस्यमय विषयले मानिसभित्र रहेको जिज्ञासा, भय र कौतुहललाई जगाउने सामर्थ्य राख्छन्। 'अबुई'को विशेषता पनि यही रहस्य र कौतुहललाई कालेबुङको स्थानीय परिवेश, इतिहास र सामाजिक स्मृतिसँग जोड़ेर कथाको रूप दिनुमा देखिन्छ। त्यसैले यो कथासङ्ग्रह रहस्यमय कथाहरू पढ्न रुचाउने पाठकका लागि मात्र नभई कालेबुङको परिवेश, लोकविश्वास र स्थानीय इतिहाससँग जोड़िएका कथात्मक प्रसङ्गहरूमा रुचि राख्ने पाठकका लागि समेत रोचक पाठ्य सामग्री बन्न सक्छ।

कवि भानु अधिकारीकृत 'अतीतदेखि वर्तमानसम्म'...

६/

बङ्गालबाट छुट्टिनै पर्ने अबको निर्णय
जनता जागे माटोको निम्ति बनेर निर्भय। (०२)

पृष्ठ सङ्ख्या-१०५

७/

शताब्दी बित्यो ओड़ेको छाता भारतवर्षको
गोर्खाको तर आएन दिन सुख र हर्षको। (४१)

पृष्ठ सङ्ख्या-११८

अब रहल कविताहरू पाठकले नै पढून्।

भानु अधिकारीकृत यो कृति साधारण कवितासङ्ग्रह मात्र होइन तर यो अमूल्य कृतिले झण्डै तीन सय वर्षअघिदेखि वर्तमानसम्मको दार्जीलिङ, तराई र डुवर्ससँगै सिक्किम तथा भुटानसँग सम्बन्धित गोर्खाको इतिहास, कथा, व्यथा र सङ्घर्षलाई समेटेको दस्तावेजहरूको सङ्ग्रहालय हो। भारतमा अङ्ग्रेजहरूको प्रवेश, सिक्किम-भुटान युद्ध, सन् १८१५ पूर्वकालमा पहाड़मा जनताको आबादी, नेपाल-कम्पनी युद्ध, सुगौली सन्धि, चिया खेतीको शुरुआत, ब्रिटिसराज, पहाड़मा सिन्कोनाको खेती, कालेबुङ अङ्ग्रेजको हातमा पुग्नु, दार्जीलिङ हिमालय रेलवे, नेभोला हुँदै गोर्खा लिगसम्मको राजनीतिक यात्रा, भाषा आन्दोलन, सुवास घिसिङको उदय, गोरामुमोको गठन, गोर्खाल्याण्ड आन्दोलन, दागोपापदेखि जीटीएसम्मको यात्रा तथा जनजातिको मुद्दाजस्ता अनेक ऐतिहासिक प्रसङ्गहरू यसमा समेटिएका छन्।

यति लामो कालखण्डका विविध ऐतिहासिक घटना, सामाजिक अवस्था, राजनीतिक उतारचढ़ाव र सामुदायिक अनुभूतिलाई अध्ययन गरी तथ्यपरक सामग्री सङ्कलन गर्नु र त्यसलाई झ्याउरे छन्दको लयमा प्रस्तुत गर्नु चानचुने कुरा होइन। इतिहासका तथ्यलाई काव्यमा रूपान्तरण गर्नु आफैँमा चुनौतीपूर्ण कार्य हो। भानु अधिकारीले यस चुनौतीलाई स्वीकार गर्दै गोर्खाली समाजको लामो ऐतिहासिक यात्रालाई सरल, लयात्मक र जनमुखी भाषामा प्रस्तुत गरेका छन्।

इतिहासका गम्भीर विषयलाई लोकलयसँग जोड़ेर प्रस्तुत गरिएकाले कृति पढ्दा त्यसको लयात्मक स्वाद पनि अनुभूत हुन्छ। जनजिब्रोमा सहजै बस्न सक्ने भाषा र लयका कारण कृतिले पाठकको मनसँग प्रत्यक्ष समंवाद गर्न सक्ने सामर्थ्य राख्छ।

अहिलेसम्म भानु अधिकारीद्वारा प्रकाशित कृतिहरू यस प्रकार रहेका छन्- 'पवित्र हृदय पल्ली, पेदोङ' (अनुवाद, २०१८), 'अङ्ग्रेजीको ललिपप' (निबन्धसङ्ग्रह, २०१९), 'कविता मञ्जरी' (छन्दोबद्ध कवितासङ्ग्रह, २०२१), 'बामपुड्के कविताहरू' (हाइकुसङ्ग्रह, २०२१) र 'अतीतदेखि वर्तमानसम्म' (इतिहासपरक काव्य)।

भानु अधिकारीका प्रकाशित कृतिहरूको यात्रालाई हेर्दा साहित्यका विभिन्न विधामा उनको निरन्तर सक्रियता देखिन्छ। पछिल्लो कृति 'अतीतदेखि वर्तमानसम्म' जो उनको सिर्जनात्मक यात्रामा विषयगत र संरचनागत दृष्टिले विशेष महत्त्व राख्ने कृति बनेको छ। यो विगतका घटनाहरूलाई पद्यमा उतारिएको इतिहास, समाज, भूगोल, राजनीति, संस्कृति र गोर्खाली अस्तित्वसँग गाँसिएको सामूहिक स्मृतिको काव्यिक अभिलेख हो।

इतिहासका पानामा छरिएर रहेका घटना, पीड़ा, सङ्घर्ष र उपलब्धिहरूलाई झ्याउरे छन्दको सरल, लयात्मक र जनमुखी भाषामा प्रस्तुत गर्नु यस कृतिको विशिष्टता हो। भारतमा गोर्खाको उपस्थिति तथा ईतिहासको लामो कालखण्डलाई छन्दमा बाँधेर वर्तमान पुस्तासामु राखिएको यो कृति विगत बुझ्ने एउटा माध्यम मात्र नभई भावी पुस्तालाई आफ्नो इतिहासतर्फ फर्केर हेर्न प्रेरित गर्ने दस्तावेजका रूपमा पनि महत्त्वपूर्ण मान्न सकिन्छ।

त्यसैले 'अतीतदेखि वर्तमानसम्म' पढ्नु भनेको आफ्नै इतिहास, पहिचान, भूगोल, पीड़ा, सङ्घर्ष र सामूहिक स्मृतिसँग साक्षात्कार गर्नु पनि हो। यही अर्थमा म यस कृतिलाई गोर्खाको ऐतिहासिक दस्तावेजका रूपमा हेर्छु।

अरुणाचलका मुख्यमन्त्री खाण्डु र फुटबल आइकन भाइचुङ भोटियामाझ फुटबलको भविष्य, विकास र सम्भावनाबारे चर्चा

गान्तोक, २४ अक्टोबरः अरुणाचल प्रदेशका मुख्यमन्त्री पेमा खाण्डुले भारतीय फुटबलका चर्चित पूर्वकप्तान तथा फुटबल आइकन भाइचुङ भोटियासँग भेट गरी राज्यमा फुटबलको भविष्य र विकासका सम्भावनाबारे चर्चा गरेका छन्। भेटको क्रममा फुटबल खेलको प्रवर्द्धन, युवा खेलाड़ीहरूलाई अवसर प्रदान गर्ने तथा राज्यमा फुटबलको विकासलाई थप गति दिने विषयमा कुराकानी भएको जनाइएको छ। फुटबलमा युवाहरूको बढ्दो रुचिलाई ध्यानमा राख्दै खेलकुदको पूर्वाधार विकास र प्रतिभाशाली खेलाड़ीहरूलाई उचित मञ्च उपलब्ध गराउनु महत्त्वपूर्ण मानिन्छ।

अरुणाचल प्रदेशका मुख्यमन्त्री पेमा खाण्डुले पनि राज्यमा फुटबलको विकासका लागि निरन्तर पहल गर्दै आएका छन्। यसअघि राज्यमा ग्रासरुट फुटबल, प्रशिक्षण सुविधा तथा खेल पूर्वाधार विकासका विषयमा विभिन्न पहलहरू भएका छन्। भाइचुङ भोटिया भारतीय फुटबलका प्रतिष्ठित खेलाड़ी हुन्। सिक्किममा जन्मिएका उनले भारतीय राष्ट्रिय फुटबल टोलीको कप्तानका रूपमा समेत जिम्मेवारी निर्वाह गरेका थिए। उनको अनुभवले पूर्वोत्तर भारतमा फुटबलको विकाससम्बन्धी चर्चालाई थप महत्त्व दिएको छ।

मुख्यमन्त्री पेमा खाण्डु र भाइचुङ भोटियाबीचको यस भेटलाई अरुणाचल प्रदेशमा फुटबलको भविष्य, युवा प्रतिभाको पहिचान र खेलको प्रवर्द्धनका सम्भावनाबारे विचार आदान-प्रदानका रूपमा हेरिएको छ।

तामसाङमा आगलागी हुँदा सञ्जी तामाङको घर पूर्ण रूपमा नष्ट

दार्जीलिङ, २४ अक्टोबर (हि.स.)ः जोरबङ्ग्लो-सुकियापोखरी खण्डअन्तर्गत परमागढ़ी तामसाङ ग्राम पञ्चायतको तामसाङ गोदामधुरा निवासी सञ्जी तामाङको घरमा शुक्रवार राति अचानक आगलागी हुँदा घर पूर्ण रूपमा जलेर नष्ट भएको छ। आगलागीमा घरभित्र रहेका सम्पूर्ण सरसामान समेत जलेर नष्ट भएको स्थानीयवासीले बताएका छन्।

प्राप्त जानकारीअनुसार, आगलागीको खबर पाएलगत्तै गाउँलेहरू घटनास्थलमा भेला भई आगो अन्यत्र फैलिन नदिन प्रयासमा जुटेका थिए। यसैबीच, बिजनबारी अग्निशमन विभागको टोली घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिन सफल भएको थियो। अग्निशमन टोलीले घटनासम्बन्धी विस्तृत प्रतिवेदनसमेत तयार पारेको बताइएको छ।

घरमा परिवारका सदस्यहरूसँगै तामसाङ डाक विभागको कार्यालयमा कार्यरत एक कर्मचारी पनि बस्दै आएकी थिइन्। आगलागीका कारण परिवारका सदस्यहरूको व्यक्तिगत सरसामानका साथै डाक विभागकी कर्मचारीका सरसामान र विभागीय कागजपत्र समेत जलेर नष्ट भएका छन्।

मुख्यमन्त्री गोलेले लिए केरलमा सद्याको स्वाद

गान्तोक, २४ अक्टोबर (हि.स.)ः मुख्यमन्त्री पीएस गोलेले केरलमा परम्परागत भोजनको अनुभव साझा गरेका छन्। उनी नवनियुक्त राज्यपाल ओमप्रकाश माथुरको शपथ ग्रहण समारोहमा भाग लिन केरल गएका छन्। राज्यपाल माथुर सिक्किमका पूर्व राज्यपाल हुन्।

मुख्यमन्त्री गोलेले हिजो सामाजिक सञ्जालमार्फत लेखेका छन्, ''परम्परागत केरला सद्याको स्वाद लिनु एक सुखद अनुभव रह्यो। यो स्वादिष्ट भोजले केरलको समृद्ध पाक सम्पदा, जीवन्त संस्कृति र न्यानो आतिथ्यलाई सुन्दर ढङ्गले प्रतिबिम्बित गर्दछ।''

केरल सद्या केराको पातमा पस्किने परम्परागत भोजन हो। यो राज्यका विविध स्वाद, पुराना रीतिरिवाज तथा पाक परम्पराहरूको अद्भुत उत्सव हो। केरलाको यो प्रामाणिक स्वादको आनन्द लिनु र राज्यलाई विशिष्ट बनाउने सांस्कृतिक समृद्धिको सराहना गर्नु वास्तवमै अविस्मरणीय अनुभव रह्यो।

दशैँ बिदामा डीएचआरको टोय ट्रेनमा १२ हजार पर्यटकले गरे यात्रा

दार्जीलिङ, २४ अक्टोबरः दुर्गापूजा अर्थात् दशैँको बिदामा दार्जीलिङ हिमालयन रेलवे (डीएचआर)-को टोय ट्रेन पर्यटकहरूको प्रमुख आकर्षण बनेको छ। रेलवे अधिकारीहरूका अनुसार, १ देख २१ अक्टोबरसम्म २१ दिनको अवधिमा १२ हजार पर्यटकले यात्रा गरेका छन्। यस अवधिमा टोय ट्रेन सेवाबाट १ करोड़ ४१ लाख २३ हजार १०० रुपियाँ राजस्व सङ्कलन भएको छ।

युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत डीएचआरको ऐतिहासिक टोय ट्रेनले पहाड़को प्राकृतिक सौन्दर्य र परम्परागत रेल यात्राको अनुभव प्रदान गर्दै स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्दै आएको छ। चाड़पर्वको मौसममा यात्रु सङ्ख्या र राजस्वमा देखिएको यो वृद्धिले दार्जीलिङको पर्यटन प्रवर्द्धनमा टोय ट्रेनको महत्त्वपूर्ण भूमिका उजागर गरेको छ।

जियोको आईपीओमा ७.४० लाख करोड रुपियाँ बराबरको बोली; आवेदनको मामिलामा बन्यो विश्व कीर्तिमान

- ✻ १३.८ मिलियनभन्दा अधिक आवेदन; आईपीओमा २२ गुणाभन्दा अधिक सब्सक्राइब भयो
- ✻ संस्थागत निवेशकहरूको भारी मागका कारण क्यूआईबी सब्सक्रिप्शन ७० गुणाभन्दा अधिक
- ✻ खुद्रा निवेशकहरूले २.७२ गुणा अधिक शेयरका लागि लगाए बोली

मुम्बई, २४ अक्टोबरः भारतको सबैभन्दा ठूलो आईपीओ एक ऐतिहासिक स्तरमा बन्द भएको छ। एङ्कर निवेशकहरूको मागसहित यसमा कुल ७.४० लाख करोड रुपियाँ बराबरको बोली आएको छ। जियो प्लेटफर्म्सको ३०,२१३ करोड़ रुपियाँको यो पब्लिक इश्यूले निवेशकहरूको आवेदनको मामिलामा एक विश्व कीर्तिमान कायम गरेको छ। तीन दिनको अवधिमा १३.८ मिलियनभन्दा अधिक आवेदन प्राप्त भएका छन्, जुन विश्वभरका आईपीओहरूमध्ये हालसम्मकै सर्वाधिक सङ्ख्या हो। शुक्रवार साँझ ७ बजी बोली प्रक्रिया बन्द हुँदासम्म यो आईपीओ २२ गुणाभन्दा अधिकले सब्सक्राइब भएको थियो। यस कुल मागमा नन-एङ्करतर्फ करिब ४.९० लाख करोड रुपियाँ र एङ्करतर्फ २.५० लाख करोड़ रुपियाँ बराबरको माग सामेल छ।

खुद्रा निवेशकहरूले पनि जियोको आईपीओमा निकै उत्साह देखाएका छन्। खुद्रा निवेशकहरूका लागि छुट्याइएको करिब ८.५ करोड़ शेयरको तुलनामा २३ करोड़ शेयरभन्दा अधिकका लागि आवेदन परेको छ, जसले गर्दा यस समूहमा माग २.७२ गुणा पुगेको छ। अब मुख्य प्रश्न के छ भने कति निवेशकले शेयर प्राप्त गर्नेछन्। यद्यपि, केवल सब्सक्रिप्शनको गुणाङ्कले मात्र निवेशकले शेयर पाउने सम्भावना निर्धारण गर्दैन। शेयर बाँड़फाँड़ भने वैध आवेदनहरू, न्यूनतम लट आकार र लागू हुने बाँड़फाँड़ प्रक्रियामा निर्भर रहनेछ।

मागको नेतृत्व संस्थागत निवेशकहरूले गरेका छन्, जसमा क्वालिफाइड इन्स्टिट्यूशनल बायर (क्यूआईबी) समूहमा ७०.५५ गुणा अधिक माग परेको छ। नन-इन्स्टिट्युशनल इन्भेस्टर्स' (एनआईआई) समूहमा १४ गुणा माग परेको छ भने रिलायन्स इण्डस्ट्रिजका योग्य शेयरधनीहरूका लागि छुट्याइएको हिस्सामा ७.६० गुणा माग परेको छ। कर्मचारीहरूका लागि छुट्याइएको हिस्सामा २.९३ गुणा माग परेको छ। सार्वजनिक गरिएको तालिका अनुसार, २६ अक्टोबरमा शेयर बाँड़फाँड़ हुनेछ र त्यसपछि २७ अक्टोबरमा डिम्याट खाताहरूमा शेयर जम्मा गरिनेछ। जियो प्लेटफर्म्स २८ अक्टोबरमा बीएसई र एनएसईमा सूचीकृत हुने तय भएको छ।

यसअघि आईपीओ आवेदनको कीर्तिमान वारी इनर्जीजको नाममा थियो, जसलाई अक्टोबर २०२४ मा ९.७३ मिलियन आवेदन प्राप्त भएका थिए। जियोले उक्त सङ्ख्यालाई करिब ४२ प्रतिशतले उछिनेको छ। पहिलो दिन नै यस आईपीओमा करिब ३०,५ (३.०५ मिलियन) आवेदन परेका थिए भने दोस्रो दिनको अन्त्यसम्ममा यो सङ्ख्या ७५ लाख (७.५ मिलियन) नाघेको थियो। अन्तिम दिन निवेशकहरूको सहभागिता अझ तीव्र भयो।

शुक्रवार, २३ अक्टोबरमा यस आईपीओ बन्द हुने ऐतिहासिक दिन जियो प्लेटफर्म्सका प्रबन्ध निर्देशक आकाश अम्बानीको जन्मदिनसँग पनि संयोगवश जुध्न पुग्यो।

उत्तर प्रदेशका सबै ४०३ सिटमा इण्डिया गठबन्धनले चुनाउ लड्नेछः आराधना मिश्रा

प्रतापगढ़, २४ अक्टोबर (हि.स.)। उत्तर प्रदेश कङ्ग्रेस समितिको प्रदेश अध्यक्ष नियुक्त भएपछि आराधना मिश्रा मोना शनिबार पहिलोपटक आफ्नो गृह जिल्ला प्रतापगढ़ पुगेकी छन्। उनी कङ्ग्रेसका वरिष्ठ नेता तथा राज्यसभा सांसद एवं विपक्षी दलका उपनेता प्रमोद तिवारीसँगै त्यहाँ पुगेकी हुन्। आफ्नो विधानसभा क्षेत्र रामपुर खास पुग्नेबित्तिकै जिल्ला अध्यक्ष नीरज त्रिपाठीको नेतृत्वमा कङ्ग्रेस कार्यकर्ताहरूले उनको स्वागत गरे। कङ्ग्रेसको प्रदेश अध्यक्ष बनेपछि प्रतापगढ़ आगमनलाई लिएर कङ्ग्रेस कार्यकर्ता तथा स्थानीय नेताहरूमा ठूलो उत्साह देखिएको छ। आराधना मिश्रा 'मोना' राज्यसभामा विपक्षी दलका उपनेता प्रमोद तिवारीसँगै रायबरेली-प्रतापगढ़ सीमास्थित अगई मोड पुगिन्। सीमादेखि लालगञ्जसम्म उनको स्वागतका लागि विभिन्न स्थानमा स्वागतद्वार र ब्यानरहरू लगाइएका थिए। कङ्ग्रेस कार्यकर्ताहरूले ठाउँठाउँमा ढोल र नगाड़ा बजाएर स्वागत गरे। यसै क्रममा लालगञ्ज चोकमा आयोजित जनसभालाई सम्बोधन गर्दै प्रदेश अध्यक्ष आराधना मिश्राले उत्तर प्रदेशमा विधानसभा चुनाउपछि इण्डिया गठबन्धनको सरकार बन्ने बताइन्। गठबन्धनले उत्तर प्रदेशका सबै ४०३ विधानसभा सिटमा आफ्ना उम्मेदवार उठाउने उनले स्पष्ट पारिन्। उनले भनिन्, ''दल जुनसुकै भए पनि उम्मेदवार गठबन्धनकै हुनेछ।''

उत्तर प्रदेशका जनता झूटा वाचाबाट असन्तुष्ट रहेको उल्लेख गर्दै उनले आगामी चुनाउमा जनताले भारतीय जनता पार्टीसँग सबै हिसाबकिताब गर्ने बताइन्।

प्रदेश कङ्ग्रेस अध्यक्ष मिश्राले आफू र आफ्ना पिता रामपुर खासको विकासका लागि सधैँ सरकारसँग सङ्घर्ष गर्दै आएको र विकासका योजनाहरू यस क्षेत्रमा कार्यान्वयन गराउँदै आएको बताइन्। उनले कङ्ग्रेसकी वरिष्ठ नेतृ सोनिया गान्धी, लोकसभामा विपक्षी दलका नेता राहुल गान्धी, प्रियङ्का गान्धी तथा कङ्ग्रेसका राष्ट्रिय अध्यक्ष मल्लिकार्जुन खड्गेलाई आफूलाई जिम्मेवारी दिएकोमा आभार व्यक्त गरिन्। आफूलाई सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने प्रयास गर्ने उनले बताइन्।

कङ्ग्रेसका वरिष्ठ नेता प्रमोद तिवारीले जनसभालाई सम्बोधन गर्दै उत्तर प्रदेशका ४०३ विधानसभा सिटमध्ये इण्डिया गठबन्धनले ३५० भन्दा अधिक सिट जित्ने दाबी गरे। राहुल गान्धी अहिले देशभरिका जनताका नेता बनेको र यसबाट भारतीय जनता पार्टीको सरकार भयभीत भएको उनले बताए।

मोना मिश्रामाथि प्रदेश अध्यक्षको ठूलो जिम्मेवारी आएको उल्लेख गर्दै तिवारीले चिनी, डिजेल, पेट्रोल र ग्यासको मूल्य बढ़ाउने भाजपा सरकारका नेताहरू बोल्ने एउटा र गर्ने अर्को काम गर्ने गरेको आरोप लगाए। भाजपाले मत चोरी गरिरहेको आरोप लगाउँदै उनले यसपटक जनताले मत चोरी हुन नदिने बताए। विधानसभा चुनाउपछि इण्डिया गठबन्धनको सरकार बन्ने उनको दाबी थियो।

उत्तराखण्डमा पहाड़ी सड़क निर्माणको काम तीव्र बनाइने, दुवै चरणका कार्य एकैसाथ स्वीकृत हुने

देहरादून, २४ अक्टोबर (हि.स.)ः उत्तराखण्डमा पहाड़ी सड़क निर्माणलाई गति दिन लोक निर्माण विभागले दोस्रो चरणका कार्यलाई प्राथमिकता दिने नयाँ व्यवस्था शुरु गरेको छ। यसअन्तर्गत सड़क निर्माणको पहिलो चरणमा पहाड़ कटानसँगै दोस्रो चरणमा पर्खाल, पुल तथा अन्य आवश्यक संरचना निर्माणका कार्यलाई पनि स्वीकृति दिइनेछ।

प्रदेशका लोक निर्माणमन्त्री सतपाल महाराजले शनिवार यसबारे जानकारी दिँदै पहिले पहाड़ कटानको काम पूरा भएपछि दोस्रो चरणका कार्यको स्वीकृति पनि नयाँ सड़क निर्माणमा जस्तै विधायकहरूको प्राथमिकतामा निर्भर रहने गरेको बताए। यसका कारण धेरै सड़क वर्षौंसम्म अधुरा रहने गरेका थिए। उनले नाली, पुल, सुरक्षा पर्खाल, भिरालो जमिनको संरक्षण तथा सड़कको सतह निर्माण नहुँदा वर्षायाममा यस्ता सड़कमा यातायात अवरुद्ध हुने गरेको बताए। यसबाट स्थानीय बासिन्दाले विभिन्न कठिनाइ भोग्नुपरेको थियो। सतपाल महाराजका अनुसार नयाँ व्यवस्थाअन्तर्गत पहिलो चरणमा पहाड़ कटान तथा माटो र ढुङ्गा व्यवस्थापनका लागि निर्धारित स्थान (डम्पिङ जोन) सम्बन्धी कार्य र दोस्रो चरणमा पर्खाल, पुललगायत अन्य आवश्यक निर्माण कार्यलाई एकैसाथ स्वीकृति दिइनेछ। उनले यसबाट सड़क सुरक्षा सुधार गर्न, पैह्रो तथा वर्षाका कारण हुने क्षति कम गर्न र पटकपटक मरम्मत तथा पुनर्निर्माणमा हुने खर्च घटाउन मद्दत पुग्ने बताए। साथै, यसले सरकारी लगानीको प्रभावकारी उपयोग गर्न र पहाड़ी क्षेत्रमा वर्षभरि सड़क सम्पर्क कायम राख्न सहयोग गर्नेछ।

लोक निर्माणमन्त्रीले पहाड़ी क्षेत्रमा सड़क सम्पर्क सुदृढ़ बनाउनु, स्रोतसाधनको विवेकपूर्ण उपयोग गर्नु र जनतालाई सुरक्षित सड़क सुविधा उपलब्ध गराउनु राज्य सरकारको उद्देश्य रहेको बताए।

सुन्दरवनको समग्र विकास र गङ्गासागर मेलालाई अन्तरराष्ट्रिय पहिचान दिलाउने मुख्यमन्त्रीको घोषणा

काकद्वीप, २४ अक्टोबर (हि.स.)ः पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले सुन्दरवनको समग्र विकास गर्ने र गङ्गासागर मेलालाई अन्तरराष्ट्रिय स्तरमा विकास गर्ने घोषणा गरेका छन्। यससँगै उनले काकद्वीपलाई छुट्टै जिल्ला बनाउने आश्वासन पनि दिएका छन्।

शनिवार काकद्वीपमा आयोजित सभालाई सम्बोधन गर्दै मुख्यमन्त्रीले सुन्दरवनको विकासका लागि विभिन्न योजनाबारे जानकारी दिए। उनले मुडिगङ्गा नदीमाथि निर्माण भइरहेको पुलको काम पूरा गरी २०२९ मा उद्घाटन गर्ने लक्ष्य घोषणा गरे।

मुख्यमन्त्रीले आफ्नो सरकारले सुन्दरवनलाई विकासको मूलधारमा ल्याउन चाहेको बताए। सुन्दरवन विकास विभागका सेवाहरू दुर्गम क्षेत्रसम्म पुऱ्याउनुका साथै आगामी केही महिनाभित्र व्यापक विकास कार्य सञ्चालन गरिने उनले जानकारी दिए। उनले अघिल्लो सरकारले विकासका लागि विनियोजित रकमको उचित उपयोग नगरेको र व्यापक भ्रष्टाचार भएको आरोप पनि लगाए।

मुडिगङ्गा नदीमाथि निर्माण भइरहेको पुलबारे बोल्दै उनले २०२९ मा यसको उद्घाटन गरिने बताए। अघिल्लो सरकारले पुल निर्माणको वाचा गरे पनि जमिन अधिग्रहण र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्नेजस्ता आवश्यक काम नगरेको उनले आरोप लगाए। मुख्यमन्त्रीले जिल्लामा ४ लाख ८१ हजार २४२ नयाँ घर निर्माण गर्ने घोषणा गरे। आवास योजनामा कथित भ्रष्टाचार भएको आरोप लगाउँदै उनले यसअघि गोठलाई घर देखाएरसमेत घर निर्माणका लागि रकम लिइएको दाबी गरे। स्वास्थ्य सेवाबारे उनले क्षेत्रका बासिन्दालाई आयुष्मान भारत र मुख्यमन्त्री स्वास्थ्य बिमा योजनाको दायरामा ल्याउने बताए। काकद्वीपका शरणार्थी परिवारलाई नागरिकता संशोधन ऐन (सीएए) अन्तर्गतका प्रमाणपत्र चाँडै उपलब्ध गराउन महकुमा शासकलाई निर्देशन दिने जानकारी पनि उनले दिए। लागुऔषध तस्करी र अवैध बिक्री रोक्न प्रशासनलाई सतर्क रहन निर्देशन दिँदै उनले छोरीहरूको विवाह १८ वर्षको उमेर पूरा हुनुअघि नगर्न जनसमुदायलाई आग्रह गरे।

मुख्यमन्त्रीले अम्फान चक्रवातको राहत कोषमा कथित अनियमितता तथा २०२१ को विधानसभा निर्वाचनपछि भएका हिंसासम्बन्धी उजुरी दर्ता गराउन पनि सर्वसाधारणलाई अघि आउन अपिल गरे। काकद्वीपको सूर्यनगरमा माँ कालीको मूर्तिलाई प्रहरीको बन्दीवाहनमा लगिएको विषयमा पनि उनले आफ्नो धारणा राखे। उनले आगामी १० जनवरीमा गङ्गासागर मेला उद्घाटन गर्न आउने जानकारी दिए। मेलालाई अन्तरराष्ट्रिय स्तरमा विकास गर्ने र सुन्दरवनलाई विकासको आदर्श नमुना बनाउने आश्वासन दिँदै उनले काकद्वीपलाई छुट्टै जिल्ला बनाउने योजनाबारे पनि उल्लेख गरे।

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक-737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक-737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादक: राजेन्द्र प्रधान, सम्पादक: श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्स: 231265। ईमेल: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386